# योङ्ग स्कलर समिट–नेशन फस्ट
# युवा ज्ञान संगम–राष्ट्र प्रथम




नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)

NeNAP
Neeti Anusandhan Pratishthan, Nepal

Kumarigal, Kathmandu, Nepal
9847386571, 9847364187
nenapinresearch@gmail.com

9789937167239

# योङ्ग स्कलर समिट-नेशन फस्ट
# युवा ज्ञान संगम-राष्ट्र प्रथम

गोकर्ण फोरेस्ट रिसोर्ट
काठमाडौं, नेपाल

**आयोजक**
**नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)**

# योङ्ग स्कलर समिट-नेशन फस्ट
# युवा ज्ञान संगम-राष्ट्र प्रथम

सम्पादक

डा. प्रेमराज न्यौपाने

| | |
|---|---|
| पुस्तक | : योङ्ग स्कलर समिट-नेशन फस्ट |
| प्रकाशक | : नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप), काठमाडौं |
| सर्वाधिकार | : प्रकाशकमा |
| सम्पादक | : डा. प्रेमराज न्यौपाने |
| लेआउट | : सन्तोष आचार्य |
| कम्प्युटर टाइप | : राजश्री मिश्र, मोहन श्रेष्ठ |
| संस्करण | : प्रथम |
| प्रकाशन वर्ष | : २०८१ |
| प्रति | : १००० प्रति |
| मुद्रण | : नेपाल प्रिन्टिङ्ग सपोर्ट, अनामनगर, काठमाडौं |

# सम्पादकको मनोभाव

युवा-ज्ञान-संगम-राष्ट्र प्रथम नामकरण गरी नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) ले नेपालका विभिन्न क्षेत्रका युवा विचारकहरूलाई तीन दिनसम्म (वि.सं.२०७४ चैत्र २४ देखि २६ गतेसम्म) एकत्र गरी वैचारिक मन्थन गर्ने महत्वपूर्ण अवसर जुटाएको थियो। युवाहरूका मनमा रहेका समाज, राष्ट्र र समग्र विश्वप्रतिको नवीन  ज्ञान, समझ, सोच एवं दृष्टिकोणलाई साधारण भाषामा प्रकटीकरण गर्नु निकै नै सान्दर्भिक हुनेछ भन्ने थियो र उक्त तथ्यलाई मनन गर्दै काठमाडौंको गोकर्णमा युवा विचार प्रस्फुटनका लागि उपयुक्त वातावरण तयार गरिएको थियो । नेपालमा अधिकांश कार्यक्रमहरूमा विषयविज्ञका विचारहरू सुन्ने र त्यसै प्रस्तुतिका आधारमा आफ्ना गहन विचारहरू प्रकट गर्ने पद्धति अवलम्बन गरिन्छ । हामी पनि त्यस नमूनामा धेरै कार्यक्रमहरू गर्ने गर्दछौं तर यस कार्यक्रममा त्योभन्दा फरक एवं नयाँ नमूनाको अभ्यास गर्ने प्रयास गरिएको थियो ।

त्यस प्रयासको कारणलाई मनन गर्दा विज्ञहरूका विचार, विविधतायुक्त चिन्तन र फरक शैलीका कारणले कतिपय शान्त स्वभावका उदीयमान विचारकहरू आफ्ना खोजहरू प्रस्तुत गर्न असमर्थ हुने गर्दछन् । चिन्तनको परम्परालाई हेर्ने हो भने मानिस अर्न्तमुखी बनेर नै समाजलाई केही प्रदान गर्न सक्षम हुन्छ । हाम्रो ऋषि परम्परा नै यसको प्रमाण हो । एकान्तमा बसेर सर्वप्रिय र सर्वस्पर्शी विवेकको प्रयोग समाजमा गरिने परम्परामा हुर्किएका हामीले आजको युगानुकूल कार्य गर्न सक्नुपर्छ भन्ने आयोजक टोलीको विचारधारा रहेको हुनाले कार्यक्रमलाई स्तरीय र शान्त वातावरणमा प्राकृतिक सुन्दरताको रमणीय स्थानमा आवश्यकता अनुसारको व्यवस्थापन गर्नमा हामी सफल भयौं ।

मुक्त चिन्तनका लागि कार्यक्रमको स्थल र चिन्तन गर्ने नयाँ पद्धतिको अवलम्बन पनि गरियो । कसैले पनि अरूको विचारमा आफ्नो टिप्पणी प्रस्तुत गरी वादविवाद नगर्ने नयाँ प्रक्रियाको प्रारम्भ उक्त कार्यक्रममा गरियो जुन आधुनिक समाजका लागि पनि आदर्श हुनेछ । समाजमा स्थापित विज्ञहरूले व्यक्त गरेका कुराहरूका सारलाई सुन्दै र मनन गर्दै समाजमा स्थापित हुँदै गरेका

नवीन युवा-विचारकहरूको मौलिक विचार व्यक्त गर्न यो कार्यक्रमले एउटा नयाँ प्रयोग सिद्ध गरेको छ।

कार्यक्रममा उपस्थापन गरिएका विषयवस्तुको भिडियो रेकर्डिंगलाई सम्पादन गर्नु चाहिँ फलामे च्यूरा चपाउनु समान भयो। लामो समय लगाएर सुन्ने र तिनलाई लिपिबद्ध गर्ने काम निकै चुनौतीपूर्ण थियो। लगभग दुई वर्ष लगाएर त्यसलाई लिपिबद्ध गरियो र अन्तिममा त्यसबाट महत्वपूर्ण विषयहरूलाई मात्र छानेर यहाँ प्रकाशन योग्य बनाइएको छ।

अडियो क्लिपहरू बारम्बार सुन्दा विषयहरू सबै याद रहने तर एउटै कुरा पटक-पटक सुनिरहँदा यदाकदा दिक्क लाग्ने रहेछ। लामो समयसम्म यस कार्यलाई सम्पादन गर्न लागेका कारण बल्ल यसको अध्ययन गर्न पाइने अवस्था बनेको छ। यसमा विभिन्न प्रकारका विचारहरू छन्। कुनै वक्ताले बोलेको कुरा महत्वपूर्ण नै भए पनि सम्पादन गर्दा यस पुस्तकमा परेको रहेनछ भने त्यसमा आश्चर्य मान्नुपर्ने छैन। सम्पादकको योग्यता र दृष्टिमा खोट लगाएर यसको समाधान खोज्न सकिन्छ।

प्रस्तुत पुस्तकको उपयोग समाजका हरेक व्यक्तिले गर्न सक्नेछन् जसले देशलाई आफ्नो जीवनको सबैभन्दा महत्वपूर्ण विषय ठानेका हुन्छन्। सामाजिक संघ-संस्था, राजनेता, समाज-सेवक, युवा-चिन्तक आदि विभिन्न व्यक्ति र संस्थाहरूले यसमा आएका विषय-वस्तुहरूबाट देशको चिन्तनमा युवाको अवस्था बारे जान्ने अवसर पाउनेछन्। यसका विचारहरू हेरेर देशको लगाम सम्हाल्नेहरूले नीति निर्माण गर्ने हो भने आजको युवाले देशलाई कस्तो बनाउने सपना देख्दैछ र कसरी समाजलाई अनुभव गरिरहेको छ त्यसको प्रतिनिधित्व गर्न सकिनेछ।

अन्त्यमा, समाजको रूपान्तरणका लागि यस्ता कार्यक्रमहरू निरन्तर भइरहनु पर्दछ। यसबाट देश हितमा समाहित हुने मानसिकताको विकास भएको मेरो अनुभव रहेको छ।

**प्रेमराज न्यौपाने, पिएचडी**

# प्रस्तावना एवं कार्यक्रमको परिचय

यस कार्यक्रमको मुख्य शीर्षक **योङ्ग स्कलर समिट–नेशन फस्ट** अर्थात् युवा ज्ञान संगम राष्ट्र प्रथम हो । यो दुई रात र तीन दिनको कार्यक्रम हो । सामान्यतया हामी सम्पूर्ण सहभागी युवा-युवतीहरूको  एक-अर्कासँग राम्ररी परिचय हुनु आवश्यक छ ।

यो कार्यक्रमका हामी सबै आयोजक पनि हौं, हामी सबै सहभागी पनि हौं । पचास प्रतिशत त हामी लगभग आयोजनामा आयोजक बनेर प्रत्यक्ष संलग्न छौँ ।

कुनै पनि देशका युवाहरूले आजको परिस्थितिमा कसरी सोचिरहेका छन्, तिनको जानकारी लिनु र हामीले कसरी सोच्नु आवश्यक छ भनी विर्मश गर्नुपर्छ भन्ने यस कार्यक्रमको मुख्य अवधारणा रहेको छ । हाम्रो देशमा जुन-जुन समस्याहरू रहेका छन्, त्यसलाई राम्रोसँग  अध्ययन गर्नु आवश्यक छ । अर्थात् यो नि बिग्रियो, त्यो पनि बिग्रियो, त्यो पनि भएन, यो पनि भएन, यस्तो सोच्छौँ र व्यक्त पनि गर्छौं । त्यसो हो भने हामीले आफूलाई कहाँ राखेर हेर्दछौं त ?

म पनि यही समाजमा नै रहन्छु, म यही समाजको घटक हुँ । म पनि यही देशको नागरिक हुँ । मेरो भूमिका कहाँनिर रहेको छ त, त्यस परिस्थितिमा त्यस कारण मेरो कर्तव्य के हो त ? साथै आगामी दशकका मुद्दाहरु के के हुनेछन् ? सामाजिक मुद्दाहरू के हुनेछन् ? राजनीतिक एजेण्डा के हुनेछन् ? आजको नयाँ पुस्ताले त्यसलाई भिजियोलाइज गरिरहेको छ कि छैन ? आदि नै यस कार्यक्रमको मूलभूत कल्पना हो ।

त्यसकारण हाम्रो यो तीन दिनको संगममा कुनै वाद-विवाद हुनेछैन । आफ्नो दृष्टिकोण मुक्त तरिकाले मुक्त चिन्तनको प्रकारले हामी यहाँ राख्नेछौँ । कसैको विचारमा मेरो सहमति छ भनी राख्नुपर्ने अवस्था नआओस् । आफ्नो दृष्टिकोण राख्दा जसरी एक अर्कालाई उचित सम्मान पुग्दछ, त्यो होस् भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ ।

आवासीय कार्यक्रम भएकोले दुई रात तीन दिनको हाम्रो बसाइ एकसाथ हुनेछ । आपसमा हामीले आफ्ना विचारहरू राख्दा भाषालाई कुनै पनि बाधक नमानीकन जुन भाषामा आफूलाई सुबिधा लाग्छ त्यसैमा बोल्ने अभ्यास गरौं । आफूले अरूको भाषालाई सम्मान गर्न सकियो भने मात्र आफ्नो भाषाको पनि सम्मान हुनेछ । त्यसकारण अर्काको भाषा पनि त्यत्तिकै महत्वपूर्ण हो र आफ्नो पनि त्यत्तिकै महत्वपूर्ण हो । संस्कृतमा एउटा मीठो भनाइ रहेको छ । '**स्नेहमाख्याति लोचनम्**' लोचन भनेको आँखा, स्नेह भनेको माया । आखाँबाट नै मलाई यस मानिसले कति माया गर्दछ भन्ने थाहा हुन्छ रे । अतः भाषा भनेको बुझ्ने माध्यम हो । If heart meets, tongue has no role भनिन्छ । हृदय मिल्यो भने यो जिब्रोको कुनै पनि भूमिका हुँदैन । त्यसकारण भाषालाई हामीले कुनै पनि बाधक नमानीकन आफूलाई जुन भाषामा सुबिधा हुन्छ त्यसमा विचार राखौँ र सोही अनुसार कार्यक्रम सम्पन्न गरौँ ।

उद्घाटनमा हामीले दुईवटा कार्यक्रमहरू पनि जोडेका थियौं । एउटा सम्मानको कार्यक्रम पनि भयो । नेपालमा उद्यमी-व्यवसायीको रूपमा युवा पुस्ताहरू अगाडि आएका छन् । साथै कलाका क्षेत्रमा युवाहरूको धेरै रूचि बढेको छ । र युवा कलाकारहरू आश लाग्दो संख्यामा उदाएका छन् । समाजका हरेक क्षेत्रमा युवाहरूको सहभागिता बढेको छ । सम्मानका लागि हामीले यहाँ विशेषतः पाँचवटा क्षेत्र छुट्याएका थियौं । कला, चित्रकारिता, उद्योग-व्यवसाय, संगीत र खेल । यस पटक खेललाई भने हामीले जोडेनौं । उद्यमी-व्यवसायी तथा युवा विद्वान प्रतिनिधिका रूपमा सात जना युवा उद्घाटन कार्यक्रममा सम्मानित हुनुभयो ।

अन्त्यमा, कार्यक्रम सम्पन्न भैसकेपछि यहाँ आएका महत्वपूर्ण सुझावहरूलाई नदोहोऱ्याई लिपिबद्ध गरी पुस्तक आकारमा प्रकाशित गर्ने योजना रहेको छ । कार्यक्रमको सबैभन्दा सुन्दर पक्ष चाहिँ आयोजकलाई के लागेको छ भने यहाँ कुनै विज्ञ आएर बोल्ने कार्यक्रम नभएर हामी सबै विज्ञ छौं भन्ने हो । धन्यवाद ।

**दीपक कुमार अधिकारी**
निर्देशक, नेनाप

# पृष्ठभूमि

"युवा ज्ञान संगम : राष्ट्र प्रथम" कार्यक्रम गर्नु पर्दछ भन्ने अवधारणाको पृष्ठभूमि मुख्यत : युवाको शक्ति नै हो ।

युवा तथा विद्यार्थी भनेको राष्ट्र शक्ति हो । युवालाई समाज हित, देश हित तथा सामाजिक रूपान्तरणमा उत्प्रेरित गर्दा भविष्यमा त्यसले नै समाज र राष्ट्रलाई एउटा सक्षम, सबल, चरित्रवान् एवं नैतिकवान् नेतृत्व प्रदान गर्दछ। त्यसैले युवा भनेको भोलिको नागरिक नभएर आजकै नागरिक हो । धेरैले यो यथार्थलाई नबुझी भोलिका नागरिकका रूपमा चित्रण गर्दछन् । किनभने समाज एवं देशमा हुने गरेका हरेक घटनाक्रमबाट युवा प्रभावित भइरहेको हुन्छ । त्यसैले ऊ वर्तमानका ती मुद्दाहरूलाई सम्बोधन गर्न एकीकृत, संगठित एवं आन्दोलित हुने गर्दछ । यदि ऊ भोलिको नागरिक हो भने त्यो युवाले ती तत्कालीन मुद्दाहरूलाई सम्बोधन गर्न भोलिको नै प्रतीक्षा गर्नुपर्ने हुन्छ । वर्तमानलाई उसले सम्बोधन गरेन भने समाज अराजकतातर्फ अगाडि बढेर हिंसाको बाटो अँगाल्न सक्ने सम्भावनामा बढेर जान्छ । अतः युवा भोलिको नागरिक हो भन्ने विषय असान्दर्भिक ठहरिएको छ ।

संसारमा जति पनि परिवर्तनहरू भएका छन् ती सबैको नेतृत्व युवाहरूले नै गरेका कारण संभव भएको हो । युवा भनेको छिटै संगठित हुने, छिटै संतुष्ट हुने, समाजको दुःख पीडादेखि प्रभावित हुने, करूणा र सेवाको भाव प्रशस्त हुने भएकोले ऊ कुनै पनि वेथितिको विरुद्धमा जुनसुकै परिस्थितिमा निर्भिकताका साथ मुखरित हुने गर्दछ । युवामा बहुआयामिक गुण एवं कौशल हुने गर्दछ । तर राजनीतिक दुष्प्रभावले गर्दा त्यो संगठित युवाको संचित शक्तिलाई विभिन्न राजनीतिक दल, विचारधारा एवं समूहमा विभक्त गरेको देखिन्छ तथा शक्तिविहीन एवं हतोत्साहित गर्ने र देश समाजमा केही पनि गर्न सकिन्न कि भन्ने भाव पैदा गरेर ध्वंसात्मक कार्यप्रति निरन्तररूपमा उद्वेलित गरिएको देखिन्छ । साथै यस सकारात्मक शक्तिलाई नकारात्मक तथा ध्वंसात्मक शक्ति या प्रवृत्तिको

रूपमा प्रस्तुत गर्ने प्रयासहरू भईरहेका प्रशस्त उदाहरणहरू देखिएका छन् । तसर्थ कहिलेकाहीं हामीलाई पनि लोकतान्त्रिक एवं बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अभ्यास भइरहेका देशहरूमा दलगत राजनीतिको दृष्टिकोणबाट हेर्दा यस्तो स्वाभाविक नै लाग्न सक्दछ । यो स्वाभाविकरूपमा भएको देखिन्छ र हामीले पनि यसलाई आत्मसात गरेको जस्तो लाग्दछ ।

युवाहरूको एकमात्र अधिष्ठान भनेको राष्ट्रको सर्वोपरि उन्नयन गर्ने हुनुपर्दछ । देशलाई समृद्ध बनाउने, सुसभ्य, सुसंस्कृत तथा महान् देश बनाउने कार्यप्रति युवाको अग्रसरता हुन जरूरी छ । तबमात्र राष्ट्रको अवस्था परम वैभवको स्थितिमा पुग्दछ । यस कार्यमा हामी सबै युवाले सतत् तथा निरन्तर प्रयास यसै दिशामा गरि राख्नुपर्दछ । किनभने युवाहरूमा बहुआयमिक गुण हुने गर्दछ । तसर्थ युवाहरूका यिनै विशेषता, गुण र कौशललाई दृष्टि दिँदै नीति अनुसन्धान प्रतिष्ठान, नेपालले उपर्युक्त सबै प्रकारका भेद, विचारधारा, वाद र समूहभन्दा माथि उठेर समुच्चय युवा शक्तिलाई देशका बारेमा समग्र विचार हुनु पर्दछ र यी शक्तिहरूको सकारात्मक प्रयोग हुनु पर्दछ भन्ने उद्देश्यका साथ नै युवा ज्ञान संगम आयोजना गरेको थियो ।

युवाले नै विश्वलाई हाँक्ने क्षमता राख्दछ । उत्साह र उमंगका साथै धैर्य र जिम्मेवारी बोधमात्र गरेको खण्डमा युवाले आफ्नो अनुकूल परिस्थिति सहजै सिर्जना गर्न सक्दछ । वास्तवमा कुनै पनि देशको तत्कालीन समस्याहरूको समाधानको उपाय पनि युवाहरू नै हुन् । युवाशक्ति राष्ट्रनिर्माणमा, विकासमा वा समृद्धिमा समाहित भएर कर्तव्यबोधका साथ लागेमा समाजको प्रगति हुन्छ, राष्ट्रको समुन्नति हुन्छ । युवाशक्ति गन्तव्यहीन नभई समयको सदुपयोग समयमा नै गर्न सक्यो भने राष्ट्रको पुनर्निर्माणको पनि प्रारम्भ हुनेछ ।

विश्वमा छात्र तथा युवाहरूले गरेका आन्दोलनहरूको इतिहासलाई हेर्दा युवाको आकांक्षा र आक्रोशका कारण नै विश्वमा ठूलाठूला आन्दोलन भए तथा ती आन्दोलन सफल बने । केही उदाहरणहरू हेरौँ । सन् १९९८ मा

इन्डोनेशियामा भएको आर्थिक समस्या तथा भोकमरी एवं बेरोजगारीका कारण विश्वविद्यालयबाट प्रारम्भ भएको युवाहरूको आन्दोलनका कारण त्यहाँको तत्कालीन सुहार्तो सरकारले सत्ता नै छोड्नुपर्‍यो। त्यसैगरी भारतको गुजरातको एउटा छात्रावासमा भोजनालयको शुल्कवृद्धिको विरोधबाट प्रारम्भ भएको सन् १९७४ को युवा आन्दोलन जो प्रारम्भमा भ्रष्टाचारका विरुद्ध आन्दोलन थियो, तर विस्तारै त्यसले जयप्रकाश नारायणको नेतृत्वमा जनआन्दोलनको रूप लिएर राष्ट्रिय राजनीतिलाई नै बदलिदियो। ट्युनिसिया, इजिप्ट, लिबिया र यमनमा युवाहरूको असन्तुष्टिबाट शुरू भएका आन्दोलनले अरबमा दशकौं शासन गरेका तानाशाहहरू ढले र त्यसका असरले पूरै अरेबियन देशहरूको राजनीतिक संरचनामा नै फेरबदल गरिदियो। नेपालका पनि हरेक कालखण्डमा राजनीतिक, शैक्षिक, सामाजिक एवं आर्थिक समस्याहरूका कारणले भएका सबै आन्दोलनहरूमा युवा विद्यार्थीहरूको सहभागिता नै अग्रणी रह्यो जसका कारण उद्देश्य अनुसार नै परिणामहरू पनि प्राप्त भएको यथार्थ सबैका सामु छर्लंग नै छ।

नेपालको परिवेशमा राजनीतिक परिवर्तनमा युवावर्गले जसरी सशक्त भूमिका निर्वाह गरेको छ र गरिरहनेछ त्यसरी नै समाजको आर्थिक विकास, सामाजिक रूपान्तरण, राष्ट्रको पुनर्निर्माण, राष्ट्रिय एकता र सांस्कृतिक उन्नतिको मार्गमा पनि एकजुट भएर लागेको खण्डमा हामी विश्वसामु उदाहरण बन्नेछौं। वर्तमानले नै भविष्यको निर्माण गर्ने भएको हुनाले अबको युवावर्गले व्यक्तिगत उन्नतिका साथसाथै सामाजिक एकता र आर्थिक विकासका माध्यमबाट समृद्धिको लक्ष्यमा लाग्नु पर्दछ। राज्य सरकार, राजनीतिक दलहरूले देशमा नै सम्पूर्ण युवाहरू बसेर केही कार्य गर्नु पर्दछ भन्ने सकारात्मक वातावरण निर्माण गर्न सके स्वतः देशले खोजेको विकास एवं समृद्धि प्राप्त हुन सक्नेछ। आजका युवाले देशका विभिन्न समस्या र तिनको समाधानको उपाय पनि खोजिरहेका छन्। त्यस अनुसार लागेमा भविष्यले यसलाई अङ्गीकार गर्दछ र राजनीति गर्नेदेखि आफ्नो व्यवसाय गर्नेसम्मले राष्ट्रको निम्ति केही योगदान गर्ने भावनाले आफ्नो

प्रयास शुरू गर्दछ। यसरी प्रत्येक क्षेत्रले '**राष्ट्र प्रथम**' को मूलमन्त्रलाई स्वीकार गर्दछन्। देशको समृद्धिको एकमात्र लक्ष्य प्राप्त गर्न यो नै सर्वोत्तम उपाय हो भन्ने ध्येय लिएर नै उक्त सम्मेलनको आयोजना गरिएको थियो।

सामाजिक रूपान्तरणमा युवावर्ग नै सक्रिय हुन जरुरी छ। वर्तमानमा भिन्न भिन्न क्षेत्रमा आफ्नो सक्रियता जनाइरहेको युवा नै योग्यता र क्षमताको आधारमा आफूलाई विकास गर्दै गएर भविष्यमा राष्ट्रको नेतृत्व गर्ने अवस्थामा पुग्दछ। समाजले उसैलाई परिवर्तनको वाहक मान्दछ र नेतृत्वको दायित्व सुम्पन्छ। त्यसबेला युवा अवस्थामा गरेको आन्दोलन वा कर्तव्यको पथलाई स्मरण गरी कार्यसम्पादन गर्नमा युवाले नै उत्प्रेरकको भूमिका निर्वाह गर्दछ। सामाजिक विसङ्गति, कुरीति, विषमता र अन्य समस्याहरूको निवारणमा युवाहरू लागि पर्दा आएका परिवर्तनहरू धेरै नै छन्। अतः हामीले पनि सामूहिकरूपमा केही चिन्तन गरी देशको भविष्य निर्माणको कार्यदिशा तय गर्न नवीन सोचहरूको विकास गर्दै व्यक्तित्व निर्माण एवं राष्ट्रिय चिन्तनको निम्ति उक्त युवा ज्ञान संगम–राष्ट्रप्रथमको आयोजना गरेका थियौं। आशा छ भविष्यमा यही समूहले राष्ट्रलाई हरेक क्षेत्रमा फिडब्याक/मार्गचित्र प्रदान गर्नेछ। राजनीतिक तथा सामाजिक क्षेत्रले पनि पाथेय प्राप्त गर्नेछ। यस सम्मेलनमा आएका विचार-विमर्श, चिन्तन-मननले सबैलाई पाथेय प्रदान गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं, आशावादी छौं।

युवाहरूले आ-आफ्ना राजनीतिक विचारधाराभन्दा माथि उठेर समग्र राष्ट्रको हितमा कसरी सोचिरहेका छन्, उनीहरूका आकांक्षा के कस्ता छन्, आदि विषयमा खुलेर विचार विमर्श गर्ने हाम्रो लक्ष्य थियो, चाहना थियो। आगामी एक दुई दशकमा देशले गर्नुपर्ने विकास, समृद्धि र भविष्यमा राष्ट्रको दिशा कसरी अगाडि बढ्नु पर्दछ तथा विदेश नीति लगायतका समस्त नीतिहरूमा पनि स्वदेशानुकूल स्थानीय परम्परासंग मेल खानेगरी राज्यले एउटै धारणा बनाउनु पर्दछ भन्ने हाम्रो सोच थियो, तसर्थ प्रस्तुत विषयमा राज्यले कसरी एउटै धारणा बनाउनेछ र त्यसमा युगानुकूल परिवर्तन वाञ्छनीय छ भन्ने यथार्थमा विश्वस्त भएर उक्त सम्मेलन आयोजना गरिएको थियो।

यिनै उद्देश्यहरूलाई केन्द्र विन्दुमा राखेर ती युवाहरूको विचार, कौशल र योग्यता देश हितमा प्रयोग हुन सकोस् भन्ने उद्देश्यका साथ उक्त संगम आयोजना गरिएको थियो । साथै उनीहरूले कस्ता  परिकल्पना गरिरहेका छन् एवं कस्ता सपना देखिरहेका छन् भन्ने बुझ्नलाई पनि कार्यक्रम आयोजना गरिएको हो । किनभने युवाहरू द्रष्टा पनि हुन्, स्रष्टा पनि हुन् । समग्रमा भन्नुपर्दा देश हित नै यसको मूलभाव हो भन्ने बुझ्नु पर्दछ ।

हाम्रो देशको मौलिकता, भौगोलिक सीमा एवं सभ्यता र संस्कृति जस्ता प्रत्येक विषयहरूमा युवा वर्गले सचेतनापूर्वक आफ्ना गतिविधिहरू सञ्चालन गर्नु पर्दछ। देशको हितमा निरन्तर चिन्तन गर्ने र आफ्नो पेशा व्यवसायका माध्यमबाट समेत देशको हितमा नै कार्य गर्ने प्रेरणा समाजले प्राप्त गर्नु आवश्यक छ भन्ने कुरा आजको युवा वर्गले राम्रोसँग बुझ्न जरूरी छ। यसरी राष्ट्र प्रथमको भाव उत्पादन गर्दै देशका लागि चिन्तन गर्न तीन दिनसम्म युवाहरू एकत्र भएका कारण यो कार्यक्रम ऐतिहासिक कार्यक्रम हो । यसबाट हामी सहभागीले नयाँ ऊर्जा प्राप्त गरेका छौं, साथै समाजलाई समेत नयाँ दिशा प्रदान गर्न युवा वर्गले महत्वपूर्ण भूमिका खेल्ने वातावरण निर्माण गरेको अनुभव समेत पनि गरेका छौँ ।

त्यसैले उक्त युवा संगमको उद्देश्य राष्ट्र प्रथम राख्नुको ध्येय समाजका हरेक वर्ग, समुदाय, तप्का, सरकारी तथा निजी एवं धार्मिक सामाजिक संघ-संस्था, उद्योग, व्यवसायी, शिक्षा आदि सबैको कार्यको केन्द्रविन्दुमा राष्ट्र प्रथम हुनुपर्दछ भन्ने हो । सबैको धुरीमा राष्ट्र प्रथम भन्ने भाव प्राथमिकतामा रहेमा राष्ट्रले चाँडै नै समृद्धिको उत्कर्ष प्राप्त गर्दछ । यो भाव हामीले युवा तथा विद्यार्थी अवस्थामै सञ्चार गर्न सकेमा हरेक व्यक्तिले आफ्नो जीवनको अध्ययन एवं अध्ययन पश्चात् सामाजिक क्षेत्रमा आफूले कार्य गर्ने  प्रत्येक पेशामा अथवा नेतृत्व गर्दै गरेको क्षेत्रमा राष्ट्र प्रथम भाव राखेर कार्य गर्दछ । त्यसैले नै हामीले राष्ट्र प्रथम भन्ने भाव सञ्चार गर्ने उद्देश्यले ४० वर्ष भित्रका विद्यार्थी तथा युवाहरू भेला गरी कार्यक्रमको नाम पनि राष्ट्रिय युवा संगम :  राष्ट्र प्रथम भन्ने राखेका हौं ।

# कृतज्ञता

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) द्वारा २४-२६ चैत्र २०७४ मा गोकर्ण फोरेस्ट रिसोर्ट, काठमाडौंमा युवाहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, आध्यात्मिक, आर्थिक, शैक्षिक तथा राजनीतिक विषयवस्तुहरूमा विचार प्रस्फुटन गराउने उद्देश्यले युवा ज्ञान संगम-राष्ट्र प्रथम (योङ्ग स्कलर समिट-नेशन फर्स्ट) आयोजना गरिएको थियो। यस युवा ज्ञान संगमको उद्देश्य राष्ट्र प्रथमको भावनालाई केन्द्रविन्दुमा राखेर आयोजना गरिएको थियो। उक्त संगममा युवाहरूको उल्लेख्य सहभागिताले हामीलाई थप यस्तै कार्यक्रम गर्न ऊर्जा प्रदान गरेको छ।

कार्यक्रमको अडियो लिपिबद्ध र सम्पादनमा उल्लेख्य भूमिका निर्वाह गर्नुहुने सहप्राध्यापक डा. प्रेमराज न्यौपाने, प्रतिवेदनको प्रुफरिडिङ गरी सहयोग गर्नुहुने प्रमिला भुजेल, टंकन कार्यमा संलग्न राजश्री मिश्र, निकास खतिवडा र मोहन श्रेष्ठ, पुस्तक डिजाइन गर्नुहुने सन्तोष आचार्य एवं सम्पादन सहयोगी केशवप्रसाद अधिकारीलाई नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) को तर्फबाट कृतज्ञता प्रकट गर्दछु । यहाँहरूको सामूहिक प्रयासले संस्थाको प्रतिवेदनलाई केवल कागजीरूपमा मात्र आकार नदिई यसको प्रभाव र महत्वमा पनि योगदान गरेको छ। यहाँहरूको समर्पण, व्यावसायिकता र विशेषताले संस्थामा स्थायी छाप पारेको छ र यस्तो प्रतिभाशाली टोलीसँग सहकार्य गर्ने अवसर पाएकोमा म गौरवान्वित छु।

यस संगमको तयारीदेखि समापनसम्म कार्यक्रमको रिपोर्टलाई पुस्तकाकारको रूप दिँदासम्म आ-आफ्नो तर्फबाट विभिन्न भूमिका निर्वहन गर्नुहुने सबैलाई कृतज्ञता ज्ञापन गर्दछु । यहाँहरूको व्यक्तिगत भूमिकाले हाम्रो सामूहिक दृष्टिकोणलाई फलदायी बनाउन पक्कै पनि मद्दत पुग्नेछ भन्दै यहाँहरूको योगदानको लागि म आभारी छु।

२०७४ मा 'योङ्ग स्कलर समिट-नेशन फर्स्ट'को आयोजन सम्पन्न भएको हो । कार्यक्रमको अडियो लिपिबद्ध र सम्पादन गर्ने कोभिडको महामारीसहित अन्य विभिन्न कारणले केही ढिलासुस्ती हुन पुग्यो । यसरी ढिला हुँदा यस कार्यलाई पुस्तकाकारको रूप दिन अत्यन्त झण्झटिलो कार्य थियो। ध्यान दिइरहनु पर्ने तथा पर्याप्त समय दिन पनि अत्यन्त कठिनाइ भएकाले यसको प्रकाशनमा केही वर्ष ढिलासुस्ती हुन गएकोमा क्षमाप्रार्थी छु।

**केशवराज पन्थी**
कार्यकारी निर्देशक, नेनाप

# अनुक्रम


| | | |
|---|---|---|
| | प्रस्तावना एवं कार्यक्रमको परिचय | iii |
| | पृष्ठभूमि | v |
| १. | प्राचीन शिक्षा व्यवस्था र वर्तमान शिक्षा व्यवस्थाप्रतिको अवधारणा | १-२७ |
| २. | विकास र समृद्धिको अवधारणा | २८-४० |
| ३. | महिला सुरक्षा सम्मान र युवाको भूमिका | ४१–५६ |
| ४. | राजनीतिक मूल्य मान्यता | ५७-७१ |
| ५. | बदलिंदो परिस्थितिमा विदेश नीति र सञ्चारको भूमिका | ७२-८३ |
| ६. | धर्मनिरपेक्षता | ८४-९० |
| ७. | समापन वक्तव्य | ९१-९३ |
| ८. | अनुसूची | ९४-१०० |

# प्राचीन शिक्षा व्यवस्था र वर्तमान शिक्षा व्यवस्थाप्रतिको अवधारणा

**प्रस्तावना**

समग्रमा यो सत्रमा हामी शिक्षाको बारेमा चर्चा गर्ने छौं । प्राचीन शिक्षा व्यवस्था कस्तो थियो र आज हामी शिक्षाको सन्दर्भमा कहाँ छौँ भन्ने बारेमा हामी केन्द्रित रहने छौं । शिक्षा हाम्रो सम्पूर्ण व्यक्तित्वको सर्वाङ्गीण विकासको आधार (ओभर अल डेभलपमेन्ट) हो । अर्थात् मान्छेलाई समाजसँग पनि जोड्ने, राष्ट्रसँग पनि जोड्ने । त्यस कारणले विवेकानन्दले भन्नुभयो यो शिक्षा भनेको “म्यान मेकिङ्ग हुनुपर्दछ, नट ए मनि मेकिङ्ग” । व्यक्तिको निर्माण शिक्षाले गर्छ । त्यसकारण शिक्षाको अवधारणा मूलरूपमा आज हामी कसरी लिदैछौं भन्ने बारेमा एकछिन चिन्तन गरौं ।

सन् १९९० मा जब WTO आयो, त्यो WTO भित्र केही पछाडि GATS भन्ने प्रावधान आयो । त्यसभित्र शिक्षा, स्वास्थ्य आदिलाई बिक्रीको वस्तु जस्तै बनाइयो । शिक्षा बजारमा बेच्ने र किन्ने वस्तु होइन, शिक्षा भनेको सेवा (च्यारिटी) हो । हामी सबैलाई के अनुभव छ भने, हामी अहिले गाउँमा घुम्यौं भने सरकारी स्कुल लगभग ९९ प्रतिशत भने पनि हुन्छ, कुनै न कुनै त्यस समाजका प्रतिष्ठित व्यक्तिको नाममा छ । अर्थात् हाम्रोमा शिक्षा भनेको सेवा थियो । त्यो बजारमा किन्ने र बिक्रीको वस्तु (सेलेबल कमोडिटी) थिएन । त्यस कारणले अहिले पनि शिक्षाका लागि जमिन दान गर्ने प्रचलन छ । पुरानो प्राचीन प्रथालाई हेऱ्यौं भने, शिक्षा हाम्रोमा त्यस प्रकारको महत्वपूर्ण थियो । हाम्रोमा दीक्षान्त हुन्थ्यो, दीक्षान्तको बडो राम्रो वाक्य थियो । नेपाल त कहिले पनि गुलाम रहेन तर पनि नेपालले हिजोआज दीक्षान्तमा गाउन लगाउँछ, दीक्षान्त हाम्रोमा थिएन त ? भनेर प्रश्न गर्दाखेरि, हाम्रोमा दीक्षान्त त थियो । हामी विद्यालयबाट पढेर बाहिर जाने बेलामा गुरूले बडा राम्रो वाक्य कण्ठस्थ गराउनुहुन्थ्यो । जुन संस्कृतमा छ । मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो

भव, अतिथिदेवो भव, यो  दीक्षान्तको वाक्य हो । त्यसमा गुरुले बडो राम्रो कुरा भन्नुहुन्छ। यो विश्वविद्यालयको छात्रावासमा जतिञ्जेल तपाईंले अध्ययन गर्दा बस्नुभयो र यो विश्वविद्यालय एवं हामी शिक्षकबाट तपाईंले जे-जे कुरा जीवनमा लिने उपयोगी चिज लिनुभयो, त्यो चाहिँ लिएर जानु होला। जुन-जुन हाम्रा पनि व्यवहार तपाईंहरूलाई राम्रो लागेन, हामी गुरुको पनि, त्यो यहीँ छाडेर जानु होला भन्नुहुन्छ। त्यो दीक्षान्तको वाक्य हो। नराम्रो यहीं छोडेर जानु, राम्रो चिज लिएर जानु। मैले यहाँ के भनेको भने यसलाई अंग्रेजीमा अनुवाद गरेर तपाईंहरू दीक्षान्त गराउनुहोस्।

आज समग्र परिस्थितिमा शिक्षाको सन्दर्भमा हामीलाई के लाग्छ । आज विश्वविद्यालयको ढाँचा, अध्ययनको प्रश्न, जे-जे हामीहरूलाई लाग्छ, त्यस सन्दर्भमा मूलभूत चिन्तन हाम्रो यस कार्यक्रममा आयो भनेदेखि हामीहरूले यसलाई एउटा राम्रो शिक्षा नीतिको दस्तावेज बनाउन सक्छौँ। शिक्षा मन्त्रालयमा वा अन्य नीति निर्माताहरूलाई, कानून निर्माताहरूलाई पनि यसले सायद इनपुट सही दिन सक्यो भने माइलस्टोनको रूपमा यो संगोष्ठी, यो ज्ञान संगम साबित हुनेछ।

## विचारहरू

- नेपालमा लगभग ३८ हजार सामुदायिक विद्यालयहरू छन् । त्यसमा संगीत शिक्षा अध्ययन गर्नलाई शिक्षण विधिमा नेपाली पहिचान बोकेको विधि भयो भने नेपाललाई राम्रो गर्छ । आज जातीय संघीय कुराहरू भइरहेका छन् । ती कुराहरूलाई हाम्रो शिक्षामा ल्यायो भने के हुन्छ भनेर अभ्यास गर्दागर्दै स्थानीय वाद्ययन्त्रहरूलाई विश्वविद्यालयको प्राज्ञिक प्रक्रियामा ल्याउने काम गरिरहेका छौं । संगीत मात्र नभएर मानवविज्ञान सामाजिक विज्ञानसँग सम्बद्ध छ। वाणिज्यसँग पनि आबद्ध छ । त्यो गर्नको लागि मूर्त सम्पदा स्थलहरूलाई पुनर्निर्माण गरेर १२५ जातजातिहरूको सांगीतिक परम्परालाई समावेश गर्न सकियो भने त्यो खालि ठाउँलाई ज्ञानले भरिदिन्छ। नेपालको शास्त्रीय संगीत पनि दक्षिण एसियामा निकै लोकप्रिय छ । पूर्वीय इतिहासको ठूलो विरासत छ । नेपालमा नेपालको संगीत भनेको के हो भनेर सोच्दाखेरि शायद हाम्रै समाजमा वा गाउँ-गाउँमा लुकेर बसेको सांस्कृतिक विवाह, व्रतबन्ध इत्यादिलाई विश्व माझ लान सकिन्छ कि भन्ने वैज्ञानिक बुद्धि लगाएर त्यसमा काम गर्नु आवश्यक छ। त्यसमा काम जारी छ, परिणाम आउन बाँकी छ।

- हाम्रो आगामी पुस्ताले आफ्नै देशमा बस्न पाओस् । यहीं काम गर्न पाओस् । हामी बाहिर जान नपरोस् । हामीले अहिलेसम्म जे दुर्गति भोग्यौं यस्तो दुर्गति हाम्रा सन्ततिले नभोगुन् भनेर रोजगारी सिर्जना गर्नको लागि पर्याप्त काम गर्न बाँकी छ। राम्रोका लागि आशावादी बनेर हामी अगाडि बढेपछि अवश्य सफल पनि हुन्छौं। नेपालमा नै बस्नुपर्छ भन्ने हाम्रो सोच पनि पूरा हुनेछ।

- औपचारिक शिक्षा सकेर फर्कने बेलामा गुरुले भन्नुभयो- "दुईवटा कुरा जीवनमा याद गर्नू, कहिले नबिर्सनू । पहिला आफूले आफूलाई चिन्नू,

तिमीभित्रै छ सबै कुरा। तिमीले आफ्नो मनलाई चिन्नू, आफूलाई चिन्नू। त्यति भए पुग्छ र अर्को कुरा जिन्दगीमा माता र मातृभूमिलाई कहिले पनि नबिर्सनू। तिम्रो शिक्षा, तिमीले लिएको शिक्षा तब मात्र सार्थक हुन्छ।" म त्यति बेला गम्भीर भएँ र आफ्नै देशमा, जहिले पनि आफ्नै देशमा काम गर्छु, आफ्नै गाउँमा बस्छु, गाउँमै काम गर्छु भनेर एउटा अठोट गरेर बसेको मान्छे, आफ्नो देशमा आएँ र काम गरें। तितो मिठो थोरै खाएँ धेरै कमाए त्यो स्वभाविक कुरा हो। अर्को कुरा युवा भन्ने बित्तिकै आजकाल शिक्षाकै कुरा गरौं। हामीले यो यो पाएनौं, त्यो पाएनौं खालि यो भएन, त्यो भएन भनेर युवाहरूको गुनासो मात्र सुन्छौं। म अहिले विद्यार्थी पनि हुँ र शिक्षक पनि हुँ। मैले आफ्ना विद्यार्थीहरूबाट यस्ता गुनासाहरू सुन्छु र म उनीहरूलाई भन्छु - तिमीहरूले जस्तो शिक्षा पायौ, त्यस्तै आफ्ना विचारहरू पोखिरहेका छौ। तिमीहरूको शिक्षा तिमीहरूले स्कुल जीवनदेखि घरमा पाउने शिक्षा र तिमीले समाजबाट पाउने शिक्षामा निर्भर रहन्छ। शिक्षाको पहिलो मन्दिर भनेको घर हो। घरबाट पाउने शिक्षा, समाजबाट पाउने शिक्षाले के भनिरहेको छ। जसरी हुन्छ पैसा धेरै कमाउनु पर्छ, हाईफाई हुनुपर्छ। पैसा पनि कसरी कमाउनु पर्छ, गलत काम गरेर कमाउनु पर्छ, सजिलो तरिकाले कमाउनु पर्छ। यस्तो शिक्षा स्कुल-स्कुलमा भेटिन्छ। कुन चाहिँ स्कुलको विद्यार्थी बढी विदेश गइरहेको छ। त्यो "अमेरिकन ड्रिम" देखाइएको छ। अमेरिकामा हरेक व्यक्ति सक्सेस् हुन्छ भन्ने बोध गराइएको छ। एउटा टप पोजिसनमा पुग्छ भन्ने ड्रिम देखाएको हुन्छ। तर, टप पोजिसनमा एउटा मात्रै पुग्छ, दुईजना मात्र पुग्छन् अनि बाँकी मान्छेहरू 'टप पोजिसन' मा पुग्न नसकेपछि तिनीहरूलाई तनाव हुन्छ। उनीहरूले अपराध बढी गर्छन्। आज डाटा हेर्नुहोस् सबैभन्दा बढी अपराध न्युयोर्क शहरमा हुन्छ। साउथ अफ्रिकाको जोहन्सवर्गमा हुन्छ, युरोपमा हुन्छ। कतिपय शहरहरूमा अपराध बढी हुन्छ। हाम्रो काठमाण्डौंमा र दक्षिण एसियाली सहरहरूमा उनीहरूको भन्दा कम अपराध हुने गर्दछ। हामी वास्तवमा उनीहरूभन्दा बढी सुखी र खुशी छौँ।

तर पनि किन भौंतारिएर गइरहेका छौं । हाम्रो सपनालाई  खाइरहेको छ, हाम्रो शिक्षाले । खालि विदेश जानुपर्छ,  विदेश जानुपर्छ भन्ने नकारात्मक सोच हामीमा देखिन्छ ।

अर्को प्रसंग पनि भनौं- शिक्षा भन्ने बित्तिकै रूसोले एउटा किताब लेखेका छन् 'इमाईल' भन्ने । त्यो किताबमा एउटा बच्चालाई कस्तो बनाउने भन्ने कुरा लेखिएको छ । उसको शिक्षा जस्तो हो बच्चा त्यस्तै हुन्छ । आतंककारी पनि बनाउन सक्छ एउटा शिक्षाले । म ठोकुवाको साथ भन्न सक्छु । एउटा बच्चादेखि मैले दिने शिक्षाले आतंककारी पनि बनाउन सक्छ । त्यो शिक्षा दिने गुरु र उसको वरिपरिको वातावरणले जस्तो शिक्षा दिन्छ त्यस्तै बन्छ । आज किन मान्छेहरू आतंककारी बनिरहेका छन् । आत्महत्या गर्न, बम हान्न तयार भइरहेका छन् । जस्तो शिक्षा दियो त्यस्तै बन्छ । त्यो 'इमाईल' मा उनले प्रष्ट कुरा बोलेका छन् । हामीले कस्तो शिक्षा दिने, हामीले कस्तो समाज बनाउने भन्ने, यो शिक्षामा भरपर्ने कुरा हो र जस्तो शिक्षा दिइन्छ त्यस्तै समाज बन्छ ।

- हामी हरेक जना यहाँ, जोजो सहयात्री भएर आएका छौं । हामी सबै औपचारिक पद्धतिबाट अध्ययन गरेका मानिसहरू छौं । एउटा विशेष प्रसँगमा सबैलाई आकर्षित गर्दछु । मदरसा शिक्षाको विषयमा आफ्नो भनाइ राख्दछु । मुस्लिमहरू नेपालमा जम्मा ४.४ प्रतिशत छन् । उनीहरूको मदरसा शिक्षालाई व्यवस्थित गर्न सकियो र त्यसलाई औपचारिक शिक्षामा ल्याउन सकियो भने त्यसले देशलाई एउटा लाभ हुन सक्छ । मदरसामा गराइने अध्ययन नेपालको अन्य अध्ययनभन्दा पूर्णतः भिन्न हुन दिनु हुँदैन ।
- शिक्षालाई त्यसको मूल्यसँग जोड्न सकेमा मात्र शिक्षाको विकास सम्भव छ । राम्रो भवन छ तर शिक्षक राम्रो छैन भने त्यसले बेरोजगार र निकम्मा शैक्षिक जनशक्ति उत्पादन गर्दछ । समाजप्रतिको मानवीय दायित्वलाई बोध

गराउनमा शिक्षकको ठूलो भूमिका हुन्छ। रुखको मुनि बसेर दिएको शिक्षा र आज आधुनिक भवनमा बसेर दिएको शिक्षामा हुने अन्तरलाई केलाएर हेर्दा कहाँ बसेर पढ्यो त्यसको खासै अर्थ हुँदैन । शिक्षाको स्तरका आधारमा उसको मूल्यांकन हुन्छ । अतः मूल्यमा आधारित शिक्षाको निमित्त सबैले समयमा योगदान दिनु आवश्यक छ।

- हाम्रा बाजेहरूको पालामा चाहिँ परिवार भनेको ज्ञान हस्तान्तरणको संस्था पनि थियो । तर खासगरी अहिलेको अवस्थामा शिक्षाको लागि छुट्टै संस्थाहरू बने । त्यही क्रममा हाम्रो देशमा विश्वविद्यालयहरू स्थापित भए। विश्वविद्यालयहरूले पर्याप्त ज्ञानको हस्तान्तरण वा पुस्तान्तरणमा ध्यान दिन सकेनन् । पछाडि फर्केर हेर्दा अहिले ज्ञानको केन्द्र भनेको पश्चिमा नै छ, जसले जे भने पनि। हामीले आफूसँग भएको ज्ञानलाई पुस्तान्तरण वा हस्तान्तरण गर्न सकेनौँ। हरेक पुस्ता मर्दै जाँदा हाम्रो ज्ञान पनि मर्दै गएको स्थिति छ। यसमा त हाम्रो कत्ति पनि ध्यान गएको छैन।

- अब हाम्रो देशलाई हामीले एकदम समृद्ध बनाउने भनेका छौं, त्यसो हुनाले हामी चीनबाट रेल लिएर आउँछौं अनि हामी विकास गर्छौं। हो चाईनाबाट रेल लिएर आउन सक्दाखेरि त्यसले हामीलाई कतिपय सुविधाहरू फाइदाहरू होलान् कतिपय बेफाइदाहरू होलान् तर मूल रूपमा फाइदा नै हुन्छ भनेर हामीले सोच्नु पर्ला। तर हामीले सम्पूर्ण हाम्रो विकासलाई त्यसमा लगेर परिभाषित गऱ्यौं भने कसरी हाम्रो समाज समृद्ध हुने भन्ने कुरा हामीले बुझेका रहेनछौं । लामो कालखण्डमा ज्ञानको विकासको क्रम टुट्यो। त्यस कारणले हामीले अब हिजो बाँकी रहेको हाम्रो जुन ज्ञान थियो, त्यसलाई कसरी पुनर्दावी (reclaim) गर्ने भन्ने हाम्रो योजना हुनुपऱ्यो।

- चीनको विकास हेर्नुहुन्छ भने, चीनको विकासको एउटा प्रमुख आधार पश्चिमको ज्ञान उनीहरूले ल्याउन सक्नु पनि हो। उनीहरूका हरेक प्रान्तीय

सरकारहरूले, केन्द्रीय सरकारले अथवा स्थानीय सरकारहरूले पनि समूहहरू बनाएर अमेरिकाका, युरोपका विभिन्न शहरहरूमा चाइनिजहरू को छन्, के गरिरहेका छन्, कोसँग कति धैर्य र ज्ञान छ, कतिले कति ठूला-ठूला अनुसन्धान केन्द्रहरूमा काम गरे, पत्ता लगाई उनीहरूलाई विशेष प्रकारको सुविधा दिएर, लिएर आएका छन् । उनीहरूले त्यो मात्र गरेका छैनन् । उनीहरूले आफ्नो परम्परागत ज्ञानलाई पनि पुनर्दावी गरिरहेका छन् । उनीहरूले कन्फ्यूसस केन्द्रहरू खोलेर चाइनिज दर्शन, संस्कृति, भाषा आदिलाई प्राथमिकतामा राखेर अध्ययन गराउँछन्, अनुसन्धान गराउँछन् । हामीले पनि नेपालका कला, संस्कृति, भाषा आदि विभिन्न विधाको अध्ययन गराउँने स्तरीय संस्थाहरू बनाउनु पर्दछ ।

- अबको भविष्यमा तपाईं हाम्रो पुस्ताले नेतृत्व गरिरहँदा सोच्नुपर्ने विषय के हो भने "विभिन्न क्षेत्रमा कोही विज्ञ हुनुहुन्छ, कोही सामाजिक अभियन्ता हुनुहुन्छ, कोही नीति निर्माणमा काम गर्नु भएको छ, कानुनको क्षेत्रमा काम गर्नु भएको छ र मलाई लाग्छ यो जमात नै नेपालको एउटा शक्ति हो" र यो शक्तिलाई सकारात्मक दिशामा कसरी लाने ? शिक्षालाई सबलीकरण र प्रबर्द्धन गर्ने हो भने तीन चारवटा कुरामा ध्यान दिनुपर्ने हुन्छ। प्रवर्द्धनमा ध्यान दिनुपर्छ। किनभने वि.सं. २००७ सालमा प्रजातन्त्र प्राप्त गरिसकेपछि नेपालमा जम्मा १७०० विद्यार्थी थिए। आज एक करोडको हाराहारीमा विद्यार्थी पुगेका छन् । वि.स. २०१५ सालमा नेपालमा जम्मा एउटा विश्वविद्यालय खुलेको थियो, त्रिभुवन विश्वविद्यालय, आज दश वटा विश्वविद्यालयहरू हामीसँग छन् । भारत सन् १९४७ मा स्वतन्त्र हुँदै गर्दा जम्मा ३५ विश्वविद्यालयहरू थिए, आज ६९९ वटा विश्वविद्यालयहरू पुगेका छन् । भारतको विषय वस्तुलाई जोड्दा, शिक्षाको विषयमा भारतले अहिले प्रविधिमा फड्को मारेको सन्दर्भमा हेर्ने हो भने, गुगलको सि.इ.ओ सुन्दर पिचाई लगायत विभिन्न क्षेत्रमा एन.ए.एस.ए (NASA) मा त्यति धेरै वैज्ञानिकहरू छन् । यद्यपि नेपालका पनि नभएका हैनन् । लुजेन्द्र

ओझा जम्मा २३ वर्षको उमेरमा मंगलग्रहमा पानी छ भनेर पत्ता लगाउने व्यक्ति पनि नेपालकै हुन् । कुमुद धिताल भन्ने मान्छे नेपाली मूलका हुन् । अस्ट्रेलियामा सफल मुटु  प्रत्यारोपण गर्ने मान्छे पनि नेपालकै हुन् । मलाई लाग्छ शिक्षाको दायरा धेरै फराकिलो छ । नेपालीहरू पनि त्यो पहुँचमा पुगेका छन् । तर त्यो कुरालाई कुन रूपमा फैलाउने र त्यसलाई नेपालमा कसरी भित्र्याउने भन्ने कुरामा ध्यान दिनुपर्छ ।

- पहिला-पहिला शिक्षा दिने भनेको ज्ञानी, भलाद्मी र अनुशासित बन्नको लागि थियो भने अहिलेको शिक्षा दिने उद्देश्य नै फरक बनिसकेको छ, युवाहरूमा पनि । कसरी पैसा कमाउने भन्ने चिन्ता समाजमा  छ । बढी पैसा कमाउने मान्छे नै ठूलो मान्छे हो भन्ने किसिमको एउटा धारणा विकसित भइसकेको छ र अबको युवा पुस्तामा पनि त्यो छाप बसिसकेको छ । अहिलेको अवस्थामा मान्छेहरूले पढे तापनि आपराधिक घटनाहरू बढिरहेका छन् । किनभने उनीहरूले पढाइ किन गरे भन्दाखेरि ज्ञान लिनको लागिभन्दा पनि पैसा कमाउनको लागि हो भन्न सकिन्छ ।

- हामी सुन्छौं कि हाम्रा हजुरबुवाले ‘क’ ‘ख’ र बाह्रखरी  लेख्न सिक्दा चौतारामुनि बसेर सिक्नुभयो । अनि मेरो बुवा र काकाहरूले स्कुल जान सिक्दाखेरि त्यो कटुस भन्ने रुख हुन्थ्यो, त्यसको छाप्रो हुन्थ्यो । हाम्रो पालामा टिनवाला स्कुल आए अनि अहिले त आर.सि.सि वाला भवनहरू पनि देख्न पाइन्छ । अहिले कक्षा कोठा कस्तो हुन्छ भने सभागार जस्तो एकदम राम्रो । सबै विद्यार्थीको लागि पाङ्ग्रा भएको कुर्सी, घुम्ने कुर्सी । अनि सबै विद्यार्थीको लागि अगाडि ल्यापटप  जोड्नको लागि एक्सटेन्सन दिएको अनि सबै ठाउँमा वाईफाई नेटको सुविधा रहेको छ । पढाउनुपर्दा प्राध्यापक आए ठिकै भयो, नआए पनि इन्टरनेटको माध्यमबाट पढाउने । अनि यहाँबाट रिमोट थिचिसकेपछि त्यो पर्दा तल झर्ने र प्रोजेक्टरको माध्यमबाट पनि पढाइ हुने । अनि त्यसपछि रिमोट थिचेपछि सबै कुरा

एकदमै अत्याधुनिक। अनि कोठा पनि यस्तै, वातावरण पनि एसी लगाएको, गर्मी नै अनुभव नहुने। त्यो सबै कुरा देखेपछि भन्नुपर्‍यो यहाँबाट त एउटा सिर्फ विद्यार्थीभन्दा पनि, ज्ञानी मान्छेभन्दा पनि प्रतियोगी मात्र उत्पादन हुन्छ होला। त्यतिखेर अनुभूति हुन्छ कि सायद हाम्रा पूर्वजहरू धेरै अगाडि थिए, शिक्षाको विषयमा ज्ञानको विषयमा हामी खुल्ला स्थानमा बसेर प्रकृतिसँग रमाएर ज्ञान हासिल गर्दाखेरि धेरै रचनात्मक कुराहरू हुन्छन्। त्यो बन्द कोठामा के रचनात्मक होला र ?

अहिले हामी शिक्षाको लागि व्यवसायको भार झेलिरहेका छौं। शिक्षाको व्यवसायको कारणले गर्दा नेपालमा मात्र नभएर अरू ठाउँमा पनि त्यसको विरोध भएको छ। खासगरी हामी जुन विकासको लागि, जो ताते-ताते गर्दैछौं, त्यो देशलाई त पक्कै पनि गंभीर भार पर्छ। शिक्षालाई हामीले व्यापार बनाएका छौं। अस्ति भर्खर मैले देखें, कार्टुन आएको थियो। तपाईंले आफ्नो बच्चाको लागि किताब, लुगा, जुत्ता, पेटी सबै स्कुलबाटै लिनुपर्ने हुन्छ। अनि शिक्षा नि, त्यो व्यवस्थापकले भन्छिन्, ए त्यसको लागि त ट्युसन लिनुपर्छ। हामी साँचिक्कै डरलाग्दो सँघारमा उभिएका छौं। अब हामीले सरकारसँग यस्तो हुनुपर्छ भनी माग गर्नु पर्दछ। राजनीतिक पार्टीले यस्तो कुरा प्रकाशमा ल्याउनु पर्छ, उसको घोषणा पत्रमा यस्तो कुराहरू हुनुपर्छ भनेर माग राख्छौं। अब माग राखेर काम छैन। हामी युवाहरूले त्यो दिशामा काम गर्नुपर्छ। हुनुपर्छ भन्दा पनि गर्नुपर्छ भन्ने तिर लाग्नुपर्छ।

- हाम्रो देशमा पर्यटकको अपरम्पार सम्भावना छ। धार्मिक पर्यटन छ, कृषिकै सम्बन्धित छ। मेडिकल पर्यटन र अन्य प्राकृतिक पर्यटनको सम्भावना छ। त्यो विषयमा हामीले शिक्षा नै दिदैनौं। आउने समयमा संसारभरि अहिलेको जसरी पेट्रोल डलरमा राजनीति भइरहेको छ। यसरी नै पानी डलरको राजनीति हुनेछ। तर हामीसँग जलस्रोतको बारेमा पाठ्यक्रम नै

छैन । संसारको ७५ प्रतिशत् जडीबूटी नेपालमा पाइन्छ त्यसको लागि पनि हाम्रो किताबमा पाठ्यक्रम नै छैन । मैले भन्न खोजेको यति मात्रै, अहिले  हामी अर्काको देखासिखी गरेर धेरै अगाडि गइरहेका छौं, लगभग तीन करोड जनता छन् हामीसँग । हाम्रो देशमा १५ हजारको आसपास सि.ए का विद्यार्थी छन् । त्यसलाई हामीले भोलि कहाँ प्रयोग गर्ने । अहिले ६ देखि ७ हजार इन्जिनिरिङ्गका विद्यार्थीहरू छन्, डाक्टर, नर्सको त्यति नै लामो जमात छ र तीन करोड जनसंख्या भएको देशमा यो शक्तिलाई हामीले कहाँ सदुपयोग गर्ने । त्यसको लागि हामीले योजना ल्याउनुपर्छ । किनभने हामीसँग व्यावहारिक शिक्षा नै छैन । त्यस कारणले यो शिक्षाको व्यवसायीकरणलाई हामीले पक्कै पनि सोच्नुपर्नेछ र व्यावहारिक शिक्षा तर्फ हाम्रो देशको स्रोत के हो, त्यसलाई बुझेर त्यसै आधारमा हामीले शैक्षिक नीति बनायौं भने पक्कै पनि यो देशलाई समृद्धि तर्फ लैजान सफल हुनेछौं ।

- शैक्षिक विषय वस्तुमा बहस गर्दा अहिले हाम्रो नेपालमा विशेष बहस कहाँ उठ्छ भन्दाखेरि स्कुलहरूको व्यवस्थापन र कार्यसम्पादनको विधिमा हामी बढी केन्द्रित छौं । मलाई एकजना विद्वान्ले भनेको कुरा निकै याद आउँछ । उहाँले भन्नुभएको थियो - एक्काइसौं शताब्दी विचारको दिवालियाका कारण समस्याग्रस्त हुनेछ । वास्तवमा हामी जहाँ जसरी जुनसुकै अवस्थामा बहस गरौं, या कसैको समर्थन गरौं कसैको विरोध गरौं । भोलि यदि हामीले त्यो समस्या समाधान गर्ने ठाउँमा हामी आफू नै पुग्यौं भने पनि हामीसँग समाधान छ त ? हामीले बोलेका कुराहरू त्यति बेला लागू हुन्छन् त ? मिल्नेवाला छ यो परिपाटी ? केही समयदेखि म पनि यो विषयलाई एकदमै गम्भीरताका साथ अध्ययन गरिरहेको छु । एउटा कुरा के फरक छ भने, हामी इतिहासबाट सिकेर वर्तमानमा त्यसको प्रयोग गरिरहेका छौं । वास्तवमा वर्तमानबाट सिकेर भविष्यको लागि प्रयोग गर्नुपर्थ्यो । यसर्थ यहाँ एउटा पुस्तान्तरणको खाडल बन्छ । त्यसले गर्दा हाम्रो व्यावहारिक ज्ञानको सदुपयोग हुँदैन ।

- हाम्रो परीक्षा प्रणालीमा सुधार आवश्यक छ । सामान्यतया हेर्ने हो भने परीक्षाको बेलामा निश्चित प्रश्नहरू आउँछन् । त्यसको उत्तर दिएका आधारमा विद्यार्थीको ज्ञानको मापन गर्दछौं । उत्तरका आधारमा यो राम्रो, त्यो नराम्रो, यो पास, यो फेल भन्ने मान्यता बनाउँदछौं । तर समग्रमा कस्तो प्रस्तुति छ ? उसले कस्तो गरिरहेको छ ? कक्षामा क्रियाकलाप कस्तो छ भन्ने कुरा परीक्षाफलमा जोड्दैनौं । परीक्षाको परिणामको अंकलाई मात्र जोड गर्दछौं । त्यसले विद्यार्थीलाई परीक्षामा राम्रो अंक ल्याए हुन्छ भन्ने लाग्दछ र परीक्षाको तयारीमा मात्र विद्यार्थीहरू योजना बनाउँछन् । त्यसै गरी हाम्रो पढाउने पद्धति पनि कस्तो छ भने एउटा शिक्षकले सबै कुरा ल्याएर सबै बनाएर दिनुपर्ने विद्यार्थीलाई । विद्यार्थीको आफ्नो मौलिक योगदान, आफ्नो क्षमता, आफ्नो खोज्न सक्ने क्रियाशीलता सबै गुमिसकेको छ अहिले । हामीले त्यही जे पढाउँछौं त्यसको एउटा टिपोट दिनुपर्छ । विद्यार्थीले किताब पढ्न छोडिसके । अब शिक्षकले समेत पढाउन छोडिसके ।

  अहिले एउटा शिक्षकले एउटा समयमा एक कलेजमा, अर्को बेला अर्को कलेजमा गरी दिनमा चार-पाँच वटा कक्षा लिइरहेको हुन्छ । त्यस्तो शिक्षकबाट कसरी योग्यता निर्माण गराउन सकिन्छ त ?

  हाम्रो सरकारले र हामीले पनि यो पढ्ने, पढाउने विषयलाई यो आंशिककालीन अध्यापन हो वा पूर्णकालीन हो भन्ने स्पष्ट गर्नु आवश्यक छ । सरकारले पनि त्यो निश्चित गर्नुपर्छ ।

- हामीले शिक्षाको बारेमा कुरा गर्दाखेरि केही परीक्षा प्रणालीका कुराहरू, त्यसपछि पाठ्यक्रमका कुरा र शिक्षकका योग्यताका कुराहरू पनि आए । यो सँगसँगै अहिलेको पाठ्यक्रम जुन हामीले पढिरहेका छौं, पढाइरहेका छौं, त्यो धेरै पुरानो छ । यो पाठ्यक्रमले हाम्रो सिद्धान्तका कुरालाई त केन्द्रित गरेको छ तर सँग सँगै यसले शिक्षामार्फत् समाजलाई दुई भागमा विभाजन गरेको छ ।

- कृषि शिक्षा नेपालमा त्रिभुवन विश्वविश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले शुरू गरेको हो । त्यसपछि अहिले भर्खरै मात्र कृषि तथा वन विज्ञान विश्वविद्यालय नै बनेको छ। त्यो अहिले विश्वविद्यालय बन्नासाथै त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विश्वविद्यालयबीच सम्पत्ति हस्तान्तरणको विवाद अत्याधिक चुलियो। अहिले कस्तो स्थिति आयो भन्दाखेरि न त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान राम्रोसँग स्थापित हुन सक्यो न अहिलेको कृषि तथा वन विज्ञान विश्वविद्यालय नै सुचारू भयो । आफ्नो त्यत्रो संपत्ति, आफ्नो जुन आधार भनौं न, रामपुर क्याम्पस थियो, त्यसलाई त्यहाँबाट छाडी त्रिभुवन विश्वविद्यालय विस्थापित भयो र त्यहाँ कृषि तथा वन विज्ञान विश्वविद्यालय आयो । त्यो पनि भर्खरै नयाँ छ । नयाँ हुँदाहुँदै त्यहाँ पनि थुप्रै प्रशासनिक विवादले गर्दा कृषि तथा वन विज्ञान विश्वविद्यालय राम्रोसँग चल्न सकेन। दुबै संस्थाहरू अहिले छिन्नभिन्न अवस्थामा छन्। हामीकहाँ चाहिँ अध्ययन अनुसन्धान छैन। वास्तवमा कृषि शिक्षामा तीन वटा कुराहरू हुन्छन् : अध्ययन अनुसन्धान र प्रसार हो। विश्वविद्यालयले तीन वटै कुरालाई हेर्ने हो भने एउटा कार्यादेश हुन्छ, अध्ययन पनि त्यहीँ हुन्छ र अनुसन्धान पनि त्यहीँ हुन्छ । त्यो अनुसन्धानबाट निस्केका प्राप्तिहरू प्रसार गर्ने र किसानहरू समक्ष पुऱ्याउने भन्ने प्रसारको पाटो पनि हो । त्यो हाम्रो कृषि शिक्षा शुरू हुँदाखेरिको एउटा अवधारणा थियो । तर, अहिले यहाँ आइपुग्दासम्म कृषि अध्ययनमा मात्र सीमित भयो । अनुसन्धान र प्रसार हराइसक्यो। किन त भन्दा आर्थिक स्रोतको कमी छ। आर्थिक स्रोतको सुनिश्चितता र कामको मूल्यांकन हुने हो भने नेपालमा धेरै कार्यहरू गर्न सकिन्छ।

- नेपालको सन्दर्भमा शिक्षालाई व्यापारिक प्रयोजनमा प्रयोग गर्नुभन्दा यसले देशको समृद्धि, देशको उन्नतिको लागि एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ । जस्तै कृषिको कुरा गरौं अथवा मेडिकलकै कुरा

गरौं । डा. गोविन्द के.सी.ले जसरी मेडिकल क्षेत्रमा आन्दोलन गरिरहनु भएको छ त्यस्तै आन्दोलन कृषिमा पनि गर्नुपर्ने अवस्था भइसकेको छ। जसरी नेपालको सन्दर्भमा डाक्टर, इन्जिनीयरहरू यति धेरै उत्पादन भए कि त्यसको खपत गर्न सक्ने क्षमता नेपालमा भएन। त्यो कारणले पनि शैक्षिक जनशक्ति बाहिर गएर सेवा गर्न बाध्य भएको छ । नेपाललाई समृद्ध बनाउनका लागि मेरूदण्डको रूपमा भएका मानिसहरू नेपालमा खपत नभएका कारणले विदेश जानु परेको छ । विकसित देशहरूमा कस्तो पद्धति छ भने त्यहाँका सरकारी विश्वविद्यालयहरू एकदम बलिया छन्। उनिहरूले सरकारको नीति कस्तो हुनुपर्ने हो भन्ने निर्धारण गर्दछन्। विद्यालय शिक्षादेखि नै नेपालको शिक्षा बजारमुखी भएको छ । पैसा तिरेर प्रमाणपत्र पाइने संस्थाहरू बनेका छन् विद्यालयहरू । यसले गर्दा सरकारको नीति निर्माणमा योग्यहरूको भन्दा पनि पैसावालाहरूको बढी महत्व देखिन्छ । अतः सरकारी विश्वविद्यालय, विद्यालयहरूलाई अझ बलियो बनाएर अगाडि बढ्यौं भने मात्र नेपालमा बिस्तारै शैक्षिक प्रणाली सुदृढ हुँदै जान्छ र नेपालको समृद्धि पनि त्यहीँ हिसाबले बढ्दै जान्छ।

- सामान्यतया नेपालमा कस्तो खालको सोच छ भने सबै कुरा बिग्रियो-बिग्रियो भनेर भन्दाभन्दै आफैं बिग्रिएको चाहिँ चालै पाइँदैन । एउटा उदाहरण यहाँ प्रस्तुत गर्दछु, - चार वर्ष नपुगीकन कानुनले बच्चालाई स्कुल नपठाउनु भनेको छ। शिक्षा ऐनले त्यो कुरा भनिदिन्छ तर प्राइभेट स्कुलहरूमा कस्तो अवस्था देखिन्छ भने साढे दुई वर्षदेखिको बच्चा रोईरहेको हुन्छ। उसको आमाबाबाले उसलाई स्कुलमा छोडेर जान्छन्। हाम्रा स्कुल सञ्चालन गर्नेहरूले त्यो बच्चा नलिने भन्यो भने अर्को छेउको स्कुलले लान्छ, लिनै पर्‍यो। बच्चा सानो छ अहिले स्कुल नल्याउनु भन्यो भने अभिभावकले भन्छ - यत्रो व्यस्त अवस्था छ मेरो, तिम्रो मात्र स्कुल छ र ? अभिभावकले बच्चालाई यसरी स्कुल पठाएपछि मानसिकरूपमा उसको आमाबाट टाढा भएको जुन पीडा हुन्छ, त्यसले गर्दा भविष्यमा

समाज एकदमै नराम्रो स्थितिमा जाने स्थिति देखिन्छ । एउटा बच्चामा आफै आपराधिक मानसिक स्थिति बन्दछ । किनभने उसको आत्मीयता प्रत्येक दिन घट्दै जान्छ। सर, मेडम पनि भन्न नजान्ने खालको बच्चालाई नै स्कुलहरूमा पठाउने अवस्था छ र अहिले त्यो कुरालाई हटाउन हामीले के भनिरहेका छौं भने, अब चार वर्षभन्दा मुनिको बच्चालाई स्कुलमा भर्ना लिनु हुँदैन । अब योभन्दा अधिको उमेरकालाई भर्ना लिनेहरू विरूद्ध मुद्दा हालेर भए पनि रोकिनु पर्छ भन्ने मेरो आफ्नो धारणा रहेको छ ।

अर्को कुरा प्राइभेट विद्यालयमा कस्तो हुँदोरहेछ भने अंग्रेजीमा मात्र बोल, नेपाली नबोल भन्छ । त्यो शिक्षकले त्यस्तो भन्दा अचम्मै लाग्छ । यो नेपाली हो कि, बाहिरबाट पो आएको हो। त्यो देखेर मैले स्कुलमा नेपाली बोल्ने क्षेत्र भनेर एउटा क्षेत्रलाई छुट्टाई दिए। आफ्नो मातृभाषा बोल्ने क्षेत्र भनेर मातृभाषा बोल्ने क्षेत्र छुट्टाई दिएँ । अंग्रेजी बोल्ने क्षेत्र भनेर अंग्रेजी बोल्ने क्षेत्र पनि छुट्टाई दिएँ। त्यो भयो भने सबैतिरको भाषाको पनि सम्मान भयो, अनि उसले सबै भाषा पनि सिक्छ।

- हामी शिक्षा नीति अथवा शैक्षिक व्यवस्थाका बारेमा चर्चा गरिरहेका छौं । अहिले हामी यहाँ नेपालीहरूलाई विदेशमा पढ्ने अथवा त्यहाँ पढ्न जाने अथवा त्यहाँ पढ्नु पर्छ भन्ने बारेमा अलिकति चिन्तन गर्न थाल्यौं भने त्यहाँ हामीलाई साँच्चिकै चाहिने कुरा मात्र पढाइन्छ भन्ने एउटा मानसिकता तयार हुन्छ। हामी आफ्ना बच्चालाई होस् या आफ्नो नजिकका साथीभाईहरूलाई विदेशतिर पढ्यौ भने तिम्रो विकास हुन्छ, तिमी सक्षम हुन्छौ, भोलि तिमीले नेतृत्व गर्न सक्छौं भनेर हामी सुझाव र सल्लाह पनि दिन्छौं । तर म केही विदेशीहरूलाई पनि पढाउँछु । संस्कृत पढ्न आउनेहरूलाई यही विषयमा सोध्छु । उनीहरू चाहिँ के भन्छन् भने हामीले भौतिक विकास गर्‍यौं, सबै गर्‍यौं तर मनमा एक किसिमको उपलब्धी पाउने चाहना राखेर हामीले पढ्यौं, अध्ययन गर्‍यौं, विकास गर्‍यौं तर त्यो चिज पाएनौं । जतिसुकै

सम्पत्ति कमाए पनि अथवा जे भए पनि त्यो नपाएपछि खोजी गर्दै जँदा संस्कृत पढ्नाले आन्तरिक विकास र शान्ति हुने तथ्य फेला पऱ्यो । त्यसो भनेर संस्कृत पढ्न जीवनको उत्तरार्धतिर पनि आउनु हुन्छ । अनि कोही चाहिँ युवा अवस्थामै संस्कृत अध्ययनमा लाग्नु हुन्छ । ती विदेशीहरूको धारणा नै के छ भने यहाँ केही छ, त्यसका लागि भारत र नेपालमा जानुपर्छ, त्यहाँ गएर हामीले ज्ञानको प्राप्ति गर्न सक्छौं । जुन हामीले जन्म जन्मान्तर अथवा हाम्रा हजुरबुवाले अथवा त्योभन्दा पहिलेको पुस्ताले खोजेको कुरा, अनुसन्धान गरेको कुरा, त्यतिखेर उहाँहरूले बुझाउन सक्नुभएन होला । समाजमा अलिकति नाम चलेका मान्छेहरूले जे भनिदिए त्यसबाटै समाज बिस्तारै प्रेरित हुँदो रहेछ । त्यसले गर्दा हामीले अब समाज परिवर्तन र विकास एवं समृद्धिको मुख्य कारण शिक्षा हो भन्ने बुझ्नुपर्छ र हाम्रो मौलिक शिक्षालाई राम्रोसँग  पढाउन शुरू गर्नु पर्दछ ।

- सरकारले शिक्षा नीति बनाउँदा लामो कालखण्डलाई हेरेर बनाउनु पर्छ । सरकार परिवर्तन भएपछि मात्र होइन । कुनै सानो स्वार्थका लागि  जस्तो, माओवादी युद्धका लागि संस्कृत गलत हो भन्ने प्रचार बढ्दै-बढ्दै यो बाहुनको, ब्राह्मण वर्गले मात्र पढ्ने हो भन्दाभन्दै अहिले ब्राह्मणले पनि त्यो पढ्नु हुँदैन भन्न थालिसके । कुनै पनि चिज हामीले समाजमा फ्याँकि दिन्छौं, कुनै आफ्ना स्वार्थका लागि । त्यसको असर धेरै लामो समयसम्म हुनसक्छ । त्यसैले अब राजनीति गर्ने मान्छेहरूले पनि परिवर्तन चाँहदाखेरि सय वर्ष पछाडिको समाजले पनि त्यो परिवर्तनलाई आत्मसात गर्न सक्ने परिवर्तन हुनुपऱ्यो ।

त्यसै गरी अर्को कुरा के हो भने आन्दोलन गर्ने युवाहरूले परिवर्तन चाहने तर परिवर्तनको लाभ चाहिँ वृद्धहरूले मात्र लिन खोज्ने प्रवृत्ति ठीक होइन । जुन व्यक्तिले बीस वर्षको हुँदा परिवर्तनको कामना राखेर संघर्ष गर्छ, ऊ पचास वर्षको हुँदा त्यसलाई बिरासतको रूपमा मैले पाउनु पर्छ

भन्छ । ऊ पचास वर्षको हुँदै गर्दा बीस वर्षकालाई म नेतृत्व दिन्छु भनेर उसले सुम्पिन सक्यो भने उसको परिवर्तनको चाहना पूरा भयो । ऊ स्वयंले मैले संघर्ष गरेको हुँ । त्यसले गर्दा त्यसको फल मैले भोग्नु पर्छ अथवा मैले नै त्यसको आधारमा शासन गर्नुपर्छ भन्ने सोच्यो भने त्यो परिवर्तन होइन । म जुन बेला परिवर्तन हुनुपर्छ भनेर सोचिरहेको हुन्छु, त्यहीँ बेला मैले नेतृत्व गर्न पाएँ भने नेतृत्व गर्नुपर्छ । म ५०, ६० वर्ष, ७० वर्षको हुँदा, त्यही कारणले  नेतृत्व पाएँ भने, त्यो मैले २० वर्षकोलाई सुम्पिनु पर्छ । वास्तवमा त्यो मात्र परिवर्तन हो भन्ने मलाई लाग्छ र शिक्षा नीतिमा पनि त्यो खालको सोच विकास भयो भने बल्ल हामी शिक्षित हुन्छौं र हाम्रो परिवर्तन सम्भव छ ।

- शिक्षा पद्धतिको कुरा गर्दा हाम्रो परम्परागत शिक्षा पद्धतिमा भएको वैज्ञानिक पक्षलाई हालको आधुनिकताको नाममा विकसित शिक्षा पद्धतिले पूर्णतः ढाकेको छ । मानिसको दिमागमा नै पूरातन विचारधारा अवैज्ञानिक हुन्छ भन्ने स्थापित गरिएको छ । हाम्रो मौलिकतालाई अवैज्ञानिक भनिएको छ । मौलिकतामा भएको वैज्ञानिक पक्षलाई खोज अनुसन्धान गरिनु आवश्यक छ ।

हामीले कस्तो मूल्य मान्यता बनाउँदै छौं त घरदेखि नै । हाम्रो बच्चाहरूलाई कस्तो शिक्षा, कस्तो संस्कार सिकाउँदै छौं ? बच्चाहरूको लागि उसको खालि पानामा जे लेख्यो ऊ त्यही नै हुन्छ । बच्चाको दिमागमा भोलि बढ्दै गइसकेपछि तपाईं हामी जस्तै स्कलर बन्ला अथवा जुन ढङ्गले घरबाट जस्तो मान्यता सिक्छ त्यही ढङ्गले अगाडि बढ्न सक्ला । यो पद्धति कसरी बनाउने ? यसका लागि राज्यले कति लगानी गरेको छ र राज्यले लगानी गरे अनुसार कत्तिको त्यसको आउटपुट देखिएको छ । अर्बौं बजेटमा अर्बौं शिक्षाको लागि खर्च हुन्छ । शिक्षाको लागि सबैभन्दा बढी छुट्याइ दिएको छ । १५ देखि १८ प्रतिशत शिक्षालाई

दिइन्छ। तर त्यसको आउटकम बालुवामा पानी खनाए सरह छ। राज्यले दैनिक बेरोजगार उत्पादन गरिरहेको छ। थोरै मात्रामा प्रतिस्पर्धा गर्न सक्ने उत्पादन गर्न सकिएला। या त राज्यले बेरोजगार उत्पादन गरेको छ या त राज्यले स्कलरहरू उत्पादन गरेर ब्रेनड्रेन गराइरहेको छ। बाहिर पठाइरहेको छ। रोक्ने कसरी ? हामीले स्कुलमा पूर्वव्यवसाय शिक्षा पढ्यौं। अहिले सामाजिक शिक्षा हामी अंग्रेजीमा पढाउछौं। सामाजिक शिक्षा अंग्रेजीमा पढाउँदा शायद नेपालको सामाजिक शिक्षा अनुरूप छ कि छैन ? अथवा बाहिरको पढाइन्छ। हाम्रो स्कुल, घरले सिकाउने, अभिभावकल आफ्नो बच्चालाई सिकाउने जुन मान्यता छ त्यो बिग्रदै जाँदा भोलिको पुस्ता सही ढङ्गले राम्रो बन्न सक्दैन। उसले देशको नेतृत्व गर्न नसक्ने हुन्छ। नेतृत्व राजनीतिक रूपमा मात्र होइन। सबै प्रकारको नेतृत्व गर्न सक्ने पनि हुँदैन। यसलाई हटाउन वा घटाउनको लागि राज्यको पद्धति नै परिवर्तन हुनु जरूरी छ।

- हाम्रो नेपालको शिक्षाको इतिहास हेर्दा धेरै लामो छैन। त्यसले गर्दा हामी सिक्ने प्रक्रियामै छौं। नेपालको अहिलेको युवा जमात विद्यार्थीले, जुन नयाँ छ त्यसले एउटा आदर्श व्यक्ति देखिरहेको छैन। को हो त नेपालको आदर्श व्यक्ति ? जसलाई हेरेर म यो देशमा काम गर्छु, म यो देशमा पढ्छु, यो देशमा मिहिनेत गर्छु, जसले गर्दा मेरो भविष्य सुनिश्चित हुन्छ भन्ने, त्यो देखिरहेको छैन। त्यो सबैभन्दा ठूलो समस्या हो। किनभने हरेक विद्यार्थी यही देशमा काम गर्न चाहन्छ तर उसलाई एउटा भरोसा छैन। सुरक्षाको अनुभूति गरेको छैन। यस कारण उसको मन नेपालमा छैन। त्यसैले यहाँ आज शिक्षकको मन, विद्यार्थीको मन, कर्मचारीको मन, सुरक्षाकर्मीको मन र राजनीतिज्ञको मन यो देशमा छैन। स्वदेशको माटोमा छैन। हरेकको मन चञ्चल छ। कसैको मन स्थिर छैन। हाम्रो मन स्थिर हुनुपर्छ- हाम्रा विद्यार्थीको, शिक्षकको, शिक्षाविद्को, राजनीतिज्ञको, कर्मचारीको आदि सम्पूर्णको। नेपालको सचिव भएर रिटायर हुँदै गरेको व्यक्तिले उसको

आफ्नो भविष्य युरोप र अमेरीकामा देख्छ। कसरी अनि हाम्रो देश बन्छ त ? त्यस दिशामा हामीले कसरी काम गर्न सकिन्छ भन्दा गुरुकुलीय शिक्षा पद्धतिको शुरूवात गरेर। हाम्रो सरकारले राम्रो लगानी गरेर ७७ जिल्लामै गुरुकुल स्थापना गर्नुपर्छ। जहाँ गणित, विज्ञान, अंग्रेजीका साथमा हाम्रो मूल्य र मान्यताका विषयहरू, नेपाली माटोको मौलिकताका विषयलाई जोडेर हामीले एकसय विद्यार्थीलाई प्रत्येक जिल्लामा पढायौं भने र यदि त्यहाँ लगानी राम्रोसँग गर्‍यौं भने आजको १५ वर्ष पछाडि, सात हजार जना व्यक्ति चरित्रवान्, इमान्दार र कर्मठ मन भएका उत्पादन हुनेछन् । त्यो भयो भने नेपाललाई विश्वको सबैभन्दा उच्च देश बनाउन सक्छौं । त्यसको लागि हामीले लगानी गर्नुपर्छ।

- शिक्षामा यहाँ गुणस्तरलाई भन्दा पनि परिमाणलाई बढी उजागर गरेको देखिन्छ । हाम्रो काठमाडौंलाई हेर्दा स्कुल कलेजहरूको संख्या बढ्दै गइरहेका छन् विद्यार्थी नबढे पनि । प्रत्येक १-२ कि.मि को दूरीमा कलेजहरू छन् । यसले गर्दा शिक्षा व्यापारतर्फ उन्मुख भइरहेको छ । कलेज भित्रको शिक्षाको विषयमा कसैले भन्दैनन् । कलेजमा सुविधा यस्तो छ, कक्षाकोठामा ए सी राखिएको छ। भौतिक सुबिधाहरू पर्याप्त छन्। यस्ता विषयमा अभिभावक आकर्षित छन्। त्यहाँ पढाउने शिक्षक कस्ता छन्, पाठ्यक्रम कस्तो छ, त्यसप्रति कसैको ध्यान गएको देखिदैन। यसले देशलाई धेरै प्रभावित पारिरहेको छ।

- नेपालमा शिक्षाको अवधारणामा अस्पष्टता कहिलेबाट शुरू भयो भन्ने विषयमा अलिकति विचार गर्नुपर्छ हामीले। कुनै जमानामा हाम्रो आफ्नो पद्धति थियो। नेपालमा आफ्नै पद्धतिको शिक्षा थियो। नेपालमा साधारण शिक्षाको शुरूवात हुँदै गर्दा राणाकालीन समयमा राणाहरूद्वारा विदेशी शिक्षा भित्र्याइयो। विदेशी शिक्षा सिधै अनुकरण गर्दै अंग्रेजी शिक्षा शुरू भयो। त्यसपछि नेपालमा शिक्षाको अवधारणा नै खल्बलियो। आधुनिक

शिक्षाको जब गौरवपूर्ण इतिहास लेखियो तब हाम्रो मौलिक र परिपक्व शिक्षामा ह्रास आयो। त्यसैको परिणाम स्वरूप अहिले ब्रेनड्रेनको अवस्था आयो।

फेरि राणाहरूबाट शिक्षा यति बलियो भयो कि राज्यको केन्द्रमा रहेका मान्छेहरूको मात्र त्यो शिक्षामा पहुँच भयो। त्यो पहुँचले गर्दाखेरि जसलाई अंग्रेजी बोल्न आउँछ त्यो ठूलो मान्छे भयो। त्यो सोच विकसित हुँदै स्कुल कलेजमा मात्र होइन कि अहिलेको लोकतान्त्रिक व्यवस्थामा पनि फैलियो। अंग्रेजी बोल्दा एकदम ठूलो मान्छे भइन्छ भन्ने चलनले मान्छेहरूलाई ज्ञान भन्दा पनि जसरी भए पनि अंग्रेजी बोल्नुपर्छ भन्ने भयो। त्यो निकृष्ट चिन्तन आज पनि विद्यमान छ।

- शिक्षकले अनुसरण गर्ने र विद्यार्थीले पनि अनुसरण गर्ने पाठ्यक्रम हो। त्यो पाठ्यक्रम यसरी बनाइएको छ कि ज्ञानमा मात्र फोकस गरेको छ। पाठ्यक्रमलाई सीप र व्यावहारिक पक्षमा केन्द्रित गरिएको पाईंदैन। कक्षा नौ को विद्यार्थीलाई केवल ज्ञानमा फोकस गरिएको छ। व्यावहारिक शिक्षाको खाँचो छ। तर गल्ती पाठ्यक्रममा नै देखिन्छ। शिक्षकले त्यसैलाई पछ्याउने र विद्यार्थीले पनि त्यसैलाई पछ्याएको छ। शिक्षण सिकाइमा गएको विद्यार्थीले पनि त्यसैलाइ पछ्याएको छ। पाठ्यक्रममा नै सबै मौलिकताहरूलाई मिलाएर एउटा राम्रो पाठ्यक्रमको विकास गर्न सकियो भने हामीले यो शिक्षाको स्तरलाई उठाउन सकिन्छ। यसरी नयाँ विचारको प्रारम्भ हुनु जरूरी छ।

शिक्षा नीतिको प्रसंगमा अर्को व्यावहारिक पाटो पनि यहाँ चर्चा गर्नु आवश्यक छ। नेपाल बाहिरबाट पढेर फर्किएपछि त्यहाँ पढ्नभन्दा त्यसलाई नेपालमा समकक्षता लिन कठिन हुन्छ। एक दुई पटक धाएर र

भनेर वा फारम भरेर मात्र त्रि.वि.ले त्यसको व्यवस्था गर्दैन।  केही पैसा खर्च गर्दै समय र मानसिक पीडा पनि झेल्न बाध्य पार्दछ। यसले गर्दा समकक्षताको विषय अझै गंभीर रहेको तर्फ पनि ध्यान दिन जरूरी छ।

- हामीले हाम्रो शिक्षाको मौलिकता के हो, त्यो बुझ्न सकेनौं। जब कि हामीले हाम्रो योगलाई उताबाट योगा भएपछि मात्रै  चिन्यौं। तर यहाँ योग भन्दा चिन्दैनौं। यहाँ ध्यान थियो, हामी ध्यानलाई चिन्दैनौं। मेडिटेसन भनेपछि मात्र चिन्यौं। हामी कति पछाडि छौं, हाम्रो कुरा उता जाने, उताबाट मोडिफाई भएर आउने अनि त्यहीं कुरा यहाँ मान्ने। हाम्रो शिक्षा दुई किसिमको भयो। एउटा सरकारी र अर्को प्राइभेट। प्राइभेट विद्यालयले किन व्यापार गरिरहेका छन् ? किनभने हामी कमजोर भएको कारणले निजी विद्यालयलाई कम्पनीमा दर्ता गर्न लगायौं। कम्पनीको उद्देश्य भनेको नाफा कमाउने हो। जब उसलाई कम्पनीमा दर्ता गरेर व्यापार गर भनिन्छ भने उसले व्यापार नगरेर के गरोस् त ? अहिले केही भन्न नसकेर सेवामूलक व्यवसाय भन्न थालेको छ। शिक्षालाई हाम्रो मौलिकतामा ढाल्नु पर्छ। समाजमा अहिले असल मान्छेभन्दा पनि धनी मान्छे बन्नु पर्छ भनेर सिकायौं। यसलाई बदल्न युवाहरूले चिन्तन-मनन र बहस गर्नु जरूरी भएको छ।

- नेपाली मौलिकतालाई जोडेर समाजमा शिक्षा लागू गर्नुपर्छ। बच्चालाई संस्कार, संस्कृति सिकाउनु पर्छ। परिवार तथा इष्टमित्रसँग गर्ने व्यवहारको व्यावहारिक ज्ञान सिकाउनु पर्छ। इतिहास रट्न होइन, बच्चालाई इतिहास रच्न सिकाउनु पर्छ। सरकारी सेवामा भएकोले सरकारलाई गाली गर्दा पिन्च हुँदोरहेछ। हामी पढेलेखेका मान्छेहरू कहिल्यै पनि सोच्दैनौं कि सरकारमा पुगेर केही राम्रो परिवर्तन गरौं भनेर। हामी आनन्दसँग  बसेर सरकारलाई गाली गर्छौं। यो भएन त्यो भएन। तर आफैंले लोक सेवामा

छिर्न के गर्नुपर्छ र कसरी देशको काम गर्न सकिन्छ भनेर सोचेको पाईदैन। भोलि सरकारमा गएर देशको सेवा गर्नुपर्छ भन्ने मनमा नआएपछि कसरी देशको काम हुन संभव छ। म जे गर्छु त्यो देशका निम्ति गर्दछु भन्ने भावका साथ पढे लेखेका मानिसहरूले सेवाको भावना लिएर सरकारी सेवामा आउने हो भने बल्ल देशको भलो हुनेछ। यसरी आफूले आफैंलाई सबल बनाउँनु पर्दछ।

- हामीसँग अहिले राम्रा अवसरहरू छन्। शिक्षाका अवसरहरूलाई सुधार गर्ने एउटा मात्र उपाय भनेको उद्यमशीलता शिक्षा हो। किनभने फेरि हामी राजनीतिक चिन्तनबाट आर्थिक समृद्धितर्फ लम्किँदै छौं। आर्थिक समृद्धि हुने भनेको शिक्षाबाटै हो। शिक्षालाई पनि अब सार्वजनिक सम्पत्तिको रूपमा राख्नुपर्छ। सार्वजनिक सम्पत्तिलाई उकास्ने अथवा अगाडि बढाउने एउटै आधार उद्यमशीलता शिक्षा हो। उद्यमशीलता शिक्षा त्यस्तो वर्गलाई दिन सकियोस् जोसँग ज्ञान छ र जसले ज्ञानलाई प्रदर्शन गर्न सक्छन्। जो मसँग गाउँमा पढेका साथीहरूको बच्चाबच्चीहरूले पनि सक्लान् र जो बाहिर हुनुहुन्छ उहाँका केटाकेटीहरूले पनि सक्लान्। अहिले हामीसँग सुवर्ण अवसर पनि छ र सुवर्ण पुस्ता पनि छ। हाम्रो मौलिक ज्ञानलाई उद्यमशीलता शिक्षामार्फत् अगाडि ल्याउन सकियो भने यो क्लास ग्याप जुन प्राइभेट शिक्षाले प्रदान गरेको छ त्यो कम गर्न सक्छौं।

  हामीले मोटो रकम खर्चेर बाहिर पढ्न जानुभन्दा त्यो किसिमको पढाइको लागि नेपालमा व्यवस्था गर्न सक्यौं भने धेरै पैसा नेपालमा रोकिन्छ। हामी हिमालयको तलपट्टि बसेर अक्सफोर्डको शाखा खोली बाहिरबाट विद्यार्थी किन ल्याउन नसक्ने ? एउटा सिस्टम खोल्नुहोस् बाहिरबाट विद्यार्थी ल्याउनुहोस्। हिमालयको तलपट्टि बसेर अक्सफोर्डको पाठ्यक्रम पढ्नुहोस्। नेपाललाई वैश्विक परिदृश्यमा चिनाउनको लागि, नेपालमा विदेशबाट विद्यार्थी ल्याउनको लागि समृद्ध नेपाल बनाउन किन प्रयास नगर्ने त।

साथै विदेशीको पढाइ जस्तो नेपालमा नभएको पनि होइन। कक्षा १० वा कक्षा १२ को पढाइमा विदेशका विभिन्न विश्वविद्यालयका पाठ्यक्रमका आधारमा कक्षा सञ्चालन भइरहेका छन्। त्यस्ता विश्वविद्यालयको डिग्री लिएपछि विश्वको कुनै पनि देशमा विद्यार्थी बिक्छन् भन्ने मान्यता छ। १० देखि मास्टर्स् सम्मको पढाइमा विदेशी विश्वविद्यालयबाट स्वीकृति लिएर पढाइने गरिएको छ। विदेशी पढाइ नेपालमा ल्यायौं तर विदेशी सीप नेपालमा दिन सकेका छैनौं। विदेशमा पढाइ सँग सँगै ब्याचलर्स, मास्टर्सको विद्यार्थीलाई प्रयोगात्मक काममा पनि लगाइरहेको हुन्छ। तिनीहरू उद्योगमा गएर काम गर्छज्, रिसर्च गर्छन्। नेपालमा बि.बि.एस., एम.बि.एस पढेको विद्यार्थी ६ महिना बैंकमा जान्छ। त्यहाँ फोटोकपी गर्न बाहेक केही पनि सिक्दैन, सिकाइँदैन। त्यसकारण  विदेशी डिग्री त ल्यायौं तर सीप ल्याउन सकेनौं। त्यसैकारण  सरकारी तथा निजी कलेजहरूको नीति निर्माणबाट नै यस्ता  कुराहरूमा ध्यान पुऱ्याएर अगाडि बढ्नु अति आवश्यक छ।

- विद्यार्थीले पढेको कुराको अर्थ थाहा पाउनु पऱ्यो। त्यो बुझाइदिएको खण्डमा विद्यार्थीले बुझ्ने थियो। जापानको पढाइको बारे कत्तिको थाहा छ। जापानमा कक्षा ४ सम्म कसैले पनि परीक्षा दिनुपर्दैन। चारसम्म अनुशासन सिकाइन्छ। कसरी बस्ने, हात धुने त्यो कुरा यहाँ छैन। नर्सरीमै जाँदाखेरि लु टप गर्नुपर्छ, टप गर्नुपर्छ। जापानमा कक्षा ४ सम्म पढ्दैनन्। मानवीय व्यवहार मात्र सिक्छन्। अनि अर्को कुरा यहाँ नपढे फोहोर उठाउने मान्छे भइन्छ भनेर  सिकाइन्छ। त्यहाँ त्यो हुँदैन। बच्चाले पनि फोहोर उठाउँछ, त्यो कुरा त्यहाँ सिकाइएको छ, सिकेको छ। हाम्रोमा आमा-बाबाले तैंले पढिनस् भने खेतमा गएर काम गर्नुपर्छ, खेतमा पढेलेखेको मान्छे पनि त काम गर्न सक्छ नि त। हामीले कुरा बुझेका छैनौं। हो त्यो अवधारणा हामीले हटाउनु पऱ्यो। जापानमा ४ कक्षासम्म विद्यार्थीले होइन शिक्षकले परीक्षा दिन्छ। कत्तिको बुझिराखेको छ त विद्यार्थीले भनेर। त्यहाँ स्कुल

विद्यार्थीले सफा गर्छन्, विद्यालयको चमेना गृहमा आँफै खाजा बनाउँछन् विद्यार्थीले । त्यसबाट उनीहरूको विचारमा नै परिवर्तन आएको हुन्छ । अंकको आधारमा भन्दा पनि व्यावहारिक सीपका आधारमा सम्मान प्राप्त हुन्छ । यसबाट देशका लागि मानिस जन्मिन्छन् ।

- वास्तवमा देशको शिक्षामा आमूल परिवर्तन ल्याउन विद्यार्थी आन्दोलनले ठूलो भूमिका निर्वाह गर्छ । तर नेपालको सन्दर्भमा हेर्ने हो भने विशेष गरेर राजनीतिक पार्टीसँग आबद्ध रहेका विद्यार्थी संगठनले विद्यार्थीका गतिविधिहरू चलाएको पाइन्छ । त्यसमा खासगरेर शिक्षा क्षेत्रमा परिवर्तन ल्याउनेभन्दा पनि चन्दा उठाउने बेला भयो भने विद्यालयहरूले धेरै शुल्क उठाए भनेर एकदुई दिन बन्द गर्ने र आठ नौ महिना चुप लागेर बस्ने स्थिति देखा परेको छ ।

- सीप विकासको कुरा हेर्ने हो भने शिक्षकको भूमिका अत्यन्त ठूलो देखिन्छ । सरकारी विश्वविद्यालय एवं विद्यालय हेर्ने हो भने जागिर सुरक्षित छ । मैले किन धेरै दुःख गर्नुपर्‍यो, जागिर पाइहालिन्छ भन्ने देखिन्छ । प्राध्यापक, शिक्षकहरूको चलन के छ भने विद्यार्थीहरूलाई समय नदिने र एकदम रिजर्भ माइन्ड सेटमा रहेर आफ्नो ज्ञान दिने प्रवृत्ति नेपालमा देखिदै आइरहेको छ । प्राइभेट विद्यालयहरूमा हेर्ने हो भने शिक्षकहरूलाई गुरुभन्दा पनि खेतालाको रूपमा हेर्ने गरिन्छ । त्यो कारणले गर्दा आफूमा भएको ज्ञानहरू खुलस्त दिनेभन्दा पनि आफ्नो तलब कम हुने भएको कारणले आफूलाई जति भनेको छ त्यति दिने गरिन्छ । विद्यार्थीहरूसँग धेरै घुलमिल हुन नखोज्ने, समय पनि नदिने कारणले गर्दा सीपको विकास भएको पाइदैन । अहिले त पावरप्वाइन्टको प्रविधि आएको कारणले गर्दा यो शिक्षा बाँड्नेभन्दा पनि शिक्षालाई संकुचित बनाउन प्रविधिको प्रयोग भएको छ । अहिले यो गाउँ गाउँमा कम्प्युटरमा आधारित शिक्षण गराउने भनिएको छ । कतिको अनुगमन गरिन्छ यसले कस्तो प्रभाव पार्छ

भन्ने बारेमा अध्ययन हुन बाँकी नै छ। यसको उचित प्रयोग गरिएन भने भविष्यमा अर्को ठूलो समस्या पनि हुन सक्ने संभावना देखिन्छ।

- बच्चाहरूको कमजोरीभन्दा पनि पढाउने तरिका, शैली वा नीतिमा केही कमजोरी छ भन्ने पनि हामीलाई थाहा छ। तर यदि हामी पढाइको स्तर सुधार्न सक्दैनौं भने पिटेर वा जबरजस्ति उसलाई १०/१२ कक्षासम्म पठाउने हो भने किन उसलाई पढाइराख्ने। हाम्रो मूल शैक्षिक परम्परामा किन नलैजाने। किन उसलाई अरू अप्सन नदिने। अंग्रेजी, गणित, विज्ञान नै किन पढ्ने भन्न किन डराउने। साक्षर हुनेसम्म जोड गरेर पढाउने। जोसुकै मान्छे होस् पढ्न सकोस्, लेख्न सकोस्, साक्षर बनोस्। त्यस पछाडि उसलाई विकल्प दिने। किनभने पढाइमा पो सकेन उसँग अन्य क्षेत्रमा लाखौं खुबिहरू पनि छन् होला। त्यही हिसावले जता पनि सोच्नुपर्छ। प्रायःजसो अभिभावकहरूले आफ्नो बच्चाहरूलाई व्यवस्थापन र वाणिज्य धेरै पढाउने कोसिस गरेको देखिन्छ। उसले अरूमा सक्थ्यो होला। बच्चाहरूले देखिरहेको गरिराखेको सुनिराखेको कुराहरू र उसलाई रुचि भएको कुरामा जान दिनुपर्छ।

- मेरा धेरै साथीहरू ए लेवलको अध्ययन सकेर विदेश जानुभयो। उहाँहरू फर्कनु भएन। तर उहाँहरू किन फर्कनु भएन भनेर हामी कसैले सोचेका छौं त ? मेरो एकजना साथीले अस्ट्रेलियामा फरेन्सिक पढ्यो। ऊ फर्केर आयो। उसको नेपाली च्यानलमा अन्तरवार्ता भयो। ऊ चाहिँ प्रथम नेपाली फरेन्सिक वैज्ञानिक भनेर उसलाई प्रश्नहरू धेरै गरियो। अब उसले उहाँ प्रयोगशालामा अनुसन्धान गर्दै पढ्यो। यहाँ आउँदा त प्रयोगशाला नै छैन, अनुसन्धान नै गर्न सक्दैन। त्यत्रो दुःख गरेर पढेपछि त उसले आफ्नो भविष्य पनि त हेर्नुपर्‍यो। उसले आफ्नो पढाइलाई कहाँ प्रयोग गर्न सक्छ त। उसले आफूले पढेको कुरा कसैलाई सिकाउनै सक्दैन, अनुसन्धान गरेर यहाँ देखाउन सक्दैन भने त पढाइ प्रयोगमा आएन। विदेशमा पढेका

विद्यार्थीलाई नेपालमै गएर केही गरौं भन्ने हुन्छ। तर यहाँ उसको पढाइलाई मिल्ने कुनै स्थान नै छैन। त्यो विषयमा यहाँ कसैलाई ज्ञान हुँदैन। त्यसको लागि सरकारले जानकारी लिएर त्यस्ता मानिसलाई नेपालमा ल्याएर काम गर्ने वातावरण निर्माण गर्न सके देश विकासमा सहयोग पुग्ने थियो।

- नेपालमा किन पढिरहेका छौं भन्ने महत्वपूर्ण प्रश्न हो जस्तो लाग्छ आजको नेपालको सन्दर्भमा। शिक्षामा लगानी परिवारले किन गरिरहेका छन्। लगानीको फाइदा खोज्दा, छोराछोरी विदेश पढ्न पठाउँदा, ठूलो लगानी भएको हुन्छ। परिवारले विदेश पुगेपछि नेपाल आउन दिदैनन्। किन आउनु उतै बस् भन्दिन्छन्। शिक्षा आर्जन किन गरिरहेका छौं भन्दा पैसा कमाउनको लागि। किन भन्दा नपढेकोले यति कमायो भन्छौं। त्यस अर्थमा शिक्षा जान्न होइन पैसा कमाउनै त रहेछ। अहिले यति दवाब छ पढ्नको लागि कि उसले त्यो थेग्नै सक्दैन। त्यसपछि कि उसले दुई नम्बरी गरेर पैसा कमाउनु पऱ्यो कि त्यसो गर्न नसकेपछि आफूलाई केही गर्न नसक्ने निकम्मा भएकोमा पश्चाताप गरेर आत्महत्या गरेर मर्न बाध्य हुन्छ। त्यसकारण मेरो विचारमा शिक्षा क्षेत्रमा शिक्षकहरूमा पनि समस्या छ जस्तो लाग्छ। विदेशीहरूको सिको गर्न हामी लाग्दछौं। विदेशीले आफ्नो देश, परिवेश, आवश्यकता अनुसारको शिक्षा दिन्छन्। हामीले त्यसलाई सिक्दा सिक्दै समय परिवर्तन हुन्छ, अर्को नयाँ आवश्यकता आइसक्छ। जब समय सकिन्छ त्यसपछि हामी त्यसैलाई लागू गर्दछौं। यसले स्थान, परिवेश आदिभन्दा फरक शिक्षा लिन बाध्य छौं। अतः हामीले आफ्नै देश अनुकूलको शिक्षानीति बनाउनु जरूरी छ।

शिक्षाको आवश्यकता किन छ सरकारको लागि ? शिक्षाले के दिन्छ ? सरकार कता गइरहेको छ ? यी यावत् कुराहरू बुझेपछि मात्र शिक्षाको स्तरीकरण हुन्छ होला। किनभने विगत ४०-५० वर्षदेखि नै हामी जुन कुराबाट गुज्रिरहेका छौं, हामी आँफैलाई थाहा छैन हामी कहाँ जाँदै छौं

भनेर । त्यसैले हामी शिक्षाको विषयमा यहाँसम्म आइपुग्यौं । यो नै ठूलो कुरा हो हाम्रा लागि र समाजका लागि पनि । अतः विचार र विवेकका साथ देशको परिस्थिति र परिवेशका आधारमा शिक्षाको गन्तव्य निश्चित गर्नु आवश्यक छ। केवल शिक्षा शिक्षा भनेर गन्तव्यविनाको शिक्षामा मात्र राज्यले लगानी गर्दा त्यसको परिणाम सुखद नहुन सक्दछ।

- देशमा कुनै पनि राजनीतिक परिवर्तन हुन्छ भने त्यसमा युवा वर्गको वा विद्यार्थीहरूको ठूलो भूमिका हुन्छ । सामाजिक परिवर्तन वा अन्य कुनै व्यवस्था परिवर्तन हेर्नुहुन्छ भने देशका अधिकांश युवाहरूको सहभागिता हुन्छ । उदाहरण हेर्न सक्छौं, सन् १९८०मा अर्जेन्टिनामा विश्वविद्यालय आधुनिक हुनुपर्छ भनेर ठूलो आन्दोलन भएको थियो। त्यस्तै चीनमा सन् २०११ देखि सन् २०१३ सम्म विश्वविद्यालयमा नयाँ प्राज्ञिक अवधारणाको विकास गर्नुपर्छ भनेर निकै ठूलो आन्दोलन गरिएको थियो। सकारात्मक पाटोबाट हेर्नुहुन्छ भने १९७१ को  डिसेम्बर १६ मा पूर्वी पाकिस्तान र पश्चिमी पाकिस्तान छुट्टिएर बंगलादेश स्वतन्त्र भएको थियो । त्यसको जरा विद्यार्थीहरूले १९५२ फेब्रुअरी २१ मा गरेको भाषा आन्दोलन थियो भनिन्छ । त्यो जगमा परिवर्तन हुँदै अन्तमा पूर्वी र पश्चिमी पाकिस्तान टुक्रिने अवस्थामा आयो । नेपालमा हामी विद्यार्थी आन्दोलनमा होमिदै गर्दा तपाईं हामी युवा पुस्ताको नेतृत्व लिँदै गर्दा कम्तीमा पनि नेपालको दृष्टिकोण बुझ्नुपर्छ । वि.सं. २००३ मा संस्कृत विश्वविद्यालयको तीनधारास्थित संस्कृत पाठशालामा अध्ययनरत छात्रहरूले नेपालमा नयाँ प्रकृतिको विषय पढाउनुपर्छ, संस्कृत मात्र पढाएर हुँदैन । यस पाठ्यक्रममा अन्य विषय पनि समावेश गराउनुपर्छ भनेर आन्दोलन गरेका थिए। त्यो आन्दोलनले केवल विषयहरू थप मात्र गराएन २००७ सालको आन्दोलनमा पनि त्यसले महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । हामीले हेर्ने गरेका छौं, तपाईं हामीले नै आन्दोलन गर्‍यौं। एउटा व्यवस्था परिवर्तनको लागि २०६२/०६३ मा आन्दोलन गर्‍यौं। २०४६ सालको आन्दोलनमा

अग्रज दाइहरू पनि हुनुहुन्थ्यो होला । त्यसैले मैले भन्दै गर्दा राजनीतिक परिवर्तन र सामाजिक परिवर्तन लगायत सकारात्मक पाटोबाट हेर्दै गर्दा युवाको भूमिका र विद्यार्थीहरूको भूमिकाको कुरा गर्दा युवाको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ ।

- शैक्षिक संस्थामा राजनीतिक हस्तक्षेप बढी भयो भनेर संस्थागत क्षेत्रले कुनै पनि प्रकारको राजनीतिक गतिविधि गर्न बन्द गरेको छ । जबसम्म शैक्षिक संस्थामा कुनै पनि प्रकारको राजनीतिक गतिविधि हुँदैन तबसम्म नेतृत्वको विकास हुन सक्दैन । नेताहरू कहाँ बाट निकाल्ने । अतः नेतृत्व विकासका लागि राजनीति आवश्यक छ । संवेदनशील नेतृत्व निकाल्न नसकेको खण्डमा भविष्यमा देशको विकास हुन सक्दैन । अतः दलगत स्वार्थलाई छोडेर व्यक्ति, समाज र देशको हितका निम्ति आवश्यक राष्ट्रिय मूल्यमा आधारित राजनीति आवश्यक छ ।

❀❀❀

# विकास र समृद्धिको अवधारणा

**प्रस्तावना**

यहाँ हामी विकासको अवधारणाको बारेमा चर्चा गर्नेछौं। विकाससँग सम्बन्धित भएको विषय विज्ञान र प्रविधि पनि छ। हुन त अर्को ढङ्गले पनि त्यसलाई चर्चा गर्न सक्छौं । विकासको अवधारणासँगै सामान्यरूपमा हामी सबैले विकासको चर्चा गर्दाखेरि भौतिक विकासको सन्दर्भमा बढी चर्चा गरेको भेट्छौं । त्यसमा सडक विकासका कुरा, भवन बनेका कुराहरू आउँछन् । सहरहरूमा आर सि सी भवनहरू बनेका छन् भने त्यो विकास हो भन्ने हाम्रो अवधारणा छ। दश वर्षअघि गएको शहरमा दश वर्षपछि गयौं भने धेरै विकास भएछ भन्छौं हामी। हाम्रो विकासको मापदण्ड के हो ? यो संसारभरि विमर्शको विषय बनेको छ। भुटानले जि.डि.पि लाई बढी ध्यान दिनेभन्दा पनि ग्रस ह्याप्पिनेस इन्डेक्स भनेर सुखको मापदण्ड बनाएको छ। मनुष्यलाई सुख कति छ भनेर नाप्ने सूचक केही पनि छैन, तैपनि उसले एउटा मापदण्ड बनाएको छ। त्यसैले समग्र विकासको सन्दर्भमा, हामी विकास गर्दैगर्दा चेतनयुक्त विकास गर्दैछौं कि, चेतना शून्य विकास गर्दैछौं ? एकातिर हामी भौतिक विकासको कुरा गर्दैछौं भने अर्कातिर पर्यावरणतिरको चिन्ता । पर्यावरणलाई कुनै ध्यान नदिने आजको जुन समग्र विकासको अवधारणा छ त्यस सन्दर्भमा नयाँ आइडिया प्राप्त भएर हामीलाई नयाँ दिशामा जानको लागि मार्ग प्रशस्त हुनसक्छ भन्ने यस सत्रको अवधारणा रहेको छ।

## विचारहरू

- निकै बढी बहस भएको विषय भनेको नेपालको जलस्रोतमा लगानी ल्याउने सवालमा हो । पानीमा हाम्रो देश निकै धनी छ। हाम्रो लागि पानी गल्फ देशहरूमा भएको तेलजस्तै हो । तर हामीले पानीलाई सदुपयोग गर्न सकेका छैनौं ।

  नेपालको आर्थिक विकासको आधार पानी हो, बिजुली हो । पानीबाट बिजुली उत्पादन गर्न भारत र चीन दुवै देशहरूबाट लगानी ल्याउनु पर्दछ। चीनले लगानी गरेमा बजार उसले खोज्दैन। भारत आफैं बजार पनि हो । अतः भारतसँग अत्यन्त ठोस सम्झौता गर्दै विद्युत् उत्पादन एवं बिक्री गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ। नेपालले चीनको वा भारतको लगानी भनेर पूर्वाग्रह राख्नुभन्दा लाभ कसरी लिने भनी सोच्यो भने देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान हुनेछ।

- अहिले यहाँ विकास र विज्ञानको विषयमा कुरा आएको छ। म जेएनयूमा पढ्दा एकजना विज्ञानको विद्यार्थी भाइले जहिले पनि भन्ने गर्नुहुन्थ्यो - “हाम्रो घरमा विज्ञान नै प्रवेश गरेको छैन । हाम्रो देशको कसरी विकास हुन्छ ?” धर्मविना समाज हुँदैन र धर्मबाट विज्ञान बनेको हो । यसलाई हामीले नकार्न सक्दैनौं। हामी अहिले भूमिगत बोरिङ विकासका कुराहरू गर्छौं । त्यो हाम्रो भूगर्भको लागि कत्तिको घातक छ त्यसमा हाम्रो ध्यान पुगेको छैन । अर्को विकासको कुरा गर्दाखेरि जंगलमा सल्लाको बोट देख्छु। नाङ्गा डाँडा भयो भनेर रूखहरू रोप्ने गर्‍यौं। सल्लाको बोट हाम्रो पर्यावरणको लागि राम्रो होइन। त्यो बोटले पानी सोसेर राख्छ। पानीको मूल सबै बन्द हुन्छन्। कतिपय अवस्थामा हामीले विकास गर्दा विनाश त गरेका छैनौं ? त्यतातिर सोच्न जरूरी छ। तर विकास विकास मात्र भन्छौं। डाटा हेर्‍यो भने नेपालको सबैभन्दा विकसित र समृद्ध जिल्लामा इलाम पर्छ। त्यहाँ चिया खेती हुन्छ र त्यहाँका मानिसहरू प्रायः सबै जना शिक्षित हुनुहुन्छ । नेपालमा सबैभन्दा बढी आत्महत्याको दर इलाममा

नै छ। भारतको सबैभन्दा समृद्ध राज्यमा सिक्किम पर्छ। सबैभन्दा बढी आत्महत्या घटना त्यसैमा छ । जुन हामी भौतिक विकास भन्छौं के भौतिक विकासले मानिसहरू खुशी भएका छन् ? बेलायतमा एउटा रिसर्चले सडकको पचास मिटर वरिपरि घर भएका मानिसहरू जो त्यहाँ वरिपरि बसेका हुन्छन्, तिनीहरूमा सबभन्दा बढी पागलपन हुन्छ भनी पत्ता लगाएको छ। उनीहरूलाई तनाव हुन्छ। एकदम मानसिक रोग लाग्न सक्छ । त्यो कारणले पागल हुन सक्छ। हामीले विकास त भन्यौं तर कस्तो खालको विकास खोजिरहेका छौं। बाटो बन्नु, ठूल-ठूला कलेज, विद्यालय, उद्योग बन्नु विकास हो । हामीले हाम्रो भित्री अन्तर आत्मा संस्कृति, ती सबलाई सखाप पार्दै त गएका छैनौं विकासको नाममा भन्ने कुरा विचारणीय छ।

- हामी नेपालीहरूमा धैर्य अलि कमी छ कि जस्तो लाग्छ। रोम एक दिनमा बनेको होइन । रोम हजार वर्षपछि बनेको हो । हाम्रो देश गरिब छैन र गरिब पनि थिएन। आज हामी जहाँ बसेका छौं गोकर्णमा, यहाँ मानगृह भन्ने ठाउँ थियो । मानदेव राजाको पालामा दरबार मानगृह बनेको ठाउँ थियो । आज मल्लकालीन दरबारहरू हेर्नुस, समृद्धिको एउटा परिचय हो। भूकम्पले भत्काउन सकेन। के हामी गरिब थियौं र ? छैटौं र सातौं शताब्दीको इतिहास हेर्नुहोस् हामी कति समृद्ध थियौं। चीन र भारतभन्दा पनि हामी समृद्ध थियौं। पुर्खाहरू असाध्यै खुशी थिए। हामी शक्तिशाली थियौं।

- एउटा भिन्न प्रसंगमा राष्ट्रपतिदेखि लिएर प्रधानमन्त्रीसम्म विभिन्न क्षेत्रका विज्ञहरूले समृद्धिको विषयमा बोल्नु भएको छ। समृद्धि भनेपछि खाली आर्थिक कुराहरू मात्र गर्नु भएको छ। समृद्धिको अरू विषयमा प्रवेश गर्नु भएको छैन। हामीले समृद्धि भन्नेवित्तिकै धनसम्पत्ति कमाउने सोचेका छौं। धन कमाउने मात्र समृद्धि होइन । तन-मन पनि कमाउनुपर्‍यो । मनलाई खुशी पार्नुपर्‍यो । जुन दिन हामी खुशी हुन्छौं, हामीले हाम्रो संस्कृतिको जगेर्ना गर्छौं, त्यसबेला आत्म सन्तुष्टि हुन्छ, समृद्धि हुन्छ।

- हाम्रो देशमा प्रचुर मात्रामा प्राकृतिक स्रोतहरू छन् । त्यसको सदुपयोग र प्रयोगका विषयमा कार्य योजना बनाउँदै लानुपर्छ । खासगरी जलको सन्दर्भमा भन्ने हो भने छ हजार नदीनालाहरू छन् । हाम्रा जलविद्युत्को सन्दर्भमा हेर्ने हो भने ८४,००० मेगावाटको क्षमता छ। कम्तीमा ४०,००० मेगावाट उत्पादन गर्न सक्छौं । नेपालसँग ८५६ मेगावाट बिजुली छ । २,३०० मेगावाट उत्पादन गर्दैछौं। भुटानसँग भएको जलस्रोतलाई भारतको लगानीमार्फत् त्यहाँ इलेक्ट्रीसिटी जेनेरेट गरिसकेपछि हाल आर्थिक पाटोलाई इलेक्ट्रीसिटीले तानेको सन्दर्भ छ। पक्कै पनि नेपालको जललाई सदुपयोग गर्न सक्यौं भने, बाहिर देशबाट लगानीकर्ताहरू भित्राउन सक्यौं भने र सकारात्मक दृष्टिबाट व्याख्या गर्न सक्यौं भने नेपालको आर्थिक विकास त्यतातिर जोड्न सकिन्छ।

- कृषि उत्पादन गर्ने सन्दर्भमा अब जमिनको नै कुरा गर्ने हो भने नेपालको भौगोलिक अवस्था जानकारी नै छ। १५ प्रतिशत हिमालय, ६८ प्रतिशत पहाडी र १७ प्रतिशत तराई छ। हाम्रो कृषि योग्य जमिन भनेर तराई क्षेत्रलाई केन्द्रित गरिएको छ । ४२ हजार २ सय हेक्टर जमिन कृषि योग्य जमिन छ। त्यसको ५० प्रतिशत अर्थात् २२ हजार १ सय २५ हेक्टर जमिनलाई हामीले कृषिमा आधुनिक पद्धति अपनाउन सकियो भने ३ करोड नेपाली जनतालाई कुनै आर्थिक व्ययभार नपरीकन राष्ट्रिय विकासको लागि आयमा एउटा ठूलो भूमिका निर्वाह गर्दोरहेछ । ५० प्रतिशत उत्पादन गर्ने, ५० प्रतिशत बिक्री गर्ने नेदरल्याण्डको १२ प्रतिशत कृषि योग्य जमिनले नेदरल्याण्डको अर्थतन्त्र धानेको छ । त्यसैले कृषिलाई अझ आधुनिकीकरण गरेर लानुपर्छ । त्यसैगरी जंगललाई नेपालको सन्दर्भमा हेर्नुहुन्छ भने ३९ हजार कि.मि. फैलिएको छ। १,६०० जति प्रजातिका त हामीसँग जडीबूटीका बिरूवाहरू छन्। नेपालसँग भएको १,६०० जति प्रजातिका जडीबूटी बिरूवाहरूलाई कम्तीमा पनि नयाँ आधुनिक ढङ्गले प्रयोग गर्न सक्नुपर्छ । त्यसलाई अझ उत्पादनमुखी, जनमुखी ढङ्गले अगाडि बढाउन सक्नुपर्छ । समाज परिवर्तनको पाटो पनि जोडिन्छ । रोजगारीमा वृद्धि पनि हुन्छ । नेपालसँग रहेको सम्पत्तिलाई जगेर्ना गर्न

सक्यौं भने धेरै कुराहरूमा परिवर्तन हुन सक्छ। तसर्थ सकारात्मक पक्षबाट यी कुराहरूलाई लिएर अगाडि बढ्न सक्यौं र गर्न सक्यौं भने विकास पनि अगाडि बढ्छ।

- हाम्रो आफ्नो दिगो विकासको लक्ष्य नै छैन । २०७४/०७५ देखि ०८० सम्म सबैका लागि पिउने पानी बचाऊँ भनेर किन हामी त्यसमा नआउने। हामी सधैं विदेशको कुरा गर्ने। अहिले हामी सबै काम विदेशीले नै बनाएको भन्ने ठान्दछौं। नेपाल सरकारले पनि अझ वातावरण मैत्री स्थानीय सरकार भन्ने सुनेको होला कसै कसैले । इएफएलजि भनेको नेपाल सरकारले बनाएको विशुद्ध चीज हो । कुनै सहयोग नगरीकन । त्यसमा पनि प्रत्येक गाउँमा एउटा पोखरी अनिवार्य हुनुपर्छ भनेर लेखिएको छ। प्रत्येक घरले दुईवटा रूख रोप्नुपर्छ भनेको छ। हाम्रो विज्ञता भएर पनि हामीले त्यसको प्रयोग गर्न सकिरहेका छैनौं।

- नेपालको विकासको सन्दर्भमा विकास शहरबाट हुनुपर्थ्यो र उत्पादन गाउँबाट हुनुपर्थ्यो । त्यो संभव हुन सकेको छैन । त्यही सेरोफेरोमा हेर्दै गर्दा स्थानीय विकास र स्थायी विकासको लागि दिगो विकास । त्यो सन्दर्भमा हामीले लामो समयसम्म राजनीतिक चेतना र विकास बारेमा केही सोचेनौं। पहिला जनताको आशा हामीले छिटो के प्राप्त गर्ने भन्ने हुँदोरहेछ । छिटो के प्राप्त हुने कुरा सोच्दै गर्दा उम्मेदवारको घर पनि त्यही बस्तीमा छ । मतदाताहरूको त्यही गरिब बस्तीमा घर छ । तर उम्मेदवार उठ्ने बित्तिकै उनीहरूको सोच सरकारले यसलाई दुई करोड दिएको होला र पठाएको होला भन्ने हुँदोरहेछ। साँझ भोट माग्न जाँदै गर्दा जनता, मतदाता र कार्यकर्ताहरूले भन्छन् कि सधैं लोकल रक्सी खाएर पूरा जिन्दगी बिताएका भौंतारिएका युवाहरूले पाँच सय रूपैंयाँको वियर र एक सयको खसीको सुकुटी माग गर्छन्। माग हुँदै गर्दाखेरि एउटा त्यही गरिब वस्तीबाट लडेको उम्मेदवारले एउटै कार्यकर्तालाई खुवाइरहनुपर्छ र प्रचार प्रसार गरी दुई महिना लम्बिन्छ। अनि मात्र उम्मेदवारले जित्छ। कार्यकर्ताले खाएको जोड्छ र प्रचार प्रसारमा लागेको खर्च घर बेच्दा पनि नउठ्दो रहेछ। अनि अन्तिम विकल्प त्यहाँ भ्रष्टाचार हुन जान्छ।

- सबै देशको आफ्नो शक्ति हुन्छ । केही कमीकमजोरी हुन्छ, स्वाभाविक कुरा हो । विश्वको नै भूगोल, परिस्थिति, वातावरण अलग-अलग हुन्छ । त्यसकारणले नेपालको सामर्थ्य के हो भन्ने कुरा पत्ता लगाउनुपर्छ । केही विषयहरू छन् जुन हाम्रा सामर्थ्यभित्र पर्छन् । नेपाललाई समृद्ध बनाउन सक्छौं । सबैभन्दा पहिलो शक्ति भनेको हाम्रो पर्यटन व्यवसाय हो । पानी त बगेको बगेकै छ । पर्यटन सबैभन्दा बलियो शक्ति हो ।

  अर्को हाम्रो क्षमता वा सामर्थ्य भनेको मानवीय स्रोत हो । किनभने नेपालीहरूलाई विश्वका मानिसले सबैभन्दा राम्रो मान्छे ठान्दछन् । नेपालीहरू मिलनसार हुन्छन् । दुनियाँमा कसैले पनि नेपालीलाई नराम्रो भनेको छैन । ऋषिमुनिहरूले अनुसन्धान गरेको यही हिमालमा हो । किनभने माटो, पानी र हावाको प्रभावले गर्दा हाम्रो मन कमलो छ । हामीलाई दया भाव आइहाल्छ । सबैका सहयोगी छौं । त्यो भनेको हाम्रो ठूलो शक्ति हो । यसलाई हामीले अधिकाधिक प्रयोग गर्न सक्छौं । यो मानव स्रोत वरदान हो । यसको सदुपयोग गरी विकास गर्न सकिन्छ । अर्ग्यानिक उत्पादनहरू पहाडी भूभागमा धेरै उत्पादन हुन सक्छ त्यसको माग विश्वमा बढाउन सक्छौं ।

- नेपाल ऋषिमुनिको देश हो । नेपाल हिन्दू सनातन देश हो भनेर भाषण गर्छौं । तर यसलाई उत्पादनमा बदल्नुपर्छ । वसुधैव कुटुम्बकम् हाम्रो विचार हो । त्यसले के भन्छ भने दुनियाँ एउटा ठूलो परिवार हो । अफ्रिकामा गएर यो कुरालाई सिकाऊँ न । यो विश्व एउटा परिवार हो भनेर ज्ञान दिन सक्छौं । योग गर्न सक्छौं । त्यसपछाडि अहिले विश्वमा नै सूचना र ज्ञानको जुन अन्तराल छ त्यसलाई बुझाउन सकिन्छ । मान्छेलाई मान्छे बनाउने हामीसँग ज्ञान छ । हामीसँग विभिन्न दार्शनिक ग्रन्थहरू छन् । ती वेद, पूराणहरू हाम्रा शक्ति हुन् । हामीले अंग्रेजी भाषामा युरोपियनले र चाइनिजहरूले जान्ने गरी सिकाउन सक्यौं भने त्यसबाट पनि प्रशस्त मात्रामा कमाउन सक्छौं ।

- आज हाम्रो जीवन पद्धति आफ्नो परिवारप्रतिको संस्कार सिकाउन सक्छौं । ती सिकाउने कुराहरू हाम्रा सामर्थ्य वा सम्पत्ति हुन् । यो कुरामा हामी लाग्यौं भने हामी साँच्चि आदर्श देश र विकासको क्षेत्रमा प्रगति गर्न सक्छौं । यस्ता अनन्त सम्भावना छन् । जसको लागि विरोधको राजनीति हामीले त्याग्नुपर्छ ।

  पृथ्वीनारायण शाहले भन्नुभएको सही हो । हामी दुई ढुङ्गाबिचको तरूल हो । तरूल त सजिव हो ढुङ्गा निर्जीव हो । हामी विकास गर्न सक्छौं । हामीहरू सशक्त रूपमा चलायमान हुन सक्छौं । तरूलबाट निस्केर हामी झाँगिन सक्छौं । चीन र भारतसँग हामी मिलेर हाम्रो सामर्थ्यलाई बढाएर अगाडि बढ्नुपर्छ । उनीहरू सँग माग्न जानुहुँदैन ।

- हामी अविकसित देश होइन । हामी अव्यवस्थित देश हो । स्रोतलाई प्रयोगमा कसरी बदल्ने भन्ने नै हाम्रा अगाडि मुख्य चुनौतीको रूपमा रह्यो । त्यही कारणले व्यवस्थापन महत्वपूर्ण रहेको छ । त्यही कारणले यो व्यवस्थापनलाई विकासको परिप्रेक्षमा जोड्नु आवश्यक छ । विकासलाई व्यवस्थापकीय दृष्टिबाट व्याख्या गर्नु आवश्यक छ भने विकासको राजनीतिक मूल उद्देश्य नै नागरिकलाई जोड्नु हो । यदि विकासमा जोडेन भने विकास त्यहाँबाट विशृङ्खलित हुन थाल्छ । त्यहाँबाट विभिन्न समस्याहरू बातावरणको, जातीयताको आउला । त्यस्ता थुप्रै समस्या आउछन् । त्यही कारणले कसरी जोडिन्छ भन्ने कुरा महत्वपूर्ण हो । अर्को विषय छ यो देशमा विकास हुन्छ कि हुदैन ? देश विकास हुन्छ किनभने यहाँ स्रोतहरू प्रशस्त मात्रामा छन् । तर आजको गम्भीर विषय के हो भने हामीले त्यसको निर्माण राष्ट्रिय पूँजीमा गर्छौ कि अन्तर्राष्ट्रिय पूँजीमा ।

- विकास भन्नाले बाटो मात्र बनाएर, ठूलो भवन बनाएर, सपिंग महल खोलेर हुँदैन । त्यो एउटा जीवनशैलीसँग जोडिनुपर्छ । ठूला-ठूला बाटाहरू बनाएर नदेखाएसम्म हाम्रो मस्तिष्क विकास हुन्छ जस्तो मलाई लाग्दैन । किनभने त्यो बाटोको जीर्ण अवस्था थाहा भएको भए शायद हामी यस

कार्यक्रममा पनि उपस्थित हुने थिएनौं । त्यसकारणले हामीलाई चिन्तन गर्नको लागि बुझ्नका लागि बेला-बेलामा प्रवास गर्नु उपयुक्त हुन्छ। त्यहाँ गएर सुख हुदैन शरीरलाई कष्ट हुन्छ भने अबको समाजलाई जतिसुकै चेतनायुक्त विषय भए पनि ठूलो जमातमा ल्याउन सकिंदैन । शरीरलाई कष्ट गरेर चेतना विकास हुने देखिदैन। पहिला ऋषिमुनिहरू तपस्या गरेर एक ठाउँमा बस्थे । त्यो क्षमता थियो खाना खानु नै नपर्ने पनि स्थिति थियो। एकदम जरूरी पर्दा मात्र खाना खाइन्थ्यो। हावाबाट पनि त्यो शक्ति उनीहरूले लिन सक्थे, ग्रहण गर्न सक्थे। एउटा लामो अवस्थासम्म चिन्तन गर्थे। शास्त्र बन्थे। त्यही शास्त्र अनुसार बनेको समाजले अर्को ऋषिको उत्पादन गर्थ्यो । वास्तवमा अहिले हामी पनि एक किसिमले ऋषि हौं । हामी देशका लागि चिन्तन गरिरहेका छौं । त्यो समाजबाट अर्को नेतृत्व ऋषिको रूपमा उत्पादन गरेर मार्गदर्शन गरियोस् र त्यसमा हामी चलौं । हामी चिन्तन गरिरहेका छौं । हामी एक किसिमले कलियुगका ऋषि नै हौं । यसरी देशका बारेमा चिन्तन गर्ने धेरै मान्छेहरू छैनन् र कति डलर आउँछ त्यसलाई हिसाव गरेर त्यतिमात्र बोल्ने, शब्द पनि जोखेर बोल्ने, भोलि अर्को पल्ट डलरको लागि शब्द बाँकी राखौं कि भन्ने खालको समाज भैरहेको छ। जुन पश्चिमा संस्कृतिको उपज हो। त्यसैले हामीलाई भौतिक विकास एकदम तीव्र रूपमा चाहिएको छ । भौतिक विकास जति हुँदै गयो भोलि हामी चेतना विकासका कुरामा बहस गर्न सक्छौं । भौतिक विकासका कुरा नगरी चेतना विकासका मात्र कुरा गर्‍यौं भने हामी पछ्यौटे हुन्छौं । किनभने हामी चारवटा देशका मानिसहरू एकै ठाउँमा बसेर छलफल गर्न थाल्यौं भने हाम्रो चिन्तन र उनीहरूको चिन्तन फरक हुन जान्छ। उनीहरूले हामीलाई विकसित ठान्लान् । हामी उनीहरूलाई विकसित ठान्छौं। त्यसकारणले उनीहरूको जस्तो देश यहाँ हामी बनाउन चाहन्छौं। उनीहरू हाम्रो देशजस्तो बनाउन चाहन्छन्। पहिला उनीहरूको जस्तो विकास गरौं । अनि हामी त्यसपछि मात्र चेतना विकासतर्फ छलफल गर्न सक्छौं । संस्कृतमा एउटा भनाइ छ "क्षिप्रमक्रियमाणस्य कालः पिबति तद्रसम्" अर्थात् उचित समयमा त्यसलाई गर्न सकेनौं भने

त्यस कामको रसलाई समयले पिइदिन्छ । आजभन्दा दश वर्ष अगाडि मैले नेपालको विकासको जुन कल्पना गर्थें । त्यो बारे कसैले निर्णय गरिदिएको भए शायद आज त्यो कल्पना साकार भैसकेको हुन्थ्यो । आज बल्ल छलफल गर्दैछौं । भोलि निर्णय कार्यान्वयनमा पुग्यौं भने त्यो शायद पूर्ण गरौंला । त्यसैले अहिले आजको मितिमा जुन मान्छे जुन कुर्सीमा बसेको छ त्यहाँबाट निर्णय गरिदियो भने हामीले अहिले गर्दै गरेको कल्पना समयमा नै पूरा हुन्छ ।

- विकास र आय आर्जनको बारेमा केही उदाहरण हेरौं - हामी दार्जिलिङ्गको चिया भनेर जुन चिया अहिले प्रयोग गरिरहेका छौं, त्यो ब्राण्डिङ् मात्र हो । त्यो दार्जिलिङ्गको चिया नै हैन । त्यो इलामको चियालाई दार्जिलिङ्गले ब्राण्डिङ् गर्छ र त्यो अर्कैले हाम्रो भनेर बेचिरहेको छ । यो इलामको नै चिया हो भनेर हामीले चिनाउन सक्नुपर्‍यो नि । त्यस्तै अलैंची अहिले नेपालमा जति उत्पादन भए पनि अरू मुलुकबाट नै प्याक भएर र ब्राण्डिङ् भएर हाम्रै राष्ट्रमा हामीले नै महङ्गो दाममा खरिद गरिरहेका छौं । त्यसैले नेपाली सामानलाई नेपालीले नै ब्राण्डिङ् गरेर बेचौं न । हामीले सबैथोक नराम्रा कुरा गर्‍यौं । कुनै त सकारात्मक पनि कुरा गरौं न । हामीले उत्पादन गरेका चिया हामीले नै ब्राण्डिङ् गरेर र आँफै आफ्नो चिज बनाएर बिक्री गर्न सक्दाखेरि अरू केही गर्नै पर्दैन ।

- हामी विकास र समृद्धिको कुरा गर्छौं । हाम्रो सोचाइ कस्तो छ भने हामी जागिरे बन्न चाहन्छौं । जागिरमा पनि अर्थमन्त्रालय/राजस्व विभाग वा भन्सार क्षेत्रमा । किनभने त्यहाँ कानुनीभन्दा पनि गैरकानुनी पैसाहरू धेरै हुन्छ र आफ्नो इच्छापूर्ति हुन्छ । सबैतिर अनियमितता बाहेक केही पनि छैन । स्तरोन्नति चाहनेदेखि लिएर हरेक मान्छेको सोच नै कति कमाउने भन्ने हुन्छ । व्यापारलाई हेर्ने हो भने पनि हाम्रो देशमा कसरी कर छली गर्न सकिन्छ, त्यही नै व्यापारीहरूको मनमा चलिरहेको हुन्छ । यस्तो भ्रष्ट चिन्तनबाट समाजलाई बदल्न जरूरी छ । समाजको चिन्तन अर्काको नखाने, अरुको वस्तुमा लोभ नगर्ने भन्ने तर्फ लैजान सकेमा मात्र देशको

र समाजको वास्तविक उन्नति सम्भव छ । विकास र समृद्धिको त्यो एक मात्र उपाय हो ।

- देशको विकासको लागि पहिला जोड दिने भनेको कृषि नै हो । जबसम्म हाम्रो देशमा व्यापारिक गतिविधिहरू हुँदैनन् तबसम्म देशको विकास हुन सक्दैन । युवाहरू विदेशिनु भएको छ । विदेशिनुको कारण के छ भने नेपालमा रोजगारीका पर्याप्त अवसरहरू छैनन् । यहाँ भएका खेतबारी बाँझा छन् । गाउँमा खेतबारी प्रशस्त छ । हुँदाहुँदै पनि सबै कुराले पर्याप्त खेतबारी बन्न सकेको छैन, बाँझो खेत बन्न पुगेको छ । स्रोतसाधनहरूमा राज्यले सबै कुरामा दृष्टि दिने हो भने हाम्रा दाजुभाइहरूले विदेशिनु पर्ने थिएन । आफ्नै देशमा काम, पेसा, व्यवसाय गर्न सकिन्थ्यो । साथै कुनै जग्गा लिएर कृषि गर्न सकिन्थ्यो । त्यति गर्न सक्यो भने वैदेशिक रोजगारमा आश्रित नभईकन हामी आफैंमा निर्भर र कृषि विकासबाट देशको विकास हुन सक्दथ्यो ।

- विकासको चाहना गर्दा भौतिक विकासमा मात्र केन्द्रित हुँदा भौतिक विकासका कारण हाम्रो वास्तविक पहिचान, शक्ति र सम्पदाहरू मासिनु हुँदैन । भौतिक विकास मात्र विकास होइन । सम्पदा, संस्कृति आदि विविध पक्षबाट विकासलाई परिभाषित गर्नु पर्दछ ।

  कानुन अनुसारको पुरातात्विक र सांस्कृतिक सम्पदाको पुनर्जगेर्ना गर्दै विकासका कार्यक्रमहरू पनि गर्न सकिन्छ । जहिले पनि भावनात्मकरूपमा बनाइएका विकासलाई हामी हेप्ने गर्छौं । तर भावनात्मकरूपमा हेर्ने हो भने ढुङ्गा र माटोले बनाएका चिजमा आस्तिकपन छ । हामीले सानातिना घर र ती रूढिवादी चिजहरू नदेखौंला र उचाउचा घरहरू मात्र देख्ने प्रक्रियाले नै विकासका नाममा आक्षेप आइरहेका छन् । हिजोअस्ति भाइहरूसँग कुराकानी चलेको थियो । उहाँहरूले एउटा उदाहरण दिनुभयो । अण्डा खँदाखेरि अण्डा नफुटाई खान सकिदैन, र मैले के भने भने, यहाँ त

अण्डा फुटाउने मात्र हैन, कुखुरा नै मार्ने कामहरू भइरहेका छन् । यस्तै हो यहाँ विकासको काम गर्दाखेरि नराम्रो चित्र बस्छ, साथै शिक्षाको विकास गर्न खोज्दा माफिया भइन्छ । वेद आदिको बारेमा कुरा गर्दा कर्मकाण्डी बाहुनवाद भन्छन् । यसले भौतिक विकास भयो भने पनि निरस विकास हुनेछ । देशको वास्तविक पहिचान हराएर केवल फोस्रो विकास बन्ने खतरा रहन्छ ।

- हामीले विकासको कुरा गर्दाखेरि हल्लाको पछि लागेर वास्तविकता नबुझी ल्याइने नीतिहरूले नेपालको विकास हुँदैन भन्ने कुरा सबैले बुझ्नु आवश्यक छ । आयुर्वेदको अनुसन्धानहरू गरिरहँदा पनि त्यसैबाट पनि आय आम्दानीका स्रोतहरू बनाउन सकिन्छ । मधुमेह रोक्नका लागि अस्ति भर्खरै पनि स्टिमिया लगायौं र लगाएको त हामीले घाँस रहेछ नि त । किनकि स्टिमिया लगाउनका लीग कुन चिज कसरी र कहिले नबुझी लगाउनाले हामी आजसम्म घाँस खाई राखेका रहेछौं नि त । त्यसैले लगाउनुभन्दा अगाडि नै अनुसन्धानको आवश्यकता पर्दछ । अघि कुरा भयो अलैंचीको बारेमा र हामीले उत्पादन गरिरहेका छौं । त्यो अन्यत्र जान्छ र त्यसैलाई कसरी अझै उत्पादन गर्न सकिने रहेछ भनेर अझै अनुसन्धान गर्ने र त्यसैलाई कार्यान्वयन गर्ने हो भने पनि विकास गर्न सकिन्छ ।

- विकासको कुरामा देशलाई पर्याप्त आय स्रोत बढाउन हामीले पर्यटन तर्फ हेर्ने हो भने पनि प्रतिवर्ष अहिले पनि हाम्रो देशमा साढे सात लाख पर्यटकहरू नेपाल भित्रिने गरेका छन् । नजिकैको भारतमा जनसंख्या एक सय चालीस करोड छ र चीनको जनसंख्याकै आधारमा हामीले प्रतिवर्ष १० प्रतिशत मात्र यदि पर्यटकहरू नेपालमा घुम्न आए र त्यसलाई व्यवस्थापन गर्न सकियो भने ठूलो आर्थिक उपार्जन बन्न सक्दछ । त्यसैगरी बिस्तारै हाइड्रोपावरको क्षेत्रमा विकास गर्न सकियो भने पनि हाम्रो स्तरोन्नति चाँडै हुनेछ ।

- विकासले विनाश भने ल्याउँनु हुँदैन भन्नेमा राज्य सधैं सजग हुन जरूरी छ। अहिले दाङ जाँदा एउटा सिमेन्ट फ्याक्ट्री बाटोमा पर्छ र त्यहाँ सर्वप्रथम त विदेशी नागरिकहरूको सहयोगमा सिमेन्ट फ्याक्ट्री बनेको थियो । तर अहिले सबैलाई त्यो घाँडो भएको छ। त्यो सिमेन्ट फ्याक्ट्रीबाट निस्कने सेतो धुलो जस्तो चिजले अहिले तनावग्रस्त बनाएको छ । यात्रा गर्ने क्रममा पनि त्यो धुलोको हामीले अनुभव गऱ्यौं। यस्ता प्रकारका उद्योगले देशलाई क्षणिक लाभ दिए पनि मानव स्वास्थ्यमा पार्ने प्रभावका कारण ठूलो नोक्सानी हुन्छ। अतः यसमा सबैको ध्यान जानु आवश्यक छ।

- देश विकासका लागि इमानदारिता, उपयोगिता, पारदर्शिता, सुशासन, अनुशासन, अनुगमन यी ६ वटा विषय जबसम्म मानसिकतामा राखेर पालना गरिंदैन तबसम्म खोक्रो विकासले केही पनि हुनेवाला छैन। जम्मा मैले ८ वटा मुख्य बुँदाहरू निश्चित गरेको छु। ती हुन्- कृषि, बाटो, वन, बजार, व्यवस्थापन, सांस्कृतिक सम्पदा, विचार र चिन्तन।

  हाम्रो सम्पदामा कृषि पनि उत्कृष्ट हो र यसलाई हामीले राम्रो गतिमा दौडाउन सकिरहेका छैनौं । त्यसैगरी आज गाउँ-गाउँमा हामीले विकासको निम्ति बाटो बनाइरहेका छौं। बजार-बजारमा हामीले उत्पादन गरेका कुराहरूको बजार व्यवस्थापन गर्न सकिरहेका पनि छैनौं र वनबाट आम्दानी हुने जडीबूटी साथै हाम्रा उत्पादनहरू नै अन्योलमा परिरहेका छन्। विकासका निम्ति सांस्कृतिक सम्पदाहरू नै मासिने स्थिति हुनुहुँदैन। यहाँ त साच्चै भन्ने हो भने चिन्तनको पनि कमी देख्छु म। जो विकासका लागि अग्रज व्यक्तिहरू छन् उनीहरूलाई चिन्तन भन्ने कुरा थाहा छैन र चिन्तनको कमीका कारणबाट नै दिगो विकास असम्भव भएको हो।

- पर्यटनको कुरा गर्दाखेरि हामीले धार्मिक पर्यटनको विकास गनुपर्ने देखिन्छ। त्यसै पनि नेपाल भनेको परापूर्वकालदेखि नै ऋषिमुनिहरूको तपोभूमि भनेर चिनिन्छ र सांस्कृतिक सम्पदाहरूले पनि भरिपूर्ण देश छ हाम्रो। यहाँ भएका

सबै सांस्कृतिक सम्पदाहरूको पुनः निर्माण गरेर हामीले धार्मिक क्षेत्रबाट नै पर्यटनको विकास गर्न सकिन्छ । साथै राज्यका नीतिहरू पर्यटनलाई प्रवर्धन गर्ने खाले र विकासका अवधारणाहरू ल्याउनेवाला हुनुपर्छ । अर्को कुरा हाम्रा यहाँका आदिवासी जनजाति लगायत विभिन्न अन्य समुदायहरूको सांस्कृतिक पहिचानलाई जगेर्ना गर्दै जानुपर्ने आवश्यकता छ। त्यसले पनि हाम्रो संस्कृति र आर्थिक मजबुतिमा टेवा पुऱ्याउने छ।

- स्थानीय वस्तुको उपयोग गरी उत्पादन गरौं जस्तो लाग्छ । उदाहरणका लागि सन् २०१४ मा पढेको थिएँ कि ऐंसैंलुको वाइनको उद्योग बारे, तर त्यो पर्याप्त प्रचारमा छैन। यसबारे सबैलाई थाहा पनि छैन। तर, यसको माग भने बाहिर एकदम बढी भइरहेको छ। त्यस्तो उद्योगलाई प्रचार प्रसार गर्न सकेका छैनौं । अष्ट्रेलियो ब्राण्डको वाइन यहाँ नेपालमा उत्पादन भइरहेको छ । अहिलेसम्म पनि कसैलाई थाहा छैन । नेपालमा भएको उत्पादनलाई बजारमा पर्याप्त मार्केटिङ्ग साथै उद्योगहरूलाई उत्पादन र व्यवस्थापन गर्न सक्यौं भने अनि पो बाहिरबाट आयात गर्नु पर्दैन र हामी आफैमा स्वतः समृद्ध हुन्छौं । यहाँ शिखर सुजको बारेमा पहिला सुन्दा शिखर सुज बाहिरी उत्पादन भनेर थाहा थियो । तर नेपाली ब्राण्ड भनेर हामीले उपभोग गऱ्यौ र अहिले आएर सफल भयो। त्यसरी नै आफैबाट थालनी गरौं र आफ्नो ब्राण्डलाई प्राथमिकतामा राखौं। यसले विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

- विकासको अवधारणालाई विचार गर्दा समग्र विकास र दिगो विकासका लागि सरकार र जनस्तरबाट पनि ध्यान दिनु आवश्यक छ। मौलिकताको जगेर्ना, मानवशक्तिको सदुपयोग र सामाजिक समरसताका साथ भौतिक स्रोत साधनको उपयोगबाट देशको विकास सम्भव छ।

❁❁❁

# महिला सुरक्षा, सम्मान र युवाको भूमिका

**प्रस्तावना**

हामी अब महिला सुरक्षा, सम्मान र युवाको भूमिकाको बारेमा चर्चा गर्छौं । महिला सुरक्षा, सम्मान र युवाको भूमिका यो दुईवटैलाई संयुक्त रूपमा कुरा गर्छौं । किनभने यसमा युवाको भूमिका महत्वपूर्ण हुन्छ ।

अहिले महिलाको सशक्तीकरणको कुरा, सम्मानको कुराकानीदेखि लिएर जुन घटनाहरू घट्छ, ती घटनाबाट हामी पनि प्रभावित हुन्छौं । आज हाम्रो व्याक अफ माइन्डमा कस्तो कथा भरिन्छ भन्ने कुरा महत्वपूर्ण हो । पहिलेको समयमा गाउँमा हाम्रो बोली व्यवहारमा अलिकति परिवर्तन आउनेबित्तिकै गाउँका मानिसहरू अर्थात् छिमेकीहरूले गाली गर्ने चलन थियो । हाम्रा गाउँका छोरीचेलीलाई जिस्काउन हुँदैन, दिदीबहिनी हुन् भन्ने दृष्टिकोण दिइन्थ्यो । त्यसकारणले हामीले हरेक कुरालाई कुन नजरले हेर्छौं । हाम्रो दृष्टिकोण के हुन्छ भन्ने कुरा महत्वपूर्ण हो । दृष्टिकोण बदल्ने बित्तिकै हाम्रो व्यवहार पनि बदलिन्छ । त्यही कारणले हाम्रा लागि हरेक कुरा सन्देशका लागि, पाठ्यका लागि बताइएको थिएन । संस्कृतमा **मातृवत्परदारेषु परद्रव्येषु लोष्ठवत्** मिठो सुभाषित छ । मातृ भनेको आमा, पर भनेको अर्काको, दारा भनेको पत्नी, चेली, श्रीमती, अर्काको सम्पत्ति माटोको डल्ला  बरावर हो भन्ने थियो । त्यसकारणले हामी कोही पनि चोर भएनौं । यी समाजका निर्देशित मूल्यले हामीलाई मनुष्य बनाएको हुन्छ । एउटा शारीरिक स्वरूप हुन्छ त्यो शारीरिक स्वरूपभित्र मनुष्य गुण पनि आवश्यक छ । त्यो मनुष्यताको गुण हामीहरूलाई सामाजिक मूल्य-मान्यता र संस्कारले इनक्याल्केट गरिरहेको हुन्छ । त्यसैले आजको सन्दर्भमा यी समग्र विषयलाई कसरी हेर्दैछौं ? यसमा युवाको भूमिकालाई कसरी हेर्दैछौं ?

आजको युवाको भूमिका समाजको रूपान्तरणमा के छ, कसरी यसलाई हामीले अझ सशक्तरूपमा अगाडि बढाउन सक्छौं ? आज हाम्रो  छोरी-चेली समाजमा २४ सै घण्टा निर्धक्क भएर हिंड्न सक्ने सामाजिक वातावरण निर्माण गर्न हामी सक्छौं कि सक्दैनौं ? जाँच बारम्बार गर्नुपर्छ कि पर्दैन ? त्यसकारणले एउटा भौतिक सुरक्षाको कुरा होला, एउटा समग्र हाम्रो नजरको कुरा होला, दृष्टिकोण समाजको मूल्यको सन्दर्भमा । अस्ति मैले एउटा क्यालेण्डरमा देखें । त्यहाँ महिलालाई 'जी' भन्नुहोस् भनेर लेखेको रहेछ । अनि हामीले कसैलाई 'जी' भनेर भन्नु भनेर क्यालेण्डर, फोल्डर पनि निकालेनौं । स्वाभाविक रूपमा हामीले त 'जी' नै भनेर बोल्थ्यौं । जुन हाम्रो आजको समाजको परिस्थिति हो ।

समाजमा जुन अभिभावकत्व विस्तारै हट्दैछ । त्यो आजको चुनौती हो । समग्रमा आदर्श समाज निर्माणमा आजको युवाको भूमिका के हुन सक्छ ? हामी युवाले त्यसलाई रूपान्तरण कसरी गर्न सक्छौं । सामाजिक परिवर्तनका लागि म आफ्नो ठाउँमा के पहल गर्न सक्छु । त्यसकारणले समस्याको पनि उल्लेख गरौं समाधानको पनि उल्लेख गरौं । त्यसमा कुनै नयाँ कन्सेप्ट, आइडिया पनि प्रस्तुत गरौं । यसले हामी सबैलाई लाभ पुग्छ । समस्याको सूचि बनाउनेभन्दा पनि त्यो समस्या समाधान भयो भने त्यो पनि उल्लेख गर्न आवश्यक हुन्छ । त्यस विषयमा हामी चर्चा गरौं ।

## विचारहरू

- महिला सुरक्षा होस् या विकास होस् त्यसको लागि एकजना उभिएर मलाई महिला हक अधिकार चाहियो । महिलाले सुरक्षा पाएन भन्नुभन्दा पनि सबैजना मिलेर यो कुरामा विचार-विमर्श गरौं । यसको समाधान निकालौं । त्यो राम्रो विकल्प हुनेछ । बलात्कार दर अमेरिकामा इन्डियाभन्दा धेरै छ । किन भयो त ? किनभने सोचमा नै समस्या छ । भनिन्छ अमेरिका धेरै शिक्षित ठाउँ हो र युवाहरू धेरै अन्तरक्रियात्मक र रचनात्मक हुन्छन् । खै त विकास, खै त सुरक्षा ? बलात्कार त त्यहाँ पनि हुँदैछ । सुरक्षित त त्यहाँ पनि छैनन् महिला । शिक्षा जीवनशैलीमा होइन सोचमा रहेछ । समाधानको रूपमा मलाई के थप्न मन लाग्छ भने सोच परिवर्तन गर्नुपर्‍यो । यसबारे विश्वमै स्वीकार्य कुरा भइसक्यो । पुरुषप्रधान समाज चाहिँ एक कुरा हो जुन स्वीकार्य भइसक्यो । कसैले यो कुरामा विचार राख्न खोज्यो भने किन यति चासो राखेको, तँ किन महात्मागान्धी बनिराछस्, तँलाई किन नयाँ इन्डिया वा नयाँ नेपाल चाहियो भन्ने कुरा आउँछन् । त्यसरी गर्‍यो भने समाधान निस्किने होइन । यो कुरालाई लगातार दोहोर्‍यायो भने कुनै समयमा यो कुरा परिवर्तन हुन्छ । हामी यति जना बसेर वादविवाद गर्न सक्छौँ कि महिला सुरक्षित र विकसित छैनन् र आज पनि हामी यहाँसम्म पुगिसक्यौं ।

- विभिन्न देशहरूको रिसर्चहरू हेर्दा स्वास्थ्य, हेरचारमा महिलाहरू यति धेरै समस्या छ भनेर कसैले पनि ध्यान दिदैन । अफगानिस्तानको कुरा गर्दा जब एउटा महिला गर्भवती हुन्छिन् या जब उसको बच्चा बिरामी हुन्छ त्यो अवस्थामा पनि पुरुष मान्छेले गएर डाक्टरसँग कुरा गर्नुपर्ने हुन्छ किनभने डाक्टर पुरुष हुन्छ । महिलाले सिधै पुरुषसँग कुरा गर्न मिल्दैन । एउटा डाक्टरले उसको आफ्नो श्रीमान्ले जानकारी दिएर महिलामा कत्तिको स्वास्थ हेरचाह पुगेको होला । नेपालमा त्यो कुरा फरक छैन । यदि तपाईं बिरामी हुनुहुन्छ भने सबैभन्दा पहिला आमाको याद आउँछ । अस्पताल

कुरूवा बस्दा पनि त्यहाँ आमा या महिला बस्नुपर्छ। जब राती हुन्छ तब पुरुष कुरूवा हुनुपर्छ भन्ने कुरा आउँछ। औषधी नदिनुपर्ने अवस्थामा पुरुष कुरूवा बस्नुपर्छ भन्ने कुरा आउँछ। यदि समानताको कुरा गर्नुहुन्छ भने जति एउटा महिलाले पुरुषलाई हेरचाह गरेको हुन्छ त्यति नै हेरचाह महिलाले पनि पुरुषबाट पाउनुपर्छ। विशेषतः महिला सुत्केरी हुँदाखेरि आफ्नो श्रीमान्‌को साथ सबभन्दा बढी जरूरी हुन्छ। तर हाम्रो समाजमा के छ भने लोग्ने मान्छेले हेर्न हुँदैन बच्चा महत्वपूर्ण हो र स्वास्नी त सासुले हेरिहाल्छिन् नि भन्ने परम्परागत विचार देखिन्छ। त्यहाँ बुढालाई अलिकति पेट के दुखोस् स्वास्नी काम छोडेर उसको स्याहार गरी बस्नुपर्छ। लैङ्गिक समानताको कुरा गर्नुहुन्छ भने पहिला घरबाट सुरु गर्नुस्। पहिला आफ्नो घरको दिदीबहिनी, श्रीमतीलाई मद्दत गर्नुस् अनि मात्र ठूला कुरा गर्ने, बसमा महिलालाई सिट छुट्टयाएर मात्र हुँदैन। मलाई अझै पनि याद छ, एस.एल.सी. सकेपछि मलाई के भन्नुभयो भने कमर्स पढ बैंकमा काम गर्नको लागि ठिक्क हुन्छ। १० बजेदेखि ६ बजेसम्म काम गर्ने र ठिक समयमा घर आउने ठिक हुन्छ। तिमीलाई पनि सजिलो हुन्छ, हामीलाई पनि तनाव हुँदैन। त्यसपछि मैले नर्सिङ्ग गरें। मेरो छुट्टि हुन्छ आठ बजेतिर। काठमाडौं नै सुनसान हुन्छ। साढे आठ बजे हस्पिटलबाट निस्केको हुन्छु। त्यहाँ केही पनि चलेको हुँदैन। लिन आउनको लागि बाहेक विकल्प केही पनि छैन। त्यसैले म जति पनि आत्मनिर्भर होऔं र जति नै मैले पढेको भए पनि जे गरे पनि मलाई आत्मरक्षक चाहियो। सुनसान बाटो हेर्‍यो म जान सक्छु खालको विश्वास अलि-अलि भए पनि एक/दुई कदममा नै मन डराउन थाल्छ। त्यो मैले भन्नु नै पर्दैन र त्यो आफैं हुन्छ, स्वाभाविक महिला चरित्र हो। हाम्रो समाज को चरित्र नै त्यस्तो छ भनुँ वा त्यस्तो हुन्छ। समग्र महिलालाई तिमीले यो गर तिमीले यस्तो पढ्नुपर्छ भन्दा पनि सामाजिक संरचना उसलाई भित्रदेखि नै निर्धक्क हुन सक्ने बनाउनुपर्‍यो। मलाई हतार होइन म निर्धक्क भएर घर जान सक्छु। घरसम्म जाँदा म सुरक्षितरूपमा पुग्छु भन्ने वातावरणको निर्माण गर्नुपर्‍यो। त्यसपछि बल्ल

आरक्षणको कुरा आउँछ। आरक्षण नदिए पनि ठिकै छ पढेर पनि गरेर खान्छौं। अहिलेसम्म गरि नै राखेका छौं, अगाडि पनि गर्नेछौं।

- अहिले महिलालाई हेर्ने तरिका विस्तारै परिवर्तन भैरहेको छ। यसमा हामी प्रगतिशील चरणमा छौं र संक्रमणकालीन अवधिमा पनि छौं। दश वर्षे युद्ध काल पछि महिला सशक्तिकरणको गति तीव्र रूपमा अगाडि बढेको जस्तो मलाई लाग्छ। किनभने त्यति खेर जब महिला जंगलमा पसे र महिलाहरू पनि युद्ध गर्न सक्दा रहेछन्  भन्ने हिसाव गरेपछि अहिले पुलिसमा, अन्य विभिन्न क्षेत्रमा महिलाहरूले काम गर्न सक्दारहेछन भन्ने विश्वासले एउटा वातावरण निर्माण भयो। महिला विकास अथवा महिला सशक्तीकरण भन्नाले म चार वटा पक्षलाई लिन्छु। आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक। यी चारवटा क्षेत्रमा महिलाहरूको विकास भएको छ भने महिलाहरू सशक्त भएको मानिन्छ।  यी चार पक्षमा आफू कुनमा पर्छु आफैं मनन गरौं। यसमा ग्रामीण क्षेत्रमा भएका महिला र शहरी क्षेत्रमा भएका महिलाहरूमा धेरै फरक हुन्छ। ग्रामीण भूभागमा रहेका महिलाहरूमा यी चारवटा पक्षमध्येमा एक दुईवटामा मात्र विकास भएको देखिन्छ। म आफूलाई राजनीतिक क्षेत्र मन पर्छ। म त्यो क्षेत्रको भएकोले शहरी भूभागमा धेरै कम महिलाहरू राजनीतिमा इच्छा गरेको पाएको छु। यस्तो पनि छ कि राजनीतिको कुरा गऱ्यो भने पुरुषहरू पनि मन पराउँदैनन्। नराम्रो खेल भन्ने एउटा सोच छ। त्यो किसिमका महिलाहरू राजनीतिमा आउन जरूरी छ। यसको मतलब नेता नै हुनुपर्छ भन्ने छैन। देशमा भइरहेको राजनीतिक गतिविधिहरू, राजनीतिक खबरहरूमा महिलाहरू कतिको जानकार छन्। अब जस्तो कि हामी स्वास्थ्य क्षेत्रमा छौं भने सोही सम्बन्धी नीतिहरू महिलाहरूलाई थाहा नै हुँदैन। दश पाँचको काम छ भने काम गर्न गयो, घर आयो, जसले काम अह्रायो त्यो गऱ्यो, उनीहरूलाई नीति नै थाहा छैन। महिलाहरू राजनीतिक गतिविधिमा आउन जरूरी छ।

- हामीले ताकतको कुरा गर्छौं, सम्पूर्ण ताकत महिलामा सुरक्षित छ । विद्याकी देवी सरस्वती जो सम्पूर्ण शिक्षा र ज्ञानकी मुहान् हुनुहुन्छ, उहाँ पनि त महिला नै हो । त्यसपछाडि हामी धनको कुरा गर्छौं, लक्ष्मीलाई मान्छौं । शक्ति र आध्यात्मिक दृष्टिले अध्ययन गर्ने हो भने जति पनि पुरुष भगवान्‌हरू थिए, तिनीहरूले सम्पूर्ण अधिकार दुर्गालाई दिएर दुर्गालाई शक्तिशाली बनाएको हाम्रो इतिहास छ । उनलाई शक्तिशाली बनाएर गलत काम गर्नेलाई संहार र दण्ड गरेको, त्यो हाम्रो इतिहास छ । त्यसलाई हामीले भुल्नु हुँदैन । हामी नेपाली महिलाले त्यसलाई मनमा राखेर अहिलेका युवती महिलाहरू, हाम्रा बहिनीहरू माझ ती कुराहरूलाई प्रसार गऱ्यौं भने र त्यसरी हामीले सिकाइ गऱ्यौं भने उनीहरूमा उच्च मनोबल प्राप्त हुन्छ । उच्च मनोबल भएपछि दुर्गालाई कसैले हेप्न सक्दैन । म दुर्गा हुँ भन्ने किसिमको दुर्गाको सोच भएका महिलाहरू चाहियो । म सरस्वती, लक्ष्मी हुँ भन्ने किसिमको सोच चाहियो र त्यति भएपछि कसले हेप्दो रहेछ ।

- म देशभरि हिँड्दा छात्राहरूलाई भन्ने गर्दछु तपाईंहरूलाई कसैले दुर्व्यवहार गर्न खोज्यो भने दुई झापड हान्नुस् तपाईंको अगाडि सम्पूर्ण समाज खडा हुन्छ । तर, त्यो हिम्मत हुनुपऱ्यो । तपाईं आँटिलो हुनुपऱ्यो । त्यस किसिमको आवश्यकता देख्छु । अर्को कुरा अहिले कस्तो किसिमको समस्या भइरहेको छ भने केवल अधिकार अधिकार भन्ने कुरा भइरहेको छ - मानव अधिकार, महिला अधिकारहरू । हामी अधिकारवादीहरूलाई अधिकार चाहियो । म फिटिक्कै अधिकारको पक्षमा छैन । यदि अधिकार दिएर कसैले कुनै पोस्ट प्राप्त गर्नुभयो भने पनि त्यहाँभित्र तपाईंको कतै न कतै अन्तरहृदयमा हीनताबोध हुन्छ । आँटिलोपन आउँदैन । आज म के देख्छु भने महिला र पुरुषमा क्षमतामा कुनै पनि कमी छैन । किनभने आज हरेक कलेजमा महिलाले टप गरिरहेका छन् ।

- अमेरिकामा कति बलियो कानुन छ तर बच्चाहरूले त गोली हानिरहेका छन् । आजसम्म पनि त्यो समस्या छ । स्कुलिङ सही गर्‍यौ भने पक्का पनि परिवर्तन आउँछ । हाम्रो गाउँमा दुर्व्यवहार गर्‍यो भने त्यहाँ गाली गर्ने छन् । अनि कुनै बच्चाको हातमा चुरोट देख्दा पनि गाली गर्छन्, सल्लाह दिन्छन् । कसैको छोराछोरीलाई दुई झापड हानेर सम्झाउने अधिकार गाउँमा हुन्छ । तर यहाँ काठमाडौंमा गर्न सकिँदैन । किनभने यहाँ धेरै स्वतन्त्र अधिकार प्राप्त छन् । त्यसले गर्दा यहाँ समस्या छ । त्यसैले अधिकारले मात्र हुँदैन । हामीमा जिम्मेवारी, दायित्व पनि हुन्छन् । हामीले अलिकति जोखिम लिएर काम गर्नुपर्छ । अहिले समाजमा जुन सोच छ त्यो सोच चिन्तनबाट अलिकति बाहिर रहेर काम गर्नुपर्छ । अर्को कुरा आर्थिक रूपले चाइना विकसित भयो । सय वर्ष अगाडि त्यहाँ ठूलो समस्या थियो भनिन्छ । त्यहाँ सम्पूर्ण युवावर्गलाई लागुपदार्थमा फसाएर लागुपदार्थ युद्ध भएको थियो रे । समाप्त हुने स्थितिमा त्यसलाई संकल्प गरेर समाप्त गरे । हाम्रा विद्वान्हरूलाई, हाम्रा नेताहरूलाई, हाम्रा विद्यार्थीहरूलाई, हाम्रा प्रशासकहरू सबैलाई कुनै अदृश्य शक्तिले पर्दा पछाडिबाट नियमन गरेको देखिन्छ ।

- महिला र पुरुषमा स्वभाविक रूपले केही फरक चाहिँ छ । तर, त्यसलाई अतिरञ्जित बनाउने प्रयास पनि भएको हो । सबैजना राजी नहुन पनि सक्छन् । जस्तै, महिलाहरू किन तल छन्, उनीहरू पुरुषसरह क्रिया गर्न सक्दैनन्, मलामी जान सक्दैनन् भन्ने जस्ता धेरै उदाहरणहरू प्रस्तुत गरिएको देखिन्छ । तर, केही काम महिलाहरूले गर्ने, पुरुष जान नपाउने छन् हाम्रो समाजमा । रतौलीमा पुरुष जान पाउँदैन । तराईमा पानी नपरेको वर्ष महिलाहरू आधा रातमा खेतमा गएर इन्द्रलाई आह्वान गर्थे । महिलाले मात्र गर्न मिल्ने चलन त्यो थियो । यी केही फरकहरू हुन् । मैले सुनेको छु महिलाहरू तीजमा व्रत बस्नुहुँदैन । किन पुरुषको आयुको लागि महिलाले दुःख पाउने भन्ने सुन्छु । अर्को कोणबाट हेर्दा पुरुष पनि आयुष्मान् हुनको लागि महिलामा भर पर्नुपर्ने रहेछ भनेर पनि व्याख्या गर्न सकिने रहेछ ।

महिलाहरूमा त्यति शक्ति छ जति आफ्नो श्रीमान्लाई आयुष्मान् बनाउन सक्छन् भनेर पनि विचार गर्न सकिन्छ। जुन तरिकाले विभेद, फाटो ठूलो गर्न सकिन्थ्यो त्यसमा विशेष जोड भएको देखिन्छ विभिन्न विषयमा। अब आएर कि त महिलालाई पुरुषले आफूभन्दा सानो दया गरेजस्तो भएको देखिन्छ या दबाएकै देखिन्छ। कतिपय अवस्थामा महिलाहरूले पनि स्वीकारेको अवस्था जस्तो लाग्छ। कहीँ महिला विचरा जान दिनुस् भन्छन् पुरुषहरूले र महिला पनि त्यसमा खुशी हुन्छन्। एउटा घटना म जोड्न चाहन्छु। अस्ति गाडीमा आउँदाखेरि एक जना महिलालाई सिट थिएन। उहाँले एक जनालाई छोड्नुस् भन्नुभयो, तर उसले छोडेन। अनि कस्ता हुन्, महिला देख्दा पनि सिट नछोड्ने जस्ता विभिन्न कुराहरू पाँच दश मिनेट गन्गान गर्नुभयो। मलाई जहाँसम्म लाग्छ, यदि हामी समान बनाउन चाहन्छौं भने अलिकति विशेषाधिकार पनि स्वीकार गर्नुहुन्न जस्तो लाग्छ। कसैले भन्छ भने म पनि उभिन सक्छु। उभिएर नै म जे तरिका छ त्यसैको आधारमा जान्छु भन्न सकिन्छ होला।

- आमा भनेको पहिलो शिक्षिका हुन्। शिक्षकले भन्दा बढी शिक्षा र ज्ञान हामीलाई आमाले दिन सक्नुहुन्छ। मेरी आमाले अहिलेसम्म त्यो कुरा बुझ्न सक्नु भएको छैन। महिलाद्वारा नै महिला नै धेरै कुरामा होच्चिएका देखिरहेको छु। नर्सिङ्ग पेसामा पनि हेर्नुहुन्छ भने अलिकति ठूलो पोस्टमा पुग्नेबित्तिकै महिलाले नै महिलालाई होच्याउने गरिहाल्छन्। कत्ति ठाउँमा मैले भोगेको र देखेको कुरा हो। मलाई भारतको दिल्ली भन्ने बित्तिकै बलात्कार दर बढी भएको ठाउँ हो, सुरक्षित छैन भन्ने लाग्छ। मेरो बाबाले दिल्ली पठाउनुपर्छ भनेर पठाउन खोज्ने तर मेरो आमाले दिल्ली किन पठाउने मेरो छोरीलाई भन्नुहुन्थ्यो। हुन त उहाँलाई चेतना नभएर होला, नपढेकोले पनि होला। सबभन्दा ठूलो कुरा महिलाले नै महिलालाई शिक्षित गर्न सकियो भने महिलाद्वारा नै महिला प्रगति पथमा अगाडि बढ्न सक्छन्। भोलि मेरो छोरीलाई के गराउने भनेर आज मैले बुझें

भने त  मेरो बच्चालाई राम्रो शिक्षा दिन सक्छु । एक बजे राती हिँड्नु हुन्न भनेर महिलाले भन्छन्, पुरुषले भन्दैनन् । राती एक बजे हिँडेर घरमा आइरहेको छु भने मलाई घरमा छुट छ र म हिँड्छु । राती दाइहरूले कहाँ हिँडेको भनेर सोध्दैनन् । राती एकजना महिलाले देखेको छ भने गाउँभरि मेरो कुरा काट्छन् । जुन यो मानसिकता छ यो पुरुषमा अलि कम देखे । महिलाले नै महिलालाई हेपाइ गरिरहेको देखिरहेको छु । त्यसैले महिला जो शिक्षित हुनुहुन्छ, उहाँले अब आफूभन्दा कम उमेरका महिलालाई शिक्षित गराउनुपर्छ ।

- हामीले महिला सशक्तीकरणको कुरा गर्दा यो यस्तो देश हो जहाँ ३६५ दिन महिलाहरूलाई पीडित बनाएर नारी दिवसको दिन शुभकामना दिइन्छ भन्ने लाग्छ । किनभने म यो घटना स्मरण गर्न चाहन्छु । अस्ति मात्र बितेको नारी दिवसको पछिल्लो दिन कैलालीमा राधा  चौधरीमाथि ४०० जनाको जमातले कुट्दै गर्दाखेरि न त्यहाँ कुनै पुरुष बोल्यो न त कुनै महिला बोलिन् । तर कुटाइखाइ रहिन् । त्यो समाजलाई रूपान्तरण गर्छु भन्ने एकजना मेयर पनि त्यहाँ पुग्नु भएको रहेछ । तर त्यहाँसम्म पुग्दै गर्दाखेरि होइन यसलाई कुट्नु हुँदैन भनेको पाइएन । यो भनेको नकारात्मक शक्ति भएको मान्छे हुनै सक्दैन । नेगेटीभ पावरबाट केही गर्न सक्ने हो भने सकारात्मक शक्ति पनि त महिलामा हुनुपर्थ्यो नि । ऊ किन आफूलाई राम्रो बनाउन चाहन्न त । यो पनि अध्ययन गर्नुपर्थ्यो तर अध्ययन गर्न सकिएको छैन ।  जुम्ल्याहा बच्चाहरू सँगै जन्मेका हुन्छन् । उनीहरूको औंठा छाप मात्र फरक हुन्छ तर उस्तै जन्मेका हुन्छन् । एउटा महिला एउटा पुरुष जन्मे । तिनीहरूको जन्मदिन एकै दिन पर्छ अनि हामी टाई सुट लगाएर जन्मदिन मनाउन जान्छौं । जन्मदिन मनाउन जाँदा छोरालाई कुन रंगको र छोरीलाई कुन रंगको लुगा लिने, कुन खेलौना लिने  मनोविज्ञानका साथ हामी जान्छौं । छोरीलाई गुलाबी कलरका लुगा लिएर उपहार दिन जान्छौं । छोरालाई एउटा पेस्तोल अथवा फुटबल लिएर जान्छौं । त्यहाँनिरै

विभेद भएको छ जस्तो लाग्छ । अनि दुई वर्षको छोराले कोही मानिस आउँदै गर्दा सिध्याइदिन्छु भनेर त्यही पेस्तोलमा हात राख्छ । छोरीको त्यही गुलाबी कलरको खेलौना कतै जान पनि सक्दैन अनि त्यो घरभित्रै खेलाइ रहने बानी पर्छ । छोराको फुटबल पल्लो घरको बारीमा पुग्छ र फेरि हजुरले गाली गर्नु हुन्छ । ए फलानाको छोरा किन त्यहाँ दौडेर गयो ? होइन बारीमा मेरो बल गयो लिएर आएँ । अलि मुटु बलियो भयो । यसले पनि अलिकति असर पारेको छ कि । यस बारेमा पनि सोच्न जरूरी छ जस्तो लाग्छ ।

- महिला सशक्तीकरण र सुरक्षाको कुरा अगाडि पनि आइसकेको हुनसक्छ र महिला, पुरुषमा सम्पत्तिको अधिकारको कुरा छ । यसलाई हामीले पितृसत्तात्मक व्यवस्था भन्छौं । त्यसमा बाबुको सम्पत्ति, आमाको सम्पत्ति सिधै छोरामा हस्तान्तरण हुने चलन छ । अहिले कानुनले सम्पत्तिलाई सबैलाई समान रूपमा दिनुपर्छ भन्ने केही कुराहरू उठेको छ । यद्यपि त्यो लागू हुन सकेको छैन । हामीले शुरूमै के विचार गर्नुपर्छ भने छोरीलाई दाइजो होइन, उपहार होइन, आमाबाबुको पैतृक सम्पत्ति जति छ बराबर हक हुनुपर्छ भन्ने मलाई लाग्छ । किनभने ऊ पनि त्यही परिवारको सदस्य हो । उसको आमा बाबु पनि तिनै हुन् । जति केटा मान्छेलाई सम्पत्तिको अधिकार हुन्छ, छोरीलाई पनि त्यति नै अधिकार हुनुपर्छ । कम्तीमा यसो भयो भने त्यो सम्पत्तिमाथिको अधिकारको विभेदको ९० प्रतिशत् समस्या समाधान हुन्छ । किनभने उसले आफूसँग भएको सम्पत्तिको निर्णय आफै गर्न सक्छ । उसले आफूलाई चाहिने यो अर्थ व्यवस्था या केही सम्पत्तिसँग सम्बन्धित कुरामा उसले आफ्नो निर्णय आफै गर्न सक्छ । यदि उसँग त्यो अधिकार छैन भने उसले अरूमा निर्भर हुनुपर्‍यो । कि दाजुभाइमा निर्भर हुनुपर्‍यो, कि आमाबाबुमा निर्भर हुनुपर्‍यो । त्यसकारण हामी यो कुरा सोच्दैनौ कि दाइजो दिने भन्दा पनि सम्पत्तिमा बराबर हकको कुरालाई समाधान गर्न सक्नुपर्छ ।

- यो लैंगिकताको कुरा गर्दा एउटा महत्वपूर्ण कुरा लिङ्ग निर्धारण नै हो । जेण्डरिङ्ग र सेक्सिफाइड नै हो । हामी बाँचिरहेको, हुर्किरहेको कुरा अर्को हो तर यथार्थ के हो भने सोसाइटी पावर संरचना पनि हो । महिलाहरूलाई अधिकारविहीन अथवा निम्सरो शक्तिको रूपमा बुझ्ने गरेका छौं । शान्ता चौधरीले आफ्नो जीवन सम्बन्धमा पनि लेख्नु भयो । एकपटक अन्तर्वार्तामा पनि भन्नुभयो । जब उहाँ कमलरीबाट निकालिनु भयो त्यही समयमा उहाँले आफ्नो सन्तान जन्माउनु भयो । श्रीमानूसँग जंगलको छेउमा प्लाष्टिकको छाप्रो बनाएर रात काट्ने ठाउँ मात्र बनाउनु भयो । त्यति बेला सन्तान त जन्माउनु भयो तर स्तनपान गराउनलाई दूध नआएको कारणले बच्चा बाँचेन । त्यस्तो अवस्थामा पनि औषधोपचार गर्ने अवस्थाको त सम्भावना नै थिएन । यो सम्झनाले म अहिले पनि आफ्नो मन थाम्न सक्दिन । महिलाहरूले मात्र अनुभव गर्न सक्नुहुन्छ । बलात्कारको पीडा बढी हुन्छ कि एउटा जन्मिसकेको बच्चालाई स्तनपानसम्म गराउन नसकेर निधन भएको पीडा हुन्छ । बलात्कारको पीडा आफ्नो ठाउँमा छ । तर एउटा बलात्कारको पीडा बढी छ होला कि एउटा मान्छे मर्नुमा बढी पीडा हुन्छ होला । त्यसकारण अलिकति समानतालाई हामीले बढी सेक्सिफाइड गऱ्यौं यहाँ । तर विषय कहाँ हो भने इन्डिभिजिवालीटी फिजिकली इन्टिग्रिटीमा हो । प्रत्येक महिला होस् या पुरुष होस्, कुनै जात सम्प्रदायको होस् जबसम्म हाम्रो विचारलाई परिवर्तन गर्दैनौं र हामी पेलेर अगाडि बढ्न खोज्छौं यस्ता खालका घटनाहरू भइरहन्छन् । त्यसैले हामीले सम्मान गर्नुपर्ने कुरा प्रत्येक व्यक्तिको शारीरिक अवस्थालाई हो । त्यो बलात्कारमा मात्र हामीले जोड्नु हुँदैन ।

- महिलाहरूलाई शक्ति दिनुपऱ्यो र अगाडि ल्याउनु पऱ्यो । समानताको कुरामा महिलाहरू पुरुषहरूसँग बराबरीको सन्दर्भ उठाएर विवाद गर्नु आवश्यक छैन । महिलाहरू कमजोर छन् भन्न खोजेको पनि होइन । कति महिलाहरू पुरुषभन्दा सक्षम पनि छन् । कोही पुरुष महिलाहरूभन्दा कमजोर पनि छन् । कोही महिला पुरुषभन्दा शक्तिशाली पनि छन् । हरेक मान्छेको

आ-आफ्नो व्यक्तिगत सोच हुन्छ, विचार हुन्छ र क्षमता हुन्छ। त्यो प्रत्येक मान्छेको फरक-फरक हुन्छ र यसमा महिलाहरू पुरुषहरू बराबर हुनुपर्छ भन्नै पर्दैन । महिला र पुरुष प्रत्येक मान्छे बराबर छन् । उसको क्षमताले कोही अगाडि छन् र कोही पछाडि छन्। त्यसैले जुन एउटै नारा दिइएको छ। त्यस नारामा हामी सबै अट्दैनौं जस्तो लाग्छ।

- त्यसैले प्रत्येक मान्छेको आ-आफ्नो नियत हुन्छ, आ-आफ्नो सोच हुन्छ, आ-आफ्नो अवस्था हुन्छ। भ्यागुता पनि हिलोमै बस्छ लेखनाथ पौड्यालको कविता छ। हिलैमा बस्छ भ्यागुतो, हिलैमा कमल स्थिति। स्थानले मात्र के गर्नु ? हिलोमा बसेको भ्यागुता भए पनि कमल पनि हिलैमा छ तर त्यो कमललाई मान्छेले पूजा गर्छन् र कमलको फूललाई मान्छेले हेर्छन् । त्यसैले मान्छे उस्तै, समाज उस्तै खालको सोच भन्न सकिंदैन। हरेक मान्छेको आफ्नो-आफ्नो सोच अनुसार दिमाग चलिरहेको हुन्छ। उसको व्यवहार वा काम गराइका तरिका हेरिसकेपछि मात्रै उसलाई छुट्याउन सकिन्छ। त्यसैले पुरुष र महिलामा देखिएको यो भेदभावको समस्या आ-आफ्नो भूमिका निर्वाह गर्न सकेको खण्डमा समाधान हुन्छ।

- हामीले एकदम प्रवर्द्धन गर्ने कुरा भनेको हरेक इन्डिभिजुवललाई हामीले सम्मान गर्न सक्नुपर्छ। मेल र फिमेलको भूमिकाको मात्र कुरा गर्ने हो भने त्यो चाहिँ रक्षा गर्नु हो तर जैविक विचलनले हेर्ने हो भने त त्यतिकै पनि फरक भइहाल्छ नि । त्यसैले सशक्तिकरणको कुरा बुझ्दा चाहिँ हाम्रो व्यावहारिक र रणनीतिक गरी दुई किसिमको चाहाना हुन्छ। म महिला हुँ। मेरो शरीर रचनाले मेरो बच्चा पाउने जुन एउटा प्रणाली छ भने मलाई त्यही किसिमको लिड हुन्छ। म भोलि हस्पिटल जाउँला। अब त्यो बच्चालाई कसरी भित्र राख्ने, कसरी जन्माउने, भोलि कसरी हुर्काउने भन्ने त्यो त मेरो शरीर रचनाले दिएको कुरा हो, त्यसलाई मैले नकार्न सक्दिन। त्यो त भयो व्यावहारिक आवश्यकता र अर्को हुन्छ रणनीतिक आवश्यकता जुन सशक्तीकरणको सन्दर्भमा आउँछ। यो सशक्तीकरणमा

पनि यदि तपाईंले पहिला उसको व्यावहारिक आवश्यकता पूरा गर्न सक्नु हुन्न भने तपाईं उसलाई जतिसुकै निर्णय नेतृत्वमा पठाउनु होला, त्यस्तो केही अघि बढोस् भन्ने हुनुहुन्छ भने त्यो सकिँदो रहेनछ। साधारणतया त्यो सम्भव हुँदैन। तपाईंलाई खान लगाउँन नै अभाव भएको मान्छेले नीति तहमा कसरी काम गर्छ ? सक्दै सक्दैन। सशक्तीकरणको पनि हरेक कुरा आकारमा हेर्ने हो भने अलिक ध्यान दिनुपर्छ भन्ने लाग्छ मलाई। त्यसबाट अगाडि बढेपछि बल्ल सशक्तीकरणको कुरा आउँछ।

- पहिला हामीले इतिहास पल्टायौँ भने मानदेव बच्चै हुँदा उनका पिताको देहान्त भएपछि उनकी माताले, उनको राज्य जोगाउन ठूलो भूमिका निर्वाह गर्नु भएको थियो। नेपालको इतिहास हेर्नुहोस् पटक-पटक देश जोगाउनलाई र नेपालको एकीकरणमा पनि महिलाको मुख्य भूमिका छ। महिलाहरू कहिल्यै पनि कमजोर छैनन्। अब सानो तल्लो स्तरको कुराहरू आउलान्। यहाँ कतिपय कमी कमजोरीहरू होलान्, केही तल-माथि भएका होलान् तर महिलाहरू कमजोर छैनन्। शासन सत्तामा जहिल्यै पनि सशक्तरूपमा महिलाहरूको भूमिका देखिँदै आएको छ। मानदेवको पालामा होस्, अंशुवर्माको पालामा होस् वा भृकुटीको विषयमा होस्। भृकुटीको भूमिका कस्तो थियो ? भृकुटीले यहाँको संस्कृतिलाई प्रचार गरिन्, आफ्नो देशको नाम फैलाइन, आफ्नो संस्कृतिलाई धेरै ठाउँमा फैलाइन्। त्यसपछि शाह वंशमा पनि महिलाहरूको मुख्य भूमिका थियो। वी.पी कोइराला नेपालको पहिलो निर्वाचित प्रधानमन्त्रीको कार्यकालमा महिला मन्त्री नियुक्त हुनुहुन्थ्यो। यो अवस्थाबाट महिला आन्दोलन अगाडि बढ्दै आएको छ। महिलाले हलो जोत्नु हुँदैन भनिन्थ्यो। महिलाले हलो जोत्यो भने ल बर्वाद भयो भनिन्थ्यो तर हामीसँग महिलाहरूले हलो जोतेका इतिहासहरू छन्। हामीसँग यति गौरवशाली इतिहास छ।

- सन् १९६७ को दशकमा पञ्जावको हरित क्रान्तिमा महिलाको मुख्य भूमिका थियो। त्यहाँका दिदीबहिनी, आमाहरूले आफूले लगाएको

गहनाहरू फुकालेर आधुनिक प्रविधिका यन्त्र खरिद गर्नलाई आफ्ना पतिलाई, आफ्ना छोराहरूलाई लगाउनुभयो। पञ्जावको हरित क्रान्तिमा महिलाहरूको ठूलो योगदान रह्यो । आज पञ्जाव भारतको सबैभन्दा संमृद्ध राज्यमध्ये पर्दछ। पञ्जावको उत्पादनले सिङ्गो भारत पालिन्छ। अब नेपाली महिलाहरू शासन सत्तामा पुगिसकेका छन् । महिलाहरू ५० को अवस्थामा जतातते पुगिसकेका छन् र पुग्ने क्रममा पनि छन्। महिलाहरूले सशक्त हुने क्रममा अब यो देशलाई सशक्त बनाउने मुख्य भूमिका निर्वाह गर्नुपर्छ। महिला सशक्तीकरण भएन, महिलाले यो पाएनन् भनेर अल्झिने होइन । अब महिलाको भूमिका छ किनभने महिला सृष्टिकर्ता भएकाले महिला जति भाग्यशाली कोही छैन । उनीहरूले सृष्टि गर्न सक्छन्, पुरुषहरूले सक्दैनन्। त्यसैले पनि महिला सशक्त छन् र अर्को सानो प्रसँग म जोड्न चाहन्छु । २०११ सालको इतिहास हेर्नुहोस्, यो चाहिँ अलि गम्भीर छ। ० देखि ९ वर्षको उमेरमा महिलाहरूको संख्या स्वाट्टै कम छ। त्यो माथि समस्त जनसंख्या हेर्नुहोस् । नेपालमा महिलाको संख्या बढी छ। यो के कारणले हो। भोलि गएर केटाले केटी पाउँदैन विवाह गर्नलाई, सेक्सको अनुपात नमिलेर त्यो अवस्था आउँछ। यो गम्भीर विषय हो । भ्रूण हत्या भइरहेको छ, यसतर्फ पनि सबैले गम्भीर ध्यान पुऱ्याउनु पर्छ।

- नेपालमा र विदेशमा धेरै सेनेटरी प्याड अमेरिकामा पनि लक्जरी प्रोडक्ट भनेर राखिएको रहेछ । भारतमा समेत यसलाई लक्जरी प्रोडक्ट भनेर राखिएको रहेछ र नेपाली सैनिकले प्याडलाई पनि लक्जरी भनेर राखेको रहेछ। भन्सार विभागमा गएँ र खोज्दै गर्दा नेपालमा घरेलु उत्पादन हुँदोरहेछ सेनेटरी प्याडको । तर त्यो सेनेटरी प्याडको उत्पादन जति बाहिरबाट आउँदो रहेछ। अब बाहिरबाट आएपछि के भयो ? ५० प्रतिशत् भन्सार लाग्दो रहेछ। त्यसमा १३ प्रतिशत् भ्याट जोड्दिंदा रहेछन् । अनि त्यहाँ दिदी हुनुहुन्थ्यो। दिदी यो त अति नै भयो केही गरौं न भन्दाखेरि दिदीले के भन्नुभयो भने, ए भाइ त्यस्तो गर्ने हो भने त भोलि हृदयको रोग भएको

समस्या होला, अरू अरू रोग पनि लागेको होला । अनि सित्तैमा औषधी देऊ भन्ने कुरा होला नि त । मानव अधिकार हाम्रो देशले प्रत्याभूति लिएको छ। त्यसो हो भने त सबैलाई बराबरी दिनुपर्‍यो। अनि त म छक्क परें । यहाँ त मासिक धर्म महिनावारी भनेको त रोगी पो बुझ्दा रहेछन् । महिनावारी मनोविकृति भनेको त, त्यो हेल्थी उमन हो भनेर जनाउने एउटा शुद्धताको प्रतीक हो। समाजले महिनावारीलाई रोग ठान्दछ। अब कसरी महिलाको सशक्तीकरण सम्भव छ ? समाजको यस चिन्तनलाई बदल्नु आजको आवश्यकता हो।

- महिलाहरूलाई हक अनि कानुन पनि त्यही अनुसार बनिसकेको छ । हामी के सोच्छौं भनेदेखि एउटा घरको गृहिणी जब शिक्षित हुन्छिन्, उनले आफ्नो परिवारलाई नै शिक्षित बनाउँछिन् । अनि पुरुष पहिलेदेखि नै शिक्षित । महिला भन्दा पनि पहिलादेखि छोरामात्र पढाउने चलन थियो । पुरुषहरूलाई सानै उमेरदेखि हामीले सबैकुरा सिकाइ सकेका हुन्छौं । महिलाहरूलाई कसरी आदर सम्मान गर्ने, हेर्ने दृष्टिकोण आदि पनि उनीहरूलाई सिकाउने हो भने समाज सकारात्मक बाटोमा हिँड्ने छ। यस्ता सकारात्मक कुराबाट महिला दिदीबहिनी सुरक्षित हुनेछन्। उनीहरूले आफ्नो दिदीबहिनीलाई जसरी व्यवहार गर्छन्, त्यस्तै अरू महिलाहरूलाई गरे भने समस्या कम हुँदै जानेछ। यसतर्फ हामीले परिवर्तन ल्याउनु पर्छ।

- महिला सशक्तीकरणका नाममा पुरुष अहिले दबिएर बस्नु परेको छ । अहिले यहाँ जति पनि विवाहित पुरुष हुनुहुन्छ, घरमा ढिलो पुग्यो भने श्रीमतीसँग  विवाद हुन सक्छ भन्ने चिन्ता छ। कहीँ गयो भने श्रीमतीलाई भनेर मात्र जानुपर्छ। श्रीमती छैन भने ‘गर्लफ्रेण्ड रिसाउँछे भन्ने त छ भनेपछि यो समानता होइन र ? समानता बढी नै पाइसकेका छन् महिलाले। हाम्रो जस्तो मध्यम वर्गीय परिवारमा यो समस्या छैन कि। तल्लो वर्गमा समस्या छ, कि उच्च वर्गको परिवारमा समस्या छ। त्यसकारण हामीले माथिल्लो र तल्लो तहमा यो विषयमा घनिभूत रूपमा छलफल गर्नुपर्छ।

- अहिलेसम्म हाम्रा पुर्खाहरूले जे चलाएर ल्याएका थिए त्यसको बारेमा कुरा गऱ्यौं । छाउपडी प्रथाको कुरा गऱ्यौं । जहाँसम्म लाग्छ, हिजोसम्म छाउपडी सम्पूर्णरूपमा ठिक थिएन भने सायद त्यो विवादमा आउँदैन थियो होला र आज यदि त्यो समय अनुसार ठीक थियो भने त्यसलाई हटाउनु पर्छ भन्ने माग पनि हुने थिएन होला । त्यसैले हिजो गरिआएको कुरा गलत हो भन्ने अहिलेको हिसाबले लाग्छ । तर, हिजोको हिसाबले त्यो प्रथा ठीक थियो किनभने जहाँसम्म हामीले हेऱ्यौं जुन खालको यो प्रथा चली आएको छ, त्यो तराई बाघ, भालु नलाग्ने ठाउँमा होइन । त्यो प्रथा भनेको जहाँ जंगल र जंगली जनावरहरू रगतको गन्धबाट मान्छे बसेको ठाउँमा आउने र महिलालाई आक्रमण गर्ने डरले सुरक्षित स्थानमा लगेर राखिएको हो, मैले बुझेको हिसाबमा । तर त्यो होइन कि उहाँहरूलाई हेपेर सानो घरभित्र खुम्चाएर राखिएको हो । उहाँहरूको सुरक्षाको लागि समय अनुसार उहाँहरूलाई त्यहाँ राखिएको हो । अहिलेको जस्तो स्यानेटरी प्याड थिएन, कपडा पनि त्यही अनुसार हुँदैन थियो । त्यसकारण सुरक्षाको हिसाबले त्यसो गरिएको थियो । त्यो हिजोको माग हो । आजको हिसाबले जुन माग छ, त्यो अनुसार त्यो कुरा राखिरहेका छौं । त्यो जायज कुरा हो र यस पछाडि पनि के छ भने कतिपय चिज आफ्नो परिवारमै, घर-घरमै अहिले पनि यो प्रथा छ । यहाँ ठूला कुरा त गरिरहेका छौं । घरमा सबै कुरा खुलेर बोल्न सकिदैन, दाजुले बहिनीसँग, बहिनीले दाजुसँग ।

❁❁❁

# राजनीतिक मूल्य मान्यता

**प्रस्तावना**

अब हामी राजनीतिक मूल्य र मान्यताको विषयमा चर्चा गर्छौं । हामीले सर्सर्ती हेर्दाखेरि एउटा त दलगत राजनीतिको कुरा भयो । त्यस दलगत राजनीतिभित्र मूल्यमान्यताका कुरालाई जोडेर हामीले विमर्श गर्दैछौँ । तर एउटा कुरा भयो अंग्रेजीमा भन्ने नन् पोलिटिकल, अन पोलिटिकल, डाइरेक्टली पोलिटिकल । सामान्यरूपमा समाजको मान्यतामा समाज अनपोलिटिकल पनि हो र समाजमा हामीहरूले पोलिटिक्स गर्नुपर्छ भन्ने मेरो धारणा हो । पोलिटिक्स त गर्ने तर समाजको सबै गतिविधिका कुरा राजनीतिको आंगिक भएर बस्दाखेरिको सन्दर्भमा के हुन्छ ? लोकतन्त्रलाई र लोकतन्त्रमा भएकालाई राम्रो मानिन्छ । हामीले त्यसलाई जीवित राख्नका लागि, त्यसलाई स्वस्थ राख्नको लागि समाजमा सामाजिक संगठनको भूमिका, युवाको भूमिका, समुदायको भूमिका स्वभाविक रूपमा आउँछ । सत्तामा जुन शक्ति हुन्छ, त्यो शक्ति कहिले काहीँ दुरुपयोग गरिन्छ वा शक्तिको दुरुपयोग हुने सम्भावना हुन्छ ।

एउटा शक्ति आउने बित्तिकै मानिसको नैसर्गिक चरित्र अनुसार त्यसको अनावश्यक भए पनि आवश्यक भए पनि प्रयोग गर्ने हो । त्यही भएर हाम्रोमा हाम्रा मूल्य र शास्त्रले के सिकाउँछन् भने शक्तिको अनुचित प्रयोग गर्नु हुँदैन । त्यो शक्ति प्रयोग नियन्त्रणमा रहोस् भन्ने हाम्रो मान्यता हुनु आवश्यक छ । महाभारतको एउटा प्रसंग छ । त्यहाँ एक ठाउँमा परशुरामले कर्णलाई विद्या सिकाउने सन्दर्भमा यो अस्त्र विद्या ज्ञान तिमीलाई समाजको रक्षण पोषणका लागि, गरिब दुःखीको उत्थानका लागि, महिलाहरूको रक्षण पोषणका लागि सिकाएको हो र जुन दिन तिमीले दुरुपयोग गर्छौ, त्यस दिन पुनः यो विद्या हरेर लिन्छु भने ।

विद्याको पछाडिको मूल्य समाजको रक्षण पोषण, महिलाहरूको सम्मानको लागि थियो । त्यसकारणले अन्त्यमा भीष्मलाई प्रश्न सोध्दा, तिमीले ती युद्धवीर

कर्णलाई किन ध्वजमुनि युद्ध गर्न नदिएको भन्दा भीष्म भन्नुहुन्छ निसंकोच, निःसन्देह कर्ण वीर थियो । तर असभ्य थियो । असभ्य किन थियो ? ऊ महिलालाई सम्मान गर्न जान्दैन थियो । वीरताको प्रतीक भनेको सभ्यता पनि हो । वीर हुनुको सँग-सँगै सभ्यता चाहिन्छ । त्यसो हुँदा असभ्य व्यक्तिले ध्वजको तल युद्ध गर्न मिल्दैन भन्ने भीष्मको उत्तर थियो । त्यो नै मूल्य-मान्यता हो । राजनीतिक मूल्य मान्यताका विषयमा यहाँ विचारहरू यसै आधारमा प्रस्तुत हुनेछन्  भन्ने विश्वास छ ।

## विचारहरू

- यो देशको विकास होस्, समृद्धि होस् भन्ने सबैको चाहना छ । महिला सशक्तीकरणको कुरा भयो, शिक्षा नीतिको कुरा भयो, सबैले यति खुसीसँग यी विषयमा खुलेर आ-आफ्नो विचार राख्नुभयो । अहिले जुन मूल्य र मान्यता छ, म आफैले पनि भित्रबाट कस्तो अनुभव गरिरहेको छु भने साँच्चै हामी यस्तो अवस्थामा छौं त ? युवा साथीहरूमा राजनीति घृणाको पेसा भएको जस्तो लागिरहेको छ र म पनि एउटा राजनीतिक कार्यकर्ता, राजनीतिकर्मी हुँ । म गर्वका साथ भन्छु । तपाईं वैज्ञानिक हुनुहोस्, इन्जिनीयर हुनुहोस्, अन्य क्षेत्रमा विज्ञ हुनुहोस्, ज्ञाता हुनुहोस् तर त्यस क्षेत्रमा आफूलाई स्थान दिन र त्यसको लागि अगाडि बढ्नको लागि राजनीतिक शक्तिको नै आवश्यकता पर्दछ । जबसम्म राजनीतिक शक्तिमा सक्षमता आउँदैन, तबसम्म यो कुनै पनि गतिविधिले अग्रसरता लिंदैन । त्यस कारणले मेरो अनुरोध छ कि जसरी हामी अन्य विषयमा खुलेर चर्चा गर्छौं, राजनीतिक विषयमा पनि त्यसरी नै बढ्यौं भने पक्कै पनि यो देशको राजनीति सुध्रिन्छ र हाम्रा देशमा सक्षम र नैतिक व्यक्तिको खाँचो टर्नेछ । धेरै समयदेखि हामी देखिरहेका छौं कोही पनि नेता हुन पाउँदैन । अहिले त हाम्रो देशमा को नेता ? सबै नेता अनि सबै नेता होइनन् पनि । किनभने उनीहरूले सबैलाई मनाउन सक्दैनन् । सबै मानिसलाई एकमुष्ट एउटै ठाउँमा ल्याउन सक्दैनन् । यहाँ सबै नेता पनि छन् अनि एकजना नेता पनि छैनन् । यस्तो गजबको परिस्थिति छ । त्यसकारणले गर्दा यो जति पनि हामीहरूले विभिन्न विषयहरूमा छलफल गऱ्यौं । त्यसलाई अगाडि बढाउनको लागि एउटा राजनीतिक शक्तिको पनि जरूरत छ । अनि इच्छा शक्तिमा बल्ल सक्षमता आउँछ ।

- राजनीतिक व्यक्तित्वहरूले आउँदै गरेको समयको बारेमा सोचेकै छैनन् । आज रोजगारीमा गएका मानिसले पठाएको पैसाले राज्य चलेको सन्दर्भलाई हामीले बोध गर्न जरूरी छ । ४० लाख युवा बाहिर छन् । त्यो राजनीतिक

कर्ताहरूको कर्तव्य हो । उहाँहरू नेपालको हावापानी वातावरणमा बनेको शरीर विपरीत वातावरणमा गएर काम गर्दा विभिन्न रोगहरू लाग्छ । २० वर्ष काम गरेर सबैजना बुढो भएर फर्कनु हुन्छ। उहाँहरूको व्यवस्थापनको लागि राजनीतिज्ञहरूसँग त्यसको दृष्टि हुनुपर्छ। त्यसको लागि योजनाहरू बन्नुपर्छ ।

- यो राजनीतिक स्थितिलाई राम्रोसँग हेर्दा हामी युवा वर्गहरूमा सकेसम्म त्यसको असर नपरे हुन्थ्यो भन्छौं । राजनीतिमा कतै न कतै आबद्ध भएको मान्छे कुनै पनि कर्पोरेट अर्गनाइजेसनलाई अयोग्य हुन्छ। उदाहरण हेरौं- यदि म कुनै पार्टीसँग सम्बन्धित छु भने, मैले कुनै बैंकतिर वा कुनै जागिरतिर आवेदन गरेँ भने मलाई सिधै अयोग्य मानिन्छ । त्योभन्दा अगाडि प्रक्रिया बढाउँदैन । अब राजनीति दुई प्रकारले अगाडि जान्छ । एउटा संस्थागत वा व्यापारिक राजनीति र अर्को राज्यगत शक्ति आर्जनको राजनीति । हामीले यहाँ नेपालको सन्दर्भमा राज्यको राजनीतिलाई मात्र राजनीति मानिरहेका छौं । आर्थिक, सामाजिक, भौगोलिक आदि राजनीतिहरूको बारेमा चिन्तन गरिएको छैन। अन्तर्राष्ट्रिय युद्धसम्बन्धीका कुराहरू छन् । यहाँ यी कुराहरूलाई हामीले ध्यान दिएका छैनौं ।

- अबको मुद्दा भनेको राजनीतिक गतिविधिको मात्र नभएर हाम्रा उत्तरदायित्वको पनि हो । अबको मुद्दा मूल्यमान्याता सँग सँगै प्रविधिको आवश्कतासँग पनि जोडिएको छ । हामी मूल्य मात्र भनेर यहीं बसी राखौं भन्न त सक्दैनौं । ग्लोबल मार्केटमा, नेसनल मार्केटमा त हामीले प्रतिस्पर्धा गर्नुपर्छ। त्यसको एउटा भाग त हामी पनि हौं । त्यसको लागि अन्तर्राष्ट्रिय स्रोत हामीसँग पनि हुनुपर्‍यो । त्यस्ता प्रकारका मूल्यहरू अबको राजनीतिक तर्कहरूमा आउँन जरूरी छ । जस्तै- अहिले हाम्रो नेपालमा कृषि उत्पादनमूलक जमिनहरू, गरा स–साना छन् । त्यसलाई हुने खालको प्रविधि उत्पादन गर्न सक्छौं कि सक्दैनौं ? जस्तै, तराईतिर जोत्ने ट्र्याक्टरहरू छन् । पहाडी क्षेत्रमा त्यो ट्र्याक्टरले काम गर्दैन । त्यही

माटोमा हामीले सुहाउँदो प्रविधिको विकास गर्न सक्ने र निर्यात गर्न सक्ने अवस्था छ कि छैन । यो कुरालाई पनि हामीले सोच्न सक्यौं भने पक्कै पनि हाम्रो अबको राजनीति ठीक दिशातर्फ अघि बढ्नेछ । नेताहरूलाई हामी बूढापाकाहरू भन्छौं तर उहाँहरूको अनुभव र प्राज्ञिक वर्गको अनुसन्धानको निष्कर्षलाई एकाकार गरेर जान सक्यौं भने धेरै प्रभावकारी हुन्छ । यसले राजनीति पनि विश्वसनीय हुनेछ र देशको विकासमा पनि गहन कार्य हुनेछ ।

- नेपालमा सामान्य राजनीति भन्ने बित्तिकै विशेष गरी युवापुस्तामा एकदमै वितृष्णा जस्तै देखिन्छ । किन भयो भन्ने कुरा हामीले कोट्याउदै जाँदा राजनीतिक पावरमा जो व्यक्तिहरू आए, उनीहरू कहिल्यै पनि जनताप्रति उत्तरदायी हुन सकेनन् । जसले गर्दा भ्रष्टाचारलाई एकदमै प्रोत्साहन मिल्यो । राजनीतिक शक्तिलाई भ्रष्टाचारसँग प्रयोग गरियो । जुन बेला राजतन्त्र थियो, राजतन्त्रमा एकदमै निश्चित मान्छेहरू पावरको नजिक हुन पाए र अर्को अभ्यास गर्ने माहोल भयो । वि.स. २००७ सालपछिको केही समय रहेको थियो प्रजातन्त्रमा पनि । प्रजातन्त्रले राम्रो हुन नपाउँदै फेरि पञ्चायत शुरू भयो । यो इतिहास हेर्दै जाँदा नेपालमा कहिल्यै राजनीतिले देश र जनताको जीवनयापनमा ध्यान दिन सकेन । शक्ति आर्जनको माध्यमका रूपमा मात्र राजनीतिलाई प्रयोग गरेको आभाष हुन्छ ।

- देशलाई कसरी अगाडि लैजाने, देशलाई राजनीतिक नीति-नियम अथवा देशलाई कसरी अगाडि बढाउने भन्ने कुराहरू कहिल्यै सोचेनन् । जसले गर्दा नेपालको राजनीति कहिल्यै पनि स्थिर भएन र जुनसुकै कारणबाट पनि तपाईंले सोच्नु होस्, जुन सुकै शीर्षकमा पनि विकासको कुरा गर्नु हुन्छ, सशक्तीकरणको कुरा गर्नुहुन्छ भने वितृष्णा मात्र हुन्छ । यसको पहिलो कारण भनेको राजनीतिक अस्थिरता हो । कुनै पनि क्षेत्रको पर्याप्त विकास हुन नसक्नुको प्रमुख कारण भनेको नै अस्थिर राजनीति हो । अतः राजनीतिक स्थिरताका लागि हामीले सोच्नु जरूरी छ । राजनीतिक

स्थिरताका कारण जनतामा एउटा भरोसा जाग्नेछ । लोकतन्त्रप्रति जनाताहरू उदासीन हुँदैनन् र विकासका लागि युवा वर्गले चिन्तन प्रारम्भ गर्नेछ ।

- राजनीति कत्तिको जरूरी छ भनेर प्रसंगसहित प्रष्ट पार्न चाहन्छु । स्कुलमा दुई जना सँग सँगै पढे, एस.एल.सी. पास गरे र फरक-फरक श्रेणीमा उत्तीर्ण भए । एकजनाले प्रथम श्रेणीमा पास गरे । अर्कोले तृतीय श्रेणी मात्र ल्याएर पास भए । जसले प्रथम श्रेणी ल्याएको छ ऊ विज्ञान पढ्न गयो र जसको तृतीय श्रेणी आएको थियो अब के गर्ने भन्दाखेरि केही राजनीतिक संगठनमा लागेर राजनीतितिर लाग्यो । समर्थन गर्दैगर्दै ऊ नेतृत्व पंक्तिमा पुग्यो । अब मन्त्री बन्यो,पोलिसी लेभलमा पुग्यो । त्यसपछि जो प्रथम श्रेणी आएको छ ऊ विज्ञान क्षेत्रमा, प्रविधिको क्षेत्रमा गयो । भविष्यमा आफ्नो तृतीय श्रेणी आएको साथीले स्वास्थ्यको नीति बनाइ दियो । जसको प्रथम श्रेणी आएको छ उसले त्यो नीतिलाई लागु गर्ने भयो । तृतीय श्रेणीवालाले ल्याएको नीतिलाई प्रथम श्रेणी ल्याउनेले पालना गर्नुपर्ने भयो भनेपछि अहिलेका हाम्रा नेतृत्वहरूको जुन अवस्था छ नि त्यसको यो नै एउटा तीतो यथार्थ हो ।

- हाम्रा नेतृत्वहरूको शिक्षाको लेभल यस्तो किसिमको छ । हामी भन्छौं फलाना नेताले यति मात्र पढेको छ अरे, ९ कक्षा मात्र पास गरेको छ अरे, एस.एल.सी. नै पास गरेको छैन । उसले कसरी राम्रो काम गर्न सक्छ भनेर हामी टिका टिप्पणीहरू सुन्छौं । यस्तो किसिमले राजनीति अगाडि बढिरहेको छ । अतः युवा वर्गले र विशेष गरी अध्ययनमा क्षमता भएका व्यक्तिहरूले राजनीतिमा आउँनु आवश्यक छ ।  राजनीति अरूलाई गर्न दिने र आफू त्यसको पालना मात्र गर्ने हो भने राजनीतिप्रति कटाक्ष गर्नु आवश्यक छैन । जे नियम बन्छ त्यसलाई शान्तिपूर्वक पालना मात्र गर्ने बाटोमा लाग्नु पर्दछ ।

- एउटा कुरालाई यहाँ जोडेर आफ्नो विषयलाई म अगाडि बढाउँछु। संस्कृतमा भनिएको छ -"उद्यमेनहि सिध्यन्ति कार्याणि न मनोरथैः" मनोरथ मात्रले हुँदैन, सुतेको सुतै गरेर सिंहको मुखमा मृग आफै आएर पस्दैन । नेपालको समग्र राजनीति कसरी ठीक गर्ने, १० वर्षपछिको नेपालको राजनीतिको मुद्दा के हुने भन्ने विषयमा त्यति धेरै निराश हुनुपर्ने छैन । यो विषयमा, हामीले लगभग यो प्रजातान्त्रिक अभ्यास गर्दा धेरै अनुभवहरू पनि आएका छन् । हामीले वि.स. २००७ सालपछिका हरेक चुनाव र त्यसका परिणामहरू, माओवादी द्वन्द्व आदिले आम नेपाली जनतालाई शक्तिशाली बनाइ दिएको छ । अर्को कुरा पहिला पो राजतन्त्र थियो, त्यति बेला त राजा नै शक्तिशाली हुन्थे । अब लोकतन्त्र आएको छ । हामी जनता शक्तिशाली हुन्छौं र जनताले जस्तो सोच्छौं त्यस्तै नेताले पनि सोच्नुपर्छ, सोच्न बाध्य बनाइनु पर्छ । हामीले त्यसको लागि उद्यम गर्नुपर्छ ।

- हाम्रोमा राजनीतिक परिवर्तन हुँदैगर्दा त्यति धेरै अनुभव थिएन । स्वभाविक रूपमा परीक्षण गर्दै गइयो । अनुभवको कमीले गर्दा यसो गर्दा होला कि, उसो गर्दा होला कि भनेर जनता पनि यो पार्टीमा गए राम्रो होला कि, त्यो पार्टीमा गए राम्रो होला कि भनेर लागिरहे । हामीले खुब परीक्षण गऱ्यौं । नेपाली कांग्रेसले बहुमत ल्यायो, फेरि एमालेले पनि लगभग ल्यायो । तर, त्यहाँ पनि समस्या आयो । फेरि माओवादी ठूलो पार्टी भएर आयो । यसरी हामी जनताले पनि हेर्दैछौं । जब पहिलो निर्वाचन भएको थियो गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा त्योभन्दा अगाडिका राज्यसत्ता सञ्चालन गर्ने जो-जो व्यक्तिहरू थिए, त्यति बेला अर्कै मानसिकता त्यहाँ देखियो । म पार्टीको प्रसंगलाई जोड्न चाहन्छु । चाणक्यले जब घनानन्दलाई समाप्त गरेर लामो स्कुलिङ्गबाट चन्द्र गुप्तलाई नेता तयार गरे । त्यस्तो किसिमको स्कुलिङ्ग हाम्रोमा भएन । कुनै पनि संस्थाले वा राजनीतिक पार्टीले भविष्यको लागि हाम्रो पार्टीमा लिडर हामीले खोज्नु पर्छ, स्कुलिङ्ग गर्नुपर्छ भन्ने कुराको कमी रह्यो । त्यसले गर्दा हामीले

चाहे जस्तो लिडरसीप पाउन सकेनौं । अर्को कुरा हाम्रा पनि त राम्रा मान्छे थिए होला नि त । चाणक्यले सत्ता परिवर्तन गर्दा राक्षस गृहमन्त्री, रक्षामन्त्री थिए । उनलाई निरन्तरता दिए । किन दिए त भन्दा त्यति धेरै विवेकी व्यक्तिलाई मैले हटाएर अर्को व्यक्ति ल्याउँदा त्यति राम्रोसँग सत्ता सञ्चालन गर्न सकिँदैन । त्यो हाम्रोमा कमी रह्यो । अर्को कुरा नेपालमा विचारकहरूको पनि प्रयोग भएको छ । यहाँ कम्युनिज्म विचारको प्रशस्त प्रयोग भयो । तर हामीले चाहेको जस्तो, हामीले खोजेको जस्तो छैन नेपालमा विचारको राजनीति । अतः विचारको राजनीतिलाई पनि ठीक गर्नु आवश्यक छ ।

- अहिलेको राजनीति भनेको सत्ता र शक्तिसँग केन्द्रित भएको छ । जहाँ नेताहरूसँग जोडिएर मात्र हुने कुराहरू भयो । किनभने केही राजनीतिक क्षेत्रका मानिसहरू सँग वैचारिक छलफल गर्दा ती साथीहरू त्यो छलफल सुन्नै मान्नु हुन्न, बुझ्न खोज्नु हुन्न । नेताहरूसँग यस्तो छ उस्तो छ भन्यो अनि त्यही जिल्लाको सचिव या त त्यही जिल्लाको दलसँग आबद्ध मान्छेसँग मात्र जोडिने भयो । अहिले हामीले कुन सिद्धान्तले हामीलाई निर्देशित गर्छ भन्ने जान्नु आवश्यक छ । त्यसैले अब हामी युवाहरू जति पनि छौं, ती सबैले पढ्नुपर्ने विषय हो यो । अहिले प्रत्येक युवाहरूलाई निर्देशित गर्न सक्ने भनेको चाणक्य नीति हो । अहिले हामीले अध्ययन गऱ्यौं भने यति फरक विषयहरू छन् । त्यसैले सबैले पढ्नु पर्ने विषय हो यो चाणक्य नीति । महाभारतको अध्ययन गर्नुभयो भने, त्यहाँ अत्यन्त सुन्दर राजनीतिक विश्लेषण पाइन्छ । त्यो कुरामा हामी युवाहरूले अलि चिन्तन गर्नुपऱ्यो । राजनीति गर्ने बित्तिकै अहिलेको सन्दर्भमा शक्ति र इज्जतको कुरा मात्र जोडिएर आउँछ । अबको चिन्तन भनेको हामीले कुन दार्शनिक मूल्यले हाम्रो राजनैतिक सिद्धान्तलाई निर्देशित गर्छ भन्ने जान्नु जरूरी छ । हामी सधै १८औं शताब्दीको कार्लमार्क्सको फोटो टाँसेर वा सन् १९४९ देखि ६७ भित्रै फेल भएको मार्क्स भिजनको फोटो टाँसेर

मात्र अगाडि बढ्दैनौं। हामीसँग हाम्रो समर्थ दर्शन र विचार रहेको पुरानो कौटिल्यको अर्थशास्त्र, चाणक्य नीति, महाभारत वेद पनि अध्ययन गर्दै राजनीतिक कार्यमा अघि बढ्नु आवश्यक छ।

- सामान्यतया हाम्रो देशको विकासको लागि राजनीतिक गतिविधिहरू समर्थ हुनुपर्‍यो। गएको ७० वर्षदेखि हाम्रो राज्य समावेशी हुँदै गएको छ। हामीले राज्यलाई अझै पनि बलियो बनाउन सकेका छैनौं। राज्यले अपराधलाई कडाइका साथ नियन्त्रण गर्न सक्नुपर्छ। राज्यले अझै पनि यो कुरालाई बुझ्न सकेको छैन, यसलाई नियन्त्रण गर्न सकेको छैन। यस्तो अवस्थालाई अब हामीले अन्त्य गर्नुपर्‍यो। हिजोको अवस्थामा राज्य जे जुन अवस्थामा थियो अहिलेको अवस्थामा त्यो हुन दिनु हुँदैन। राज्यको स्कोपलाई फराकिलो बनाउन कोशिस गर्नुपर्‍यो। विकासको दृष्टिले हेर्ने हो भने पूर्ण रूपमा देशको विकास हुन सकेको छैन। यस विषयमा पनि राज्यले आफ्नो स्कोप बढाउन सकेको छैन। अर्को कुरा के छ भने, विकास कसरी गर्ने भन्ने कुरालाई पनि दृष्टिगत गरेर विशेष ध्यान दिनुपर्‍यो। यी सबै कुरालाई ध्यान दिएर अगाडि बढ्ने हो भने देश विकास हुन समय लाग्दैन। राज्य विकसित गराउने वा नगराउने भन्ने कुरा राजनीतिले निर्धारण गर्ने भएका कारण राजनीति पनि ठीक गर्नु आवश्यक छ।

- पार्टीलाई मात्र लाभ हुने कुरा लिएर होडबाजी गर्नु भएन। देश हाम्रो हो र विकास पनि हामीले नै गर्नुपर्छ भन्ने भावना लिएर अगाडि बढ्नु पर्छ। यदि यसो गर्ने हो भने सच्चा पार्टी आउन सक्छ। यो त्यो पार्टीभन्दा पनि सबै पार्टीहरू सुध्रिनुपर्‍यो र देशले सक्षम, स्वच्छ छवि भएको मान्छे पाउन सक्नुपर्‍यो। त्यसका लागि पार्टीको कानुन कस्तो हुनुपर्ने हो अथवा हामीले के कस्तो छलफल समाजमा चलाउनुपर्ने हो, त्यसमा चाहिँ विशेष ध्यान दिनुपर्‍यो। अर्को कुरा हाम्रो देशमा जुन स्थितिबाट राजनीतिक पार्टीहरू अगाडि आएका छन्, संघर्ष गरेर आएका छन्, दुःख गरेर आएका

छन्, उनीहरू देश विकास गर्नका लागि आएका हुन्, तर उनीहरूलाई विषयवस्तुको ज्ञान छैन । त्यसकारणले सबै पार्टी मिलेर अलि राम्रो एकेडेमी खोलेर प्रत्येक पार्टीबाट कोटाको आधारमा जान पाउने व्यवस्था आवश्यक छ। यसो गर्नाले देशविदेशका बारेमा जानकारी पाउने र देशमा राजनीतिको मार्ग उचित दिशातर्फ हुनेछ। त्यसैले देश विकासको लागि अलिकति पढेलेखेका मान्छे राजनीतिमा पनि चाहिन्छ। किनभने शुरूमा फरक खालको वर्ग संरचनाबाट आएको हुनाले लिडरसिप ट्रेनिङ्ग गर्नलाई पनि हामीलाई एकेडेमी चाहिन्छ।

- राजनीतिले नै समाजको आर्थिक, सामाजिक नीतिको निर्धारण गर्छ । समृद्धि राजनीतिको माध्यमबाट आउने कुरा हो। त्यसैकारण राजनीतिलाई सु-संस्कृत बाटोबाट अगाडि बढाउनुपर्छ। मानिसको जीवनमा जहाँ पनि राजनीति हुन्छ । घर-घरमा राजनीति छ । घरमा बाबुले एउटा नियम बनाउँछन् अनि त्यसैको आधारमा घर चल्छ । नियम बनाएर राज गर्ने हो नि त। तर हामीले त्यसलाई अर्कैतिर जोडेर हेर्न गयौं। सरकार परिवर्तन भए पनि नीति परिवर्तन नहुने भए देश विकास हुन्छ। तर नीति परिवर्तन भएर नै लगानीकर्ताहरूले लगानी नगरेका हुन्। अस्थिर राजनीतिक कारणले विकास हुन नसकेको हो। लगानी गरेको दश वर्षमा नीति परिवर्तन भएको हुन्छ । त्यसलाई राजनैतिक मूल्य र मान्यताका आधारमा कुरा गर्दा नीतिगत स्थिरता र हाम्रा न्यायालयहरूमाथि प्रत्येक संस्थाबाट प्रहार भइरहेका छन्। लोकतान्त्रिक संस्थाहरू कमजोर भएपछि नेपालको राजनीति कसरी चलेको छ भन्ने सन्दर्भमा यसलाई मैले चार तहमा विभाजन गरेको छु। पहिला नेताको मान्छे हुन्छ, दोस्रो राजनीतिमा नाताका मान्छे, तेस्रो दाताका मान्छे र चौथो भाताका मान्छेहरू अनि बाँकी रहेकाहरू पर्छन्। बाँकीहरूमा हामी पर्छौं। त्यसैले राजनीति बिग्रेको हो। अनि देश बिग्रिनुको अर्को कारण नीतिले भन्दा पनि व्यक्तिबाट चल्नु हो। अरूमा दक्षिणी वायुको प्रभाव पर्छ तर राजनीतिमा त्यो देखिन्न। शक्ति

पृथकीकरणको सिद्धान्तबारे म भारतको उदाहरण दिन चाहन्छु । नेपालमा पार्टी सभापति र प्रधानमन्त्री एकै व्यक्ति बन्छ । प्रधानमन्त्रीको कार्यालयमा पार्टीको बैठक बसाइन्छ । यसले सुशासन होइन कुशासन कायम गर्न ठूलो भूमिका खेल्छ । भारतमा हेर्नुहोस्, सोनिया गान्धी पार्टी सभापति हुँदा मनमोहन सिंहलाई प्रधानमन्त्री बनाइन् । फरक-फरक मान्छे हुँदा पार्टीको काममा एकजनाले र अर्कोले सरकारको काममा ध्यान दिन सक्छ । तर नेपालमा त्यस्तो छैन । अहिले अमित शाह र नरेन्द्र मोदीको कुरा गरौं, फरक-फरक हुनुहुन्छ । नेपालमा दक्षिणी वायुको प्रभाव अन्यत्र परे पनि राजनीतिमा परेन । यसले धेरैलाई वनवास जान बाध्य पारिँदै छ ।

- राजनीतिको मूल्य मान्यताको बारेमा राजनीतिको रिमोट कसले सञ्चालन गर्नुपर्ने हो, त्यो हामीले सोच्नु पर्ने हुन्छ । वि.स. २००७ सालदेखि अहिलेसम्मको इतिहासमा नेता तथा पार्टीहरू धेर परिवर्तन भए । तन्त्र परिवर्तन भयो तर प्रवृत्ति परिवर्तन भएन । राणा शासनको समयमा शासकहरू जनताप्रति जति उत्तरदायी थिए, आज पनि उस्तै छ । केही परिवर्तन भयो होला, त्यो आफ्नो ठाउँमा छ तर आन्तरिक जो छ त्यो बिलकुल परिवर्तन भएको छैन । नेताहरू कुन सिद्धान्त बोकेर राजनीतिमा प्रवेश गरेका छन् । त्यो नहेरी इतिहासमा के छ, म के बोलिरहेको छु भन्ने कुरा अगाडि नबढेर पछाडि फर्केर हेर्ने चलन छ । राष्ट्रपति तथा अन्य संस्थाहरू चलाउन, राजाहरूले कसरी चलाउँथे त्यो बुझ्ने र सुरक्षाको कारणले यसरी तपाईं बग्गीमा चढेर जानुपर्छ सिकाइदिन्छन् । राजतन्त्रको अन्त्य भएर लोकतन्त्र आइसक्दा पनि त्यो हामीले देख्यौं । कुनै व्यक्ति वा संस्थालाई दोष लगाउन खोजेको होइन । त्यो संयन्त्रले वि.स. २००७ साल अगाडि शासन सत्ता चलाइरहेको थियो । त्यो मनस्थिति आज पनि छ । त्यो नै हाम्रो राजनीतिक परिवर्तनको मुख्य कारण हो । अर्को राजनीतिकरण कहाँ सम्म गर्ने, कुन हदसम्म गर्ने, त्यसको एउटा एरिया हुनुपर्ने, त्यो छैन । पत्रकार देशको चौथो अंग भन्छौं, राज्य हेर्ने कराउने

आँखा त्यसलाई भनिन्छ। यसले सञ्चालकलाई समेत अंकुश लगाउँछ। पत्रकारितामा रहेका ९० प्रतिशत पत्रकार पार्टीका एजेण्डा लिएर पत्रकार बनेका छन् र विपक्षीले राम्रो गरेको भए पनि नराम्रै देख्छन्। आफ्नो पार्टीले नराम्रो गरे पनि होइन कहिले काँही हुन्छ भनेर जोगाउनतिर लाग्छन्। यहाँ मैले बोलेको कुरा तपाईंहरूले सुनिरहनु भएको छ। तर, कुनै रेडियो टि.भिले मेरो बोलीलाई फरक तरिकाले व्याख्या गरे मेरोभन्दा पनि पहिला त्यसको विश्वास गर्नुहुन्छ। ए बोल्दै थियो, बीचमा भनेछ होला, मेरो ध्यान अन्यत्र गएको बेला मैले सुनिन रहेछु भनेर विश्वास गर्छौं। पत्रकार कुनै न कुनै झण्डाको मुनि बसेर, त्यही पार्टीका नेताको चाकडी गरेर बसेकोले, त्यस्ताले राम्रोलाई नराम्रो र नराम्रोलाई राम्रो लेख्छन्। त्यसले जनतामा भ्रम सृजना गर्छ र वास्तविकता बुझ्न सक्दैनन्। यो एउटा गलत राजनीतिको पाटो हो।

- अर्को प्राध्यापक भनेको व्यक्तिको चरित्र, राष्ट्रको भविष्य परिवर्तन गर्न सक्ने व्यक्ति हो। त्यहाँ पनि त्यस्तै छ। एउटा कुनै पद प्राप्त गर्नको लागि त्यसले तुरून्तै चाकडी सुरु गरिहाल्छ, विचारसँग कुनै मतलब छैन। आफ्नो मान्छे हो कि होइन। "जो हाम्रो त्यो राम्रो" एउटै मात्र नारा छ। तर हुनुपर्ने त "जो राम्रो त्यो हाम्रो" हो। कांग्रेसको सरकार भएको बेला एमालेको राम्रो मान्छे, योग्य, स्वच्छ छवि भएको छ भने उसलाई नियुक्ति गर्नु नि। त्यसले राम्रो सन्देश पनि प्रवाह हुन्छ। तर त्यो पहिला पनि भएन अहिले पनि तत्काल परिवर्तन हुँदैन। अब त्यसलाई हामीले परिवर्तन गर्नुपर्छ।

- नेपालको राजनीति इँटा बोक्ने, बिटा बोक्ने र ठिटा बोक्ने व्यक्तिले गर्ने देखियो। अनि यो प्रकृतिले नेपालमा के प्रभाव पर्‍यो भने, इँटा हान्न सक्ने भयो भने त्यहाँ गुण्डा गर्दी भयो, बिटा खर्च गर्न सक्ने भयो भने अयोग्य भए पनि योग्य ठहर्‍यो, अनि ठिटा बोक्न सक्यो भने बडी बिल्डर, घैंटे जस्ता अघि-पछि दुईचार जना पालेकै छु भन्ने पनि देखियो नेपालमा। अनि

राजनीति पेसा होइन, विशुद्ध सामाजिक सेवा हो भनेर कहिले लागेन। नेपालको राजनीतिमा त्यसले के भयो भने नयाँ पुस्ताले के बुझे भन्दा राजनीति फोहोरी खेल हो भन्ने बुझे। मानौं कुनै मान्छे छोरी माग्न कसैकोमा गयो। एउटाले सोधे के गर्नुहुन्छ ? साइकल सफा गर्छु। अर्कोले सोधे के गर्नुहुन्छ ? सानो व्यापार छ। अर्कोले सोधे राजनीतिमा लागेको छु भन्नासाथ यस्तालाई छोरी दिन्छु ? भन्छन्। यति घृणा भइसक्यो। त्यो समस्या आएको छ तर हामी फेसबुकको वालमा दैनिक लेखिरहेका हुन्छौं नेपालका नेताले पढेनन्, पढेका भए गतिला हुने थिए भनेर। एक अर्कालाई आरोप लगाइरहेका छौं तर तपाईं हामी जस्तो पढे लेखेका व्यक्तिहरू राजनीतिमा समावेश हुन जरूरी छ र नीति बनाउनेहरूले त विश्वको बारेमा ज्ञान लिएको हुनुपर्छ। त्यसैले युवाले निराश हुनुपर्ने आवश्यकता छैन। नेपालको राजनीति वर्तमानमा जातीयतातिर गइरहेको छ। यसले अयोग्यलाई पनि चुनावमा जिताएर पठाउँदा त्यसले के गर्ला भन्ने पनि छ। अब नेपालमा पढेलेखेका युवाहरूले समृद्धिका निम्ति राजनीतिमा लामबद्ध हुन जरूरी छ।

- प्रजातन्त्रको कुरा आयो राजनीति भन्ने बित्तिकै। प्रजातन्त्र भन्ने बित्तिकै यो लोकतन्त्र भन्ने पश्चिमी विचार हो, उतैबाट आएको हो भन्ने भ्रम हामीले राख्नुपर्छ। महाभारतको इतिहास हेर्‍यौं भने त्यहाँ प्रष्ट छ। राजा भरतले आफ्ना पाँच छोरालाई राजा नबनाईकन जनताको छोरालाई राजा बनाएका छन्। किनभने उनले आफ्ना नौ जना छोरामा त्यो क्षमता देखेनन्। उनकी आमा शकुन्तलाले भन्छिन्, तिमी कस्ता बाबु हो, आफ्ना छोराछोरीलाई राजा नबनाई जनताको छोरालाई राजा बनायौ भनेर भन्दा राजा भरत भन्छन्- मेरो लागि मेरा जनता सबै मेरा छोराछोरी हुन्। जो क्षमतावान् छ उसैलाई राजा बनाएँ भन्दा, उनकी आमाले गर्व गर्छिन्। यो प्रजातन्त्रको बीज हाम्रै समाजमा रोपिएको थियो। यो यथार्थ हामीले कहिले पनि त्याग्नु हुँदैन।

- म एउटा सानो कथा सुनाउँछु । एकादेशमा एउटा धनी राजकुमार थियो । उसलाई पैसा धन-दौलत मोजमस्ति थियो । उसले शहरमा एउटी सुन्दरी देखेछ । उसप्रति आकर्षित भयो र विवाह गऱ्यो । विवाह गरेको तीन चार महिनामा सुन्दरीको मृत्यु भयो । मृत्यु पश्चात राजकुमार दुःखी बन्यो र अन्त्यमा के गऱ्यो भने, उसको अन्त्येष्टि नगरी जस्तो छ त्यस्तै गरी सजाएर राख्ने निर्णय गऱ्यो र महलमा रंगरोगन र बँगैचाले सुशोभित गराएर हेऱ्यो । हेर्दा साऱ्है सुन्दर देख्यो त्यो महल र राजकुमारले यो महलमा मेरी श्रीमतीलाई राख्न मिल्दैन भन्यो । जुन प्रयोजनको लागि निर्माण गरिएको थियो, त्यो भएन । श्रीमतीको मायाभन्दा पनि त्यो महलको सजावटले उसलाई मोहित बनायो । मैले भन्न खोजेको के भने, अब यो राजनीतिमा वि.स. २००७ सालभन्दा अगाडिको त्यति कुरा गर्दैनौं । वि.स. २००७ सालमा एउटा  परिवर्तन आयो राणाशासनको अन्त्य भयो । त्यसपछि पञ्चायत लागू भयो । वि.स. २०४६ सालमा बहुदल आयो । यो पनि काम नलाग्ने रहेछ भनेर माओवादीले बन्दुक बोकेर वि.स.२०५२ - २०६२ सम्म १० वर्ष द्वन्द्व (विद्रोह) गऱ्यो । त्यसपछि वि.स. २०६२ –२०६३ को जनआन्दोलन भयो लोकतान्त्रिक संघीय गणतन्त्रको स्थापना भयो । संविधान सभाको चुनाव भयो । त्यो निर्वाचनबाट निर्वाचित भएर पनि काम भएन र पुनः संविधान सभाको निर्वाचन भयो । कस्तो खालको संरचना बनाउन खोजेका छौं त हामीले ?

  राणाशासन, पञ्चायत र राजा शासन सम्पूर्ण ढालेर अब देश संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा, राजनीतिले के सही बाटो लिएको छ त ? पक्कै पनि लिएको छैन । अझै पनि हाम्रो राजनीति गर्ने नेताहरूलाई मात्रै दोष दिदैनौं । तर नेतृत्व गर्ने पंक्तिमा त उहाँहरू नै हुनुहुन्छ । उहाँहरूले गरेको बैठकको निर्णय अनुसार देश कता जान्छ भन्ने कुराको निस्कर्ष त निकाल्छ नि । त्यही भएर देशलाई कतातिर लाने भन्ने कुराको जिम्मेवारी नेतृत्वमै जान्छ । तर, नेतृत्वले नै निर्णय गर्न नसकेको

अवस्था छ। त्यसैले हामीले सधैंभरि राजनीतिलाई गाली गरेर मात्रै हुँदैन। जनताले पनि आफ्नो जिम्मेवारी वहन गर्नुपर्छ। राजनीति अर्कालाई जिम्मा लाएर केवल गाली मात्र गर्नु हाम्रो कर्तव्य होइन। राजनीतिलाई अब समाजले निर्देशित गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ। अनि मात्र देशको समृद्धि, विकास र सामाजिक स्तरोन्नति सम्भव छ।

❀❀❀

# बदलिंदो परिस्थितिमा विदेश नीति र सञ्चारको भूमिका

**प्रस्तावना**

यो सत्रमा हामी बदलिँदो परिस्थितिमा विदेश नीति र सञ्चारको भूमिकाबारे चर्चा गर्नेछौँ । हाम्रो भौगोलिक परिवेश र हाम्रा सामाजिक मूल्य-मान्यता एवं संस्कारका आधारमा समयानुकूल विदेश नीति निर्माण गर्न सकेको खण्डमा देशलाई दीर्घकालीन रूपमा लाभ प्राप्त हुनसक्छ । यसका लागि राजनीतिक नेतृत्वपंक्ति, आम नागरिक एवं सञ्चार क्षेत्रको अहम् भूमिका हुन्छ। हर घरमा कुनै न कुनै माध्यमबाट सञ्चारको पहुँच पुगेको वर्तमान परिस्थितिमा राष्ट्रको विकास एवं नीति निर्माणमा सञ्चार क्षेत्रले सकारात्मक भूमिका निर्वाह गर्न सक्दछ । यसै परिवेशमा नेपालमा विद्यमान विदेश नीति कस्तो छ ? कस्तो हुनुपर्छ ? तथा समग्र विदेश सम्बन्ध निर्माणमा सञ्चार जगत्को भूमिका के हुनसक्छ ? भन्नेबारेमा हामी चर्चा गरौं ।

## विचारहरू

- मिडिया र सोसल मिडियाको रूपमा फेसबुक निकै नै चलिरहेको छ। योसँगै अपराध तथा साइबर क्राइम पनि बढ्दो क्रममा छ। एउटा अनुभव यहाँ प्रस्तुत गर्नु आवश्यक छ। एउटा विद्यालय "eastern heart, western mind" स्लोगन प्रयोग गरेको मलाई साह्रै चित्त बुझेन। किनभने हाम्रो पूर्वतिर पुर्खाहरूको मन त राम्रो छँदै थियो, बौद्धिकरूपमा पनि अत्यन्तै विद्वान् थिए। यहींबाट विकास प्रारम्भ भएको भन्ने विश्वास गर्ने हुनाले त्यो देखेपछि मैले त्यो स्कुलले प्रयोग गरेको यो कोटेसन हटाउनु पर्छ भनेर फेसबुकमा उसको लोगोमा भएको भनाई सहित राखिदिएँ। त्यसपछि उसले मलाई टेकु प्रहरी परिसर, महानगरीय प्रहरी परिसरमा गएर जाहेरी दरखास्त दिएछ। यो साइबर अपराध हो भनेर आरोप लगायो। त्यो वास्तवमा विद्युतीय अपराधमा पर्ने विषय थिएन तर त्यसको राम्रोसँग व्याख्या कानुनमा नगरिएका कारण यसलाई अपराध नै मानिने अवस्था देखियो। यसबाट हामी सजग हुनुपर्ने अवस्था बन्यो। अतः कानुनी व्याख्या हुन नसकेर बोल्न मिल्ने विषयमा पनि बोल्न वा लेख्न सजगता आवश्यक भयो। अतः यसलाई राज्यले समयमै निर्धारण गर्नु आवश्यक छ।

- विदेश नीतिको विषयमा हामीले जहिले पनि त्रिदेशीय विदेशनीतिको बारेमा कुरा गर्‍यौं। जस्तै कि नेपाल-चीन-भारतको बारेमा हामीले कुरा गर्‍यौं। तर, हामीले त्रिदेशीय विदेशनीति नबनाएर त्रिदेशीय आचरणयुक्त विदेशनीति बनाउनु आवश्यक छ। त्रिदेशीय विदेशनीतिमा जुन देशको नाम अगाडि राखिन्छ त्यसलाई बढी महत्व दिएको अर्थ लाग्ने रहेछ। यदि हामीले तीनवटै देशहरूलाई त्रिकोण आकारमा राख्यौं भने जहाँबाट प्रारम्भ गरे पनि भयो नि त। त्यस कारणले हरेक देशको समान स्थिति देखिन्छ। यो एउटा नयाँ तर सबैका लागि मान्य हुने सिद्धान्त हुनेछ भन्ने विश्वास छ।

- अहिले यो सामाजिक सञ्जालमा हामीलाई यति धेरै लत बसिसक्यो कि एकदिन पनि फेसबुक हामीले चलाएनौं भने राम्रोसँग निन्द्रा पनि लाग्दैन। एकछिन फुर्सद हुन पाएको छैन, फेसबुक खोलिहालौं न के अपडेट हुँदैछ, कसले के राख्यो या त कहाँ संसारमा के हुँदैछ भन्नेमा हामी लाग्छौं। यसको अब लाभ र हानि दुवै छन्। तर लाभभन्दा हानि बढी देखिन्छन्। कतिजनाले आफ्नो व्यवसायको बिस्तार एवं प्रचारमा यसको उपयोग गरेको पाइन्छ। त्यो लाभको पक्ष हो। यो एकदम कम खर्चमा र कम समयमा धेरै मानिसका बीच पुग्ने माध्यम बनाउनाले फाइदा पनि हुन्छ। एउटा कुनै विचार वा चित्र इन्टरनेटमा हाल्यो भने अहिले एकैछिनमा कतिवटा लाइक र कमेन्ट एवं कति जनामा पुगिहाल्छ। यो एउटा त फाइदाको कुरा भइहाल्यो तर यसको अर्को पक्ष पनि छ। त्यो के हो भने एउटा सानो बच्चा अहिले जन्मियो, यो दुईवर्ष हुन पाएको छैन। उसको हातमा मोबाइल दिइन्छ। खाना खुवाउनु पर्‍यो भने बच्चालाई मोबाइल वा ट्याबमा एउटा गेम खेलाइदियो, युटुबमा एउटा सानो राइम्स् देखाइदियो कति उपयोगी जस्तो लाग्छ। अब बच्चाको आँखा जन्मिदाखेरि यस्तो तेज हुन्छ तर दुई वर्ष, तीन वर्षको उमेरमा यत्रो मोटो मोटो पावर भएको चस्मा लगाइसक्छन्। मष्तिष्कमा पनि नराम्रो असर परेको हुन्छ। ऊ समाजमा घुलमिल हुन छोडेर केवल इन्टरनेटमा मात्र रमाउन थाल्छ। अटिजम् आदि अनेक रोगहरूको कारण मोबाइलमा भएका सामाजिक सञ्जाल र खेलहरू हुन्। यसले कुनै दिन देशलाई नै प्रभावित गर्नेछ। मानवताको जगेर्ना गर्न पनि यसलाई नियन्त्रण गर्नु आवश्यक छ।

- सामाजिक सञ्जालका कारण कति जनालाई देखावटीपनको पनि समस्या बनेको छ। ओहो को मान्छे त कहाँ घुम्न गयो रे, हामी खै गएको त घरमा झगडा हुनथाल्यो। उनीहरू पनि त ब्यस्त भइ-भइ कुनै समय निकालेर गइराखेका छन्। अनि कसले के लगाएर फोटो खिच्यो, कसले के लगायो, यो देखासिकी एकदमै बढ्यो। यसको नराम्रो पक्ष भनेको मान्छे वास्तविक दुनियाँसँग भन्दा सामाजिक सञ्जालको दुनियाँसँग बढी घनिष्ठ बनेको

पाइन्छ । ल अब को कहाँ घुम्न गइरहेको छ, कसैलाई देखाउनु पनि परेको छ । फोटोहरू मार्फत्  म यहाँ चेक इन गरिरहेको छु, यहाँ खाना खाइरहेको छु, यस्तो प्रदर्शन गर्नुछ भन्ने जानकारी गराइन्छ । मान्छेलाई वास्तविकतासँग मतलब छैन ।

भर्चुअल सत्यमा मात्र अन्धभक्त भएर मानिस आज असामाजिक बनेको देखिन्छ । यो एउटा नकारात्मक पक्ष पनि हो । सामाजिक सञ्जालहरूलाई सही तरिकाले प्रयोग गऱ्यो भने एकदमै राम्रोसँग यसको फाइदा पनि लिन सकिन्छ । समाजलाई जागरूक गर्न पनि सामाजिक सञ्जाल अत्यन्त उपयोगी हुनसक्छ । नेपालमा यसको उपयोगभन्दा दुरूपयोग बढी भएका कारण यसलाई राज्यले नियमन र प्रोत्साहन दुवै गर्नुपर्ने आवश्यकता रहेको छ ।

- अहिले विशेष गरी विभिन्न सामाजिक सञ्जालहरूमा र अन्य केही मिडियाहरूमा पनि समाजमा एक किसिमको विखण्डन ल्याउने खालको सामग्रीहरू सम्प्रेषण गरिएको पाइन्छ । त्यसलाई राज्यले न्यूनीकरण गर्नुपर्छ । सकभर नहुनु नै ठिक हो । त्यसै गरी स्वतन्त्रताका नाममा र वाक्स्वतन्त्रताका नाममा अरूलाई बदनाम गर्ने काम गर्नु अनुचित हो । यसलाई समाजले बोध गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ । आफ्नो स्वतन्त्रताको प्रयोग गर्ने भनेर अरु कसैको हक अधिकार हनन गर्ने कसैलाई पनि कुनै अधिकार छैन । अतः मिडियाले पनि आफ्नो मूल्य र मान्यताभन्दा बाहिर जानु हुँदैन ।

- नेपालको वैदेशिक नीतिको सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा हाम्रा कूटनीतिज्ञ र राजनीतिज्ञहरूको व्यक्तिगत पहलमा मात्र वैदेशिक सम्बन्ध अगाडि बढेको देखिन्छ । राज्यको प्रतिनिधित्व भने देखिदैन । राजनीतिमा व्यावसायिकता, राजनीतिलाई पेसागत बनाउन नसक्दा, राजनीति संस्थागत हुन नसक्दा राज्यले धेरै कुराहरू गुमाउँदै गएको छ । या त नयाँ तरिकाको राजनीतिक चरित्रको विकास हुँदैछ   या त हाम्रो वैदेशिक सम्बन्धमा

ठूलो समस्या आउने गरी विदेश नीति निर्माण हुँदै गएको छ । एउटा सरकारको अर्को सरकारसँग को सम्बन्धले अब राज्यको विदेश नीति चलाउनु घातक हुनेछ। अतः जनताको जनतासँग सम्बन्ध बनाउने दिशा तर्फ राज्यका सञ्चालकहरूको ध्यान जानु आवश्यक छ।

- विशेष गरेर अहिले विदेश नीतिको कुरा गर्दा सबभन्दा ठूलो विकराल स्थिति भनेको नेपालले आफ्नो नीतिलाई आफैंले नै नियन्त्रण गर्न सकिरहेको अवस्था देखिदैन । वैदेशिक प्रभाव बिस्तारै बढ्दै गएको र सार्वजनिक रूपमै पनि आइरहेको हामीले पाइरहेका छौं । विशेष गरी एन.जि.ओ, आइ.एन.जि.ओ को नामबाट अलिकति प्रत्यक्ष, अप्रत्यक्षरूपमा हस्तक्षेप भइरहेको अनुभव हुन्छ । अब हामी आफै पनि अध्ययन गर्ने क्रममा प्रोफेसरहरूसँग भेट्ने क्रममा र केही सरकारी निकायका उच्च तहमा रहेका साथीहरूसँग को भेटघाटमा उहाँहरू आफै भन्नुहुन्छ यो नीति बनाउने दुःख कसले गरोस् । हामी त बजेट सिधै अब आइ.एन.जि.ओ का साथीहरूलाई पठाउँछौं । उहाँहरूले पूरा अध्ययन गर्नुहुन्छ । अध्ययन गरेर हामीलाई ल्याएर दिनुहुन्छ । अनि हामी यसो तयार गरेर दिन्छौं । एकातिर हाम्रा बौद्धिक दरिद्रता यस किसिमको सोचमा नै छ र अर्को तर्फ सरकारको नियम, सरकारले गरेका निर्णयहरूमा प्रत्यक्ष, अप्रत्यक्षरूपमा हस्तक्षेप भइरहेको खण्डमा अब विदेश नीति बनाउँदाको मुख्य चिन्ताको विषय के हो भने देश सात प्रदेशमा गइसकेको बेलामा यो विदेश नीतिलाई यी सातवटा प्रदेशलाई अब कसरी राख्ने अथवा सातवटा प्रदेशहरूलाई विदेश नीतिमा उनीहरूलाई पनि जिम्मा दिने कि नदिने भन्ने विषयमा गम्भीर हुनु आवश्यक छ।

- अब केन्द्रले अहिले विदेश नीति आफूले नै नियन्त्रणमा राख्नुपर्छ। केन्द्रीय तहले त अहिलेसम्म आफूले आफ्नो इच्छा अनुसार निर्माण गरेर सञ्चालन गर्न नसकेको अवस्थामा हामी के कुरामा सजग हुनुपर्दछ भने वैदेशिक नीति मार्फत् प्रादेशिक सरकारमा चलखेल गर्ने बाटो अथवा त्यो एउटा

अवस्था निर्माण नहोस् । मूलतः अझै पनि हामीले हाम्रा मित्रराष्ट्रहरूसँग हाम्रो स्पष्ट सम्बन्धका साथ एउटा विदेश नीति निर्धारण गर्न सक्नुपर्छ । त्यसलाई बढी महत्व दिँदै हामीले विदेश नीति मार्फत् अब यो बदलिएको राजनीतिक परिवेशमा यसलाई वैदेशिक चलखेल गर्ने बाटो सृजना गर्न दिनुहुँदैन । वैदेशिक नीति निर्माण, वैदेशिक सहायता यी सबै अधिकारहरू केन्द्रले आफ्नो मातहतमा राख्नुपर्छ ।

- नेपालको जनसंख्याको १० देखि १२ प्रतिशत मानिसहरू देश बाहिर छन् । विदेशमा बसेका नेपालीहरूको योगदानलाई पनि हामीले ध्यान दिनु आवश्यक छ । विदेशनीति निर्माण गर्दा उहाँहरूको योगदानको समेत कदर हुने गरी योजना र नीति निर्माण गर्नु आवश्यक छ ।

  अर्को एउटा फरक पाटो चाहिँ मिडियाको कुरा जोडेर ल्याउँदा लोकतन्त्रको सबैभन्दा सुन्दरपक्ष नेपालमा देख्न पाइन्छ अहिले । त्यो भनेको एउटा प्रेस स्वतन्त्रता हो । यस्तो आनन्दको स्वतन्त्रता सिंगापुरमा पनि छैन । सिँगापुरको प्रेस स्वतन्त्रतालाई हामीले उदाहरणका रूपमा लियौं भने सिंगापुरको बारेमा कुनै पनि नकारात्मक समाचार नै पाइँदैन । प्रेस स्वतन्त्रतालाई आन्तरिक रूपमा त्यहाँ बन्देज छ । नेपालको त्यो स्वतन्त्रताको भने दुरुपयोग गरिएका कारण यहाँको स्वतन्त्रतामा पनि भविष्यमा बन्देज लाग्न सक्ने संभावना छ । अतः प्रेसले पनि अन्यन्त जिम्मेबार भएर समाचारहरू सम्प्रेषण गर्नु आवश्यक छ ।

- हाम्रो विदेशनीतिको इतिहासलाई हेर्ने हो भने पहिला पृथ्वीनारायण शाहको पालामा उहाँको नीति के थियो भने माथिको र तलको दुई वटा ठूला-ठूला साम्राज्यहरूलाई विभिन्न तरिकाले नियन्त्रण गर्ने । तर पृथ्वीनारायण शाहले चाहे अनुसार हामीले चीनसित र ब्रिटिससँगको युद्धलाई रोक्न सकेनौं । हामी युद्धमा जानुपर्ने स्थिति आयो । त्यहाँनिर उहाँको माथि र तलको दुई वटालाई नजिस्काईकन क्षेत्रीय एकता गर्ने विशाल रणनीति

थियो । त्यो असफल भयो । त्यसपछिको विदेश नीति निर्माण गरेको भनेको जंगबहादुरले हो। हामीले जसलाई अहिले 'स्मल स्टेट डिप्लोमेसी' भन्छौं। उनले के गरे भने हामी केही बलियाहरूलाई फकाएर बरू केही ल्याउन सक्छौं कि भनेर प्रयत्न गरे र मलाई लाग्छ उनी सफल पनि भए केही हदसम्म । त्यसपछि महेन्द्रको पालामा हो पुनः नयाँ विदेश नीति निर्माण गरेको । महेन्द्रको विदेशनीतिको कुरा अझै पनि धेरै महत्वपूर्ण छ। विदेश नीति भनेको आन्तरिक नीतिको आन्तरिक सामाजिक नीतिका उद्देश्यहरू पूरा गर्न लिइने नीति हो ।

- नेपालले चीन र भारतका बीच विश्वासको वातावरण निर्माण गरेर आफूलाई विश्वभरि स्थापित गरिराख्न सक्दछ। हामीले के गर्न सक्छौं भने हामी आफैले पनि नेपाललाई नै चिनियाँ सभ्यता र भारतीय सभ्यताको मिलनबिन्दुको रूपमा प्रस्तुत गर्नुपर्‍यो। जबसम्म हामीले त्यो गर्न सक्दैनौं चाइना र भारतको बीचमा सुरक्षा आशंका बढ्दै जाने, अविश्वास बढ्दै जाने अनि त्यसपछि हामीले सेतु बन्ने हो भने केही पनि अर्थ राख्दैन । बाटो बनाएर, रेलवे ल्याएर मात्रै त्यो जोडिने भन्ने होइन। नेपाल भनेको दुईवटा सभ्यताको मिलन हुने स्थान हो भनेर उनीहरूसँग सम्वाद गर्न सक्नेछौँ। त्यो भइसकेपछि बल्ल हामी आफू केन्द्रबिन्दुमा रहेर विदेशनीति निर्माण गर्न सक्षम हुनेछौं।

- विदेश नीतिलाई संक्षेपमा भन्नुपर्दा ३, ४ वटा तरिकाबाट बुझ्नु आवश्यक छ। एउटा हाम्रो सिधै भारतसँग को सम्बन्धको विदेश नीति, चीनसँगको अर्को, अमेरिकी दृष्टिकोणवाला जो छन् तिनीहरूको र एउटा युरोपियन युनियनको । यी चारवटालाई हामीले सन्तुलित गर्नुपर्नेछ। हामीले एउटै विदेश नीति बनाऔँ भन्ने नेपालीहरूको, आम जनसमुदायको भनाइ वा धारणा आउँछ। समग्र चाहे भारत होस्, चाहे चीन होस्, चाहे अमेरिका होस् सबैलाई एउटै नीतिभित्र हालौं। विदेश नीति नेपालको एउटै हुनुपर्छ भन्ने हामी चाहन्छौं । अधिकांश मान्छेले त्यही चाहेका छन् । यसमा

म भारतको एउटा उदाहरण दिन्छु । भारतले पनि त्यस्तै विदेश नीति बनायो । लगभग दश, पन्ध्र वर्ष अगाडि । त्यो विदेश नीतिले नेपाललाई र अमेरिकालाई एउटै बास्केटमा हेर्छ । अमेरिकाप्रति गर्ने दृष्टिकोण र उसको हेर्ने दृष्टिकोण र नेपाललाई हेर्ने दृष्टिकोण लगभग उस्तै-उस्तै छ । किनभने एउटा विदेश नीति बनाए त्यसै अनुसारको व्यवहार गर्छन् । तर हाम्रो अरू सांस्कृतिक सम्बन्धका कारण अरू ऐतिहासिक सम्बन्धका कारण केही व्यावहारिक रूपमा ती लागू नभएर केही थोरै हामीसँग बढी नजिक अथवा घनिष्ठता भएको सम्बन्ध पनि थियो ।

अहिले पछिल्लो चरणमा जब नेपाल र भारतको बीचमा अलिकति एक किसिमको राजनीतिक स्तरमा मन मिलेन, त्यसपछि उनीहरूले अब त्यो विदेश नीतिका पुस्तकहरू पल्टाउन थाले । नेपालप्रति हामीले दृष्टिकोण, के नीति बनाएका छौं पहिला, त्यो हेरौं त्यसका आधारमा नेपाललाई गर्नुपर्ने व्यवहार के हो, हामीले निर्धारण गरौं भनेर खोज्न थाले । त्यो खोज्दै खोज्दै अहिले उनीहरूकोमा एउटा दृष्टिकोण के बनिसक्यो भने नेपाल र अमेरिका अथवा नेपाल र चीनमा हाम्रो कुनै अन्तर छैन । विदेश नीतिको हिसाबल हेर्ने हो भने त्यो खालको चर्चा उनीहरूले किन गरे त ? किनभने हामीले नै त्यो चाहना राख्यौं । नेपालीहरूले त्यही प्रकारको चाहना राखेको हुनाले उनीहरूबाट पनि त्यसै प्रकारको नीति लगभग लागू भइरहेको छ । सायद अब केही समयपछि त्यो केही परिवर्तन पनि होला । तर अहिलेसम्म यो १५-१६ वर्ष अगाडि बनेको जुन नीति हो, त्यो अहिले लागू गर्नेतिर भारत गइरहेको छ । त्यसले हामीलाई के नोक्सान गऱ्यो अथवा के फाइदा दियो ? भारतको रेलवेमा नेपालीहरूले जुन सुविधा पाउँथे अथवा १९५० को सन्धि अनुसार नेपालीहरूले जे सुविधा पाउँथे तिनीहरू लगभग कटौती हुँदैहुँदै गइराखेका छन् । किनभने कानुनीरूपमा नेपाली र अन्य विदेशीमा फरक भएन अब । त्यहाँको कानुनले अथवा व्यवहारमा नेपाली पनि एउटा विदेशी बन्यो । त्योभन्दा पहिला धेरै मान्छेहरूलाई पनि थाहा थिएन र सरकारमा बसेका जो शासन गरिराखेका छन्, उनीहरूलाई

पनि थाहा थिएन कि नेपाललाई हामीले छुट्टै गर्नुपर्छ । अर्थात् विदेशीको रूपमा व्यवहार गर्नुपर्छ भन्ने नै थाहा थिएन । 'अपना पडोसी है' भनेर हामी एउटै हौं भने जस्तो व्यवहार हुन्थ्यो । त्यो अहिले घट्दै-घट्दै गइरहेको छ । तर त्यसले के नोक्सान गर्छ हामीलाई, हामीले आफ्नो विदेश नीति बनाउँदै गर्दा भारत र चीनलाई हेर्ने दृष्टिकोण थोरै अरूभन्दा फरक बनाउनु पर्छ । त्यो फरक हामीले बनाउन सकेनौं भने हामीले फेरि विदेश नीति एउटै बनायौं भने असर पर्न सक्छ । जस्तै अमेरिकाबाट कुनै सामान नेपाल आउनुपर्ने भयो, विदेश नीति अन्तर्गत हामीले सम्झौता अनुसार आउने भयो भने सात दिन ढिलो आएर हामीलाई केही असर पर्दैन तर भारतबाट आउने सामान तीन दिन ढिला गऱ्यो भने त्यो नीति त एउटै हो । त्यही नीतिको अनुसार यो जाँच भनेर, त्यो जाँच गर्ने नियम जो छ, त्यो अनुसार मात्र लागू गरिदियो भने मात्रै पनि हाम्रा लाइन त्यताको सीमानामा धेरै हुन्छन् ।

एकछिन तेल आएन, दुई दिन बिदा पऱ्यो, नेपालमा शनिबार र आइतबार विदा पऱ्यो, शुक्रवार उताबाट ट्यांकर आउन सकेको छैन भने, सोमबार हामीले तेल पाउदैनौं । सबै हाहाकार भइहाल्छ । त्यसले गर्दा नीति बनाउँदै गर्दा हाम्रो चाहना आवश्यकता अनुसारको नीति निर्माणमा ध्यान दिनुपर्दछ ।

- मिडियाको कुरा गर्दा, मिडियाले केही लेख्यो भन्दैमा राजनीतिक दलहरू बहकिनु पर्दैन । चुनावका लागि अथवा भोटका लागि बहकिए पनि वास्तवमा नेपालीलाई केमा दुःख छ त्यो हेरेर मात्र बहकिनु पर्छ भन्ने मलाई लाग्छ । त्यसका लागि पनि नेपालले आफ्नो विदेश नीति बनाउँदा विचार गर्नुपर्छ । चीनसँग हामीले कति फाइदा लिने, युरोपियन युनियनबाट कति फाइदा लिने र अरूबाट कति लिने त्यही अनुसारको विदेश नीति हामीले बनाउनुपर्छ । नेपालको सन्दर्भमा आर्थिक अवस्थाको कारणले हामीलाई के असर गरेको छ ? अझै पनि हामी अनाश्रित हुन सकिरहेका छैनौं । किनभने हामीसँग उत्पादन छैन, राम्रा उद्योगधन्दाहरू छैनन् । हाम्रो

जनशक्ति बाहिर जान चाहन्छन् र यहाँ हामीले प्रयोग गर्न सकेका छैनौं। हामी राजनीतिक स्थायित्वतिर भर्खर अगाडि बढ्दैछौं भन्ने आशा मात्र लिइराखेका छौं। त्यसले गर्दा सिधै हाम्रो जीवन नै विदेशसितै आश्रित रहेको छ। उनीहरूले आर्थिक सहयोग नगर्ने हो भने हाम्रो एउटा बाटो पनि बन्दैन। एउटा पुल पनि हामी बनाउन सक्दैनौं। हाम्रो त्यो मानसिकता पनि बन्यो। अब अहिले झन् खर्च पनि बढी राखेको छ। त्यो कारणले गर्दा हाम्रो राजनीतिक मुद्दाभन्दा पनि विदेश नीतिमा हामीले बढी चासो देखाउनुपर्ने छ। उनीहरूसँग कुरा गरेर हामीलाई के आवश्यकता छ र कति लिँदाखेरि हामी उनीहरूसँग झुक्दैनौं। हामी झुक्नपर्ने अवस्थामा रहेर नै के के लिन सक्छौं ? कस्तो किसिमको सहयोग लिन हामीलाई जरूरी छ। त्यो कुरा अलिक व्यापकरूपमा सोचेर अगाडि बढ्ने हो भने सायद नेपालले आफूलाई स्थापित पनि गर्नसक्छ। एउटा परिपक्व किसिमको विदेश नीति पनि बनाउनुपर्छ।

- पत्रकारिता र विदेशनीति अन्तरसम्बन्धित विषयहरू हुन्। पत्रकारितामा केही आधारभूत विषयवस्तु जोडिनुपर्छ। त्यो जिज्ञासा, इमानदारी, निडर, साहस, विश्वास, दया जस्ता कुराहरू पत्रकारितामा हुनुपर्छ। शब्दको चयन गर्दा समाजमा कस्तो भाव फैलिन्छ भन्ने कुरा पनि पत्रकारहरूले लेख्ने बेलामा सोच्नु आवश्यक छ। त्यो पत्रकारिताको धर्म पनि हो। उदाहरण हेरौं - कस्तो-कस्तो पनि लेख्ने शैलीका कुराहरू भेटिन्छ भने - "आज शेरबहादुर देउवाले प्रधानमन्त्री पड्काउनु भयो।" प्रधानमन्त्री पद बम हो र पड्काउनलाई। अनि त्यसैगरी लोकसेवामा शाखा अधिकृतमा नाम निकाल्छन्। आज ५५५ जना शाखा अधिकृतले जागिर खाए। जागिर भात हो र खानलाई। कुन स्तरमा गएर पत्रकारिताले शब्द चयन गरेर विषयवस्तुलाई जनसमक्ष पुर्‍याउनुपर्छ। त्यो नैतिकता कमसेकम बचाएर पत्रकारिता गर्नुपर्छ। अर्को चुनाव भयो रामचन्द्र र शेरबहादुर बीचमा। पत्रिकामा लेखियो- "शेरबहादुरले रामचन्द्रलाई पछार्नु भयो।"

त्यो रणभूमिमा लडाईं गरिरहनु भएको हो र पछार्नु। पत्रकारितामा नैतिकता हुन्छ। नैतिकतामा रहेर मात्र सूचना सम्प्रेषण गर्नु आवश्यक छ।

- मिडियालाई राज्यको चौथो अङ्ग मानिएको छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका पछि महत्वपूर्ण अङ्ग भनेको मिडिया हो। यो मिडिया हाम्रो खबरपालिका हो। मिडिया समाजको तेश्रो आँखाको रूपमा पनि परिचित छ। मिडियाको काम सही सूचना सम्प्रेषण गर्ने हो। केही मिडियाले आफ्नो कर्तव्य के हो ? कुन तरिकाबाट काम गर्नुपर्छ भन्ने कुरालाई मध्यनजर नगरी सूचना सम्प्रेषण गर्ने गर्दछन्। पत्रकारले राष्ट्रको हितको लागि पनि काम गर्न सक्नुपर्दछ। सामाजिक सञ्जालले गर्दा साइबर क्राइम बढ्दै गएको छ। सामाजिक सञ्जालले मानिसलाई असामान्य बनाउँदै गएका छ। सबै देशको विदेश नीतिमा तीनवटा तत्वले पूर्णता पाएको हुन्छ । पहिलोमा राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र दोश्रोमा आर्थिक, सामाजिक, सांस्कृतिक विकास र तेश्रोमा वैदेशिक हस्तक्षेपलाई ध्यानमा राख्नु पर्दछ।

- मिडियामा राष्ट्रप्रति समर्पित मान्छेहरू नै छन्। आफैं बुझ्नुहोस् किनभने नेपालको अधिकांश मिडियामा सुरक्षाकर्मीदेखि लिएर सारा मान्छेहरू छन्। त्यही भएर राष्ट्रलाई हानि पुऱ्याउने काम हुँदैन होला। यो संसारभरिको ट्रेन्ड हो। बेलायतले आधा युद्ध त मिडियाको सहायताले जितेको हो। हरेक देशले मिडियालाई औजारको रूपमा प्रयोग गरेका छन्। मिडियामा जे कुरा बाहिर आइरहेको छ, राष्ट्रको स्वार्थको कारणले आएको हो भनेर बुझ्नुपर्छ। गाउँमा रेडियो, टेलिभिजन सूचना पुगेको छ। त्यो खुशीको कुरा हो। आजकल मिडियामा वैदेशिक प्रभाव बढेको छ। यो गम्भीर विषय हो। त्यतातिर ध्यान दिनुपर्छ। मिडियाको मोनिटरिङ्ग राम्रोसँग नभएको देखिन्छ। क्षमतावान् र दक्ष पढेलेखेका मानिसहरूको प्रवेश अलि कम भएको छ। मिडियामा नपढेका मान्छेहरू गए यस्तो उस्तो भनेर भन्छौं। २४ घण्टा मिडियामा खटिनुपर्ने र कम पैसा कमाइन्छ कि भनेर पढेलेखेका

मानिसहरू जान मान्दैनन् । अनि हामी केही मान्छेहरूको कमेन्ट गरेर बस्ने । ती मान्छेहरू धेरै मिहिनेती छन् त्यो पनि बुझौं । दैनिक जीवनसँग जोडिएका कुरामा विशेष जोड दिनुपर्दछ । विदेश नीति निर्माण गर्दा सम्पूर्णको अधिकार सुनिश्चित हुने तरिकाबाट निर्माण गर्नुपर्ने देखिन्छ । अर्को कुरा नेपाल भारतको सम्बन्धको बारेमा मैले लेख्दै पनि आइरहेको छु । हामीले खाली चाइनाले रेल ल्याउला, भारतले जलविद्युत्मा लगानी गर्देला भनी ठूला-ठूला कुरामा मात्र ध्यान दिएका छौं । हामीले वैदेशिक नीतिमा चासो दिने गरेका छैनौं । नेपाल र भारतको सम्बन्धको विषयमा १९५० को सन्धिलाई आधार मानेर कुरा गरिन्छ । १९५० को सन्धिमा कुनै पनि बुँदामा नेपाल र भारतका जनताहरू खुल्ला रूपमा आवतजावत गर्ने छन् भनेर उल्लेख छैन । यो व्यावहारिक सम्बन्ध हो । यसको आफ्नै गरिमामय इतिहास छ । यो सन्धि सम्झौता, औपचारिक विषयमा लिखित सम्बन्ध होइन । अलिखित कुराहरू  धेरै व्यवहारमा लागू गरेका छौं । त्यतातिर ध्यान दिन जरूरी छ ।

- विदेशनीति बनाउँदा सबभन्दा पहिले त हामीले कुन उद्देश्यका साथ यो नीति केमा लक्षित गरेर बनाउँदै छौं भन्ने कुरा निर्धारित हुनुपर्छ । हामीले राजनीतिक स्तरको दुई देशीय सम्बन्धको नीति बनाएको हो कि व्यापारको लागि नीति बनाएको हो भन्ने स्पष्ट हुनु आवश्यक छ । तेस्रो मुलुकसँगको व्यापारिक सम्बन्धका लागि हो वा देशको सुरक्षाका निम्ति नीति बनाउँने हो भन्ने अवधारणा स्पष्ट हुनु आवश्यक छ ।

# धर्मनिरपेक्षता

**प्रस्तावना**

धर्मनिरपेक्षताका बारेमा बहस गर्दा प्रत्येक देशको आफ्नै मौलिकता हुन्छ। नेपालको पनि आफ्नै विशिष्टता छ र मौलिकता पनि छ। धर्मनिरपेक्षता लागू गर्दा यो पक्षमा बहस गरिएन । पहिले घोषणा गरियो र पछि त्यसको परिभाषा बनाउन पहल गरियो र धर्मनिरपेक्ष राज्य घोषित भयो । बंगलादेश वा पाकिस्तानको पनि संविधानमा धर्मनिरपेक्षता राखिएको छ तर राज्यको अफिसियल धर्म भनेर मुस्लिम लेखिएको छ। अतः नेपालले आफ्नो देशको चरित्र अनुसार यसलाई हिन्दू राज्य लेखिराख्दा कुनै पनि धर्मप्रति यहाँ समस्या थिएन र अहिले पनि त्यो समस्या छैन। आजको अवस्था र नेपालको सर्न्दभमा धर्मनिरपेक्षताका बारेमा यहाँ विचारहरू प्रस्तुत गरिनेछ। यहाँ आएका विचारबाट देशका नीति निर्माताहरू सम्मले पुनः चिन्तन गर्ने वातावरण बन्नेछ।

## विचारहरू

- नेपालका धेरै विषयहरूलाई केलाएर हेर्ने हो भने २०६२/६३ को आन्दोलनको माग संघीयता थियो । मधेसमा पनि आन्दोलन भयो । माओवादी विद्रोहका पनि भिन्न कारणहरू थिए। तर यी सबैका मागहरू पूरा गर्ने क्रममा संघीयताका साथमा जोडेर धर्म निरपेक्षतालाई पछाडिको ढोकाबाट प्रवेश गराइएको हो भन्नेमा सबैको एउटै धारणा पाइन्छ। त्यो कसैको संघर्षको विषय नै थिएन।

- नेपालमा गजबका प्रायोजित कार्यक्रमहरू भइरहेका छन्। भारत लगायत अरू थुप्रै देशहरूमा विभिन्न किसिमका आन्दोलन भइरहेका छन् । सबैको देश फरक-फरक छ। तर ती सबैको जड चाहिँ एउटै रहेको छ। मगरहरूले परम्परादेखि मानी आएको सनातन धर्म जसलाई हिन्दूहरूले पनि मान्दछन्। यो देशमा सबैभन्दा धेरै स्वधर्महरू छन्। मनकामनादेखि लिएर विभिन्न ठाउँका पुजारीहरू मगर रहेका हुन्छन्। विभिन्न जातजातिहरूको आ-आफ्नो विशेषता रहेको हुन्छ । जस्तै- थारूहरूको मयूर नाच, राईहरूको चण्डी नाच, नेवारको लाखे नाच, पश्चिममा बेहुला नाच, तामाङ्गको सेलो नाच हुन्छ। यी कुनै न कुनै शास्त्रसँग सम्बद्ध शास्त्रीय संगीतसँग सम्बद्ध भएका हुन्छन् तर अहिले केसम्म भनेको पाइन्छ भने मंगोलियनहरू अहिन्दू हुन् । यो कसरी हुन्छ ? जब हामीले हाम्रा सबै संस्कारहरू हाम्रा सबै परम्पराहरू सनातन धर्ममा आबद्ध भएर गर्छौं । करूवा नाच, थारू नाचलगायत यी सबै हाम्रो शास्त्रसँग सम्बन्धित छन्। दोश्रो कुरा के छ भने आर्य बाहिरबाट आएको भन्छन् । यो कुरामा म सहमत हुन सक्दिनँ, कसरी उहाँहरू बाहिरबाट आए ? उहाँहरू आएको नवौं पुस्ता, दशौं पुस्ता भइसक्यो । यो सब हामीलाई फुटाउने युरोपियन युनियनको चाल हो । उनीहरूले लामो समयदेखि विभिन्न गाउँमा गएर, एन.जि.ओ, आइ.एन.जि.ओ को माध्यमबाट कम्तीमा केही वर्षदेखि विभिन्न आयोजनाको नाममा क्लब, बाल क्लब, युवा क्लब खोलेर

संस्कृति बचाउने नाममा हाम्रो सांस्कृतिक सम्बन्धसँग सम्बद्ध भएका हाम्रा यी सजीव मौलिक संस्कृतिहरूमाथि प्रहार गरे । हाम्रा संस्कृतिलाई एउटा क्यासेटमा मात्र सीमित नगरेर सबै सामु पुऱ्याउन हामीले प्रयास गर्नुपऱ्यो र यस कार्यमा हामी बलियो हुनुपऱ्यो । अनि मात्र हाम्रो विदेशनीति हुन्छ । अर्थ र राजनीति एक-आपसमा परिपूरक हुन् । यी दुई हाम्रो लागि एकदमै आवश्यक छ । धर्म र संस्कृति हाम्रो स्वधर्म हो । देशको सिमाना हाम्रो शरीर हो । त्यो आत्मा जब शरीरबाट निस्कन्छ, त्यो शरीरको कुनै महत्व हुँदैन । हामीले आफ्नो शरीरमा भएको आफ्नो आत्मा बचाउनलाई जति संघर्ष गर्छौं, त्यति नै हाम्रो देशको शरीर र धर्म-संस्कृति, हाम्रो स्वधर्म बचाउन सक्यौं भने मात्र देश समृद्ध र सफल बन्न सक्छ । राज्यको कुनै धर्म हुँदैन भन्दै स्वधर्म समाप्त गर्ने र पराई धर्म-संस्कृति भित्र्याउने धृष्टता कसैले पनि गर्नुहुँदैन, हामी आत्महन्ता बन्नु हुँदैन ।

- कहिलेकाँही यो मातृभूमि र धर्मको कुरा आउँदा तर्कले काम गर्दैन । सधैँ तर्क वितर्कले मात्र होइन मान्छे भएपछि एउटा भावनाभित्र डुबेर बोल्नुपर्छ । मान्छे-मान्छे छ र ऊभित्र भावना छ । त्यही कारणले गर्दा पनि हो मानव अधिकार भन्ने कुरा आएको । म एउटा श्लोक भन्छु । सर्वोदण्ड दण्डोऽसि भन्ने एउटा चलन थियो । जुन श्लोक चाहिँ हामी कानुनमा पढ्ने गर्थ्यौं । यसको तात्पर्य के हो भने जब राजा बनाउने बेलामा राजालाई राजदण्ड दिइने गरिन्थ्यो र यसको मतलब राजाले जसलाई पनि दण्ड दिन पाउने रे । तिमीले दण्ड दिन पाउँछौं तर धर्ममा रहेर, यो हाम्रो संस्कृति हो । कार्ल मार्क्सले भनेका थिए 'रिलिजन रियल अफिम' । यही कुरालाई उठाएर धर्म र रिलिजन एकै ठाउँ हेर्ने गरेका छन् । धर्म र रिलिजनमा केही फरक रहेको छ । रिलिजन भनेको जब क्याथोलिक र प्रोटेस्टेन्ट बीच झगडा परिरहन्थ्यो, त्यतिखेर रिलिजन शब्द आएर रिलिजन अवस्थित भयो । तर धर्म भन्ने विषय जुन हामी नेपाल र भारत दुबैमा भन्छौं, जहाँ सप्तऋषिहरूमध्ये अगस्ति मुनिले आएर आफ्नो ज्ञान

बाँडे । धर्मले यो भन्छ कि जहाँ नारीको सम्मान हुँदैन, जहाँ नारीको पूजा हुँदैन त्यहाँ भगवान् खुसी हुँदैनन् । म चाहिँ एउटा हिन्दू धर्ममा विश्वास गर्ने व्यक्ति हो । हिन्दू धर्म कसरी भन्दा हिमालयको काखमा सिन्धु धर्मको सभ्यता भएको र यो सभ्यतालाई बुझ्ने गरी धर्म आएको हो । यहाँनेर जन्मिने एउटा गड्यौला छ भने, त्यो पनि एउटा हिन्दू हो । एक अर्काबीच मानवताको नाताले आएको धर्म हो र अहिले जस्तो देखिएको छ म त्यसलाई श्लोकमा भन्छु ।

न निर्मितं केन न दृष्टपूर्वं
न श्रूयते हेममयकुरङ्गः
तथापि तृष्णा रघुनन्दनस्य
विनाशकाले विपरीतबुद्धिः

जब राजा राम राजकाज छाडेर वनवास गएका थिए । उनले त्यहाँ एउटा सुनको मृग देखे जुन आजसम्म न कसैले देखेको थियो न त्यो बनाएको नै । त्यो सुनको मृग देखेर रामको मनमा तृष्णा जाग्यो, त्यही बेलामा सीताको हरण भएको थियो । विनास हुने बेलामा बुद्धि पनि विपरीत हुन्छ । त्यसरी नै हामीले आफ्नो कर्तव्य नभुलौं, आफ्नो कर्तव्य पथमा अगाडि बढौं ।

- दोस्रो विश्वयुद्धको समयमा चर्चिललाई सबै मन्त्रीहरूले संस्कृतिको बजेट काट्नु पर्छ र युद्धमा खर्च गर्नुपर्छ भनेछन् । त्यसो भए हामीले युद्ध किन गरिरहेका छौं त ? भनेर मन्त्रीहरूलाई सोधे । संस्कृति भनेको एकदमै ठूलो हतियार हो, राष्ट्रको प्राण हो । हामी संस्कृति र धर्मनिरपेक्षताको कुरा गरिरहेका छौं । यसमा बसेर हेर्दा उनीहरूको शिक्षा र संस्कृतिमा आक्रमण गर्ने र अन्तिममा धर्ममा धावा बोल्ने प्रकारको शिक्षा रहेको पाइन्छ । यो एउटा कस्तो अस्त्र हो भने, एउटा असिनाले हिर्काएर मान्छे मार्ने जस्तो । तपाईंसँग प्रमाण नै छैन कि तपाईंले कसैलाई हानेर मार्नु भयो भनेर । त्यो

घाइते भयो या त मरिसक्यो । म यसलाई संस्कृति र धर्ममाथिको आक्रमण भन्दिन । यो एउटा सभ्यतामाथिको आक्रमण हो । यो भनेको हिन्दू धर्मको कुरा होइन । यो एउटा सभ्यतामाथिको आक्रमण हो र हामीले यो तपाईं र मेरो भन्ने कुरा हुँदैन । किनभने यो भनेको हाम्रो उद्गम स्थल अर्थात् पूर्वीय क्षेत्रमाथिको आक्रमण हो । त्यसैले हामी गम्भीर हुनुपर्छ ।

- धर्मनिरपेक्षता भन्दै गर्दा सांस्कृतिक राष्ट्रवाद साथै यहाँ सामाजिक विभेद पनि जोडिनु पर्‍यो तर यहाँ जोडिएन । पृथ्वीनारायण शाहको पालामा जसरी कामीले हातहतियार बनाएर सहयोग गरे, त्यो उनको राष्ट्रियताप्रतिको भाव या कर्म या धर्म हो । त्यसै गरी बिसे नगर्ची उनका सल्लाहकार बने र कालु पाण्डे सहनायक बने । सबैको साथ र सहयोगले राज्य एकीकरण भयो । नेपालमा बसोबास गर्ने सबै जाति-जनजातिमा राष्ट्रभक्ति छ । तर हिन्दू संस्कृतिको मान्यता छ कि हामीले हाम्रा दिदीबहिनीलाई जबर्जस्ती गर्नु हुँदैन । कामीले वेद छुनु हुँदैन भनेर वेदले भनेको छैन तर यो वाक्यलाई अनर्थ लाग्ने किसिमले व्याख्या गरियो । शास्त्रअनुसार मन्दिरको मूर्ति बनाउने कामीलाई मन्दिरभित्र पस्न प्रतिबन्ध गरिएको छैन तर समाजमा गलत भाष्य सिर्जना गरेर जातीय विभेदको खाडल खनियो । आखिर किन ? यो ठिक संस्कृति हो या गलत । यो मनन गर्न जरूरी छ । जातजातिमा विभेद गर्नु पाप हो आखिर जो जहाँ छरिएर बसेपनि नेपाली हो, मानव हो । जन्मिदैमा  कोही दलित भएर जन्मेको हुँदैन । यो त मानिस आफैले सिर्जना गरेको कुरा हो । त्यसैले मलाई लाग्छ सामाजिक विभेद, जातजातिबीचको विभेदलाई हामी सबै मिलेर नष्ट गर्नसक्यौं भने मात्र धर्मको समानता हुन्छ, देश विकास हुन्छ ।

- खोसेर खानु विकृति हो ।
  आफ्नो भाग खानु प्रकृति हो ।
  अरूलाई खुवाउनु संस्कृति हो ।।

यस्तै खालको मूल्यमान्यता हाम्रो संस्कृतिले सिकाउने गर्दछ । नेपाल एक सानो मुलुक भए पनि सांस्कृतिक विविधता भएको देश हो । विभिन्न जातजाति, विभिन्न समुदाय यहाँ बसोबास गर्दछन् । त्यसैले अनेकन संस्कृति यहाँ अवस्थित छन् र सबै समान पनि छन् । विभिन्न संस्कृति भए पनि नेपालको परिचय दिँदा एक साझा संस्कृतिको रूपमा हामी परिचय गराउँछौं । त्यही नै हाम्रो वास्तविक परिचय पनि हो । विश्व परिवेशमा नेपाली संस्कृतिको रूपमा हामी चिनिने गर्छौं । संस्कृति हामी सबलाई जोड्ने कडी हो । त्यसैले यसको संरक्षण हुनु अपरिहार्य छ । संस्कृतिको साथसाथै सांस्कृतिक विरासत, सांस्कृतिक सम्पदा, सांस्कृतिक मूल्य-मान्यता र सांस्कृतिक राष्ट्रवाद आदिको जगेर्ना हुनु अत्यावश्यक छ र सांस्कृतिक राष्ट्रवाद आजको समयमा अपरिहार्य छ ।

- हामी धर्मनिरपेक्षताका कुरा गरिरहेका छौं । जातीय समानता, असमानताका कुराहरू आइरहेका छन् । लैङ्गिक समानता असमानताका कुरा पनि आए । यी सबै कुराहरू उठाउने क्रममा हामी युरोपीयन पक्षलाई दोष दिन्छौं । उनीहरूको प्रयास भयो पनि भन्छौं र सायद हुन पनि सक्छ । उनीहरूले एउटा योजना गरेका थिए । योजना बनाउँदा एकैचोटि धनी मान्छे पैसा दिएर किन्न सकिदैन । त्यसैले पहिला गरिबीलाई उनीहरूले लक्षित गरे । जातीय छुवाछुतका विरूद्ध जागरूक गर्ने कुरा उनीहरूले अघि बढाए । त्यहाँ निरन्तर लगानी छ । त्यो चल्दै छ । साथै अरू विभेद गर्न छुवाछुत गऱ्यो, ब्राह्मण, क्षेत्री यिनीहरूलाई लक्षित गर्नुपर्छ भनेर लगानी सुरु गर्न थालेका छन् । नेपालको सांस्कृतिक पहिचान उनीहरूले खोजिदिनु पर्ने । मेरो धर्म के हो, मैले के गर्ने भन्ने कुरा सबै उसले खोजदिनु पर्नेभयो । हाम्रो सरकारले शास्त्र रक्षाका लागि भनेर संस्था, विश्वविद्यालय त बनाइदियो तर त्यो संस्था शास्त्र रक्षाका लागि नभएर जागिर खाने एउटा थलो भयो । जुन संस्था जुन कार्यको लागि निर्माण भएको हो त्यसको लायक भएन । काम गर्ने कर्मचारीहरूले केका लागि काम गरिरहेको भन्ने बुझेनन् । शास्त्र

रक्षाको लागि भनेर छुट्टै कुनै तलब भने आउँदैन। त्यहाँका पदाधिकारी के भन्छन् भने मैले तलब खाएको छु, मैले मेरो जिम्मेवारी पूरा गरेको छु। मैले कक्षा कोठामा शिक्षकको व्यवस्था गरेको छु। अब मैले शास्त्र रक्षाको लागि अरू के गर्नुपऱ्यो त ?

युरोपियन युनियनले भर्खरै प्रस्ताव दिएको छ। अनौपचारिक रूपमा प्रस्ताव आयो। त्यो कस्तो किसिमको प्रस्ताव छ भने हाम्रो संस्कृतमा भएको अन्तर्निहित वस्तुहरू, भएका ज्ञानराशी केही सहयोग गरेर उनीहरूलाई हामीले खोजी गरेर दिनुपर्ने। तिनीहरूले खोज्नु नपर्ने हामीले खोज्नुपर्ने। अनि हामीले एउटा रिपोट बनाएपछि त्यो उनीहरूले प्रयोग गर्ने। जो मान्छेलाई प्रस्ताव आएको थियो उहाँ त्यसप्रति सकारात्मक नभएपछि उसले शायद अर्को पक्ष खोजिरहेको छ होला। अनि हामीले के भन्यौं भने, नेपालमा धार्मिक संस्थाहरू छन्, सहयोग आउने धेरै ठाउँहरू छन्, जसले हिन्दु राज्य रहोस् भनेर चाहन्छन् होला। अथवा हाम्रो शास्त्रको साँच्चि नै रक्षा होस् भन्ने चाहन्छन् भने त्यस्ताको आवश्यकताको अपेक्षा गरौं। त्यस प्रकारको सहयोगबाट अनुसन्धान गरौं। जति पनि प्रयास गरे तर असफल भए। विदेशीहरूले हाम्रो विरूद्ध जुन क्रियाकलाप गरिरहेका छन्, सरल रूपमा उनीहरू आर्थिक सहयोग गर्न तयार छन्। त्यसकारणले हाम्रो माइन्ड सेट कस्तो भयो भने जहाँ सरकारले लगानी गरेको छ, त्यहाँ कसैले सहयोग गर्नुहुँदैन। वास्तवमा त्यहाँ के समस्या छ त्यसलाई कसरी राष्ट्रियकरण गरौं अथवा सबैको चाहना अनुसार कसरी प्रयोग गरौं अरूले सोच्दैनन्। यो त संस्कृत विश्वविद्यालयले सोच्ने हो भन्छन्। भित्र भएकाले हामी आफ्नै कर्तव्य निर्वाह गरिरहेका छौं किन गर्नुपऱ्यो र भन्छन्। हरेक क्षेत्रमा यो समस्या छ। यही कारणले गर्दा विदेशी मुलुकले आएर यस्तो कार्यमा अलिकति सहयोगको भावना देखाएर आफ्नो फाइदा लुटिरहेको छ। धर्मनिरपेक्षताको विषय पनि त्यसरी नै सुरु गरे र धर्मनिरपेक्ष राष्ट्र बनाउन सफल भए। ❀❀❀

# समापन मन्तव्य

हामी तीन दिनदेखि यो कार्यक्रममा सहभागी भएर अहिले कार्यक्रमको अन्तिम सत्रमा उपस्थित भएका छौं । सबैजना नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) मा प्रत्यक्ष अप्रत्यक्षरूपमा आबद्ध छौं । नीति अनुसन्धान प्रतिष्ठान, नेपाल सबैका लागि खुला मञ्च हो । यसको सदुपयोग अध्ययन अनुसन्धानको लागि हामी गर्न सक्छौं । त्यसका लागि पनि यहाँहरूलाई म अनुरोध गर्दछु ।

हामीले पहिलो सत्रमा शिक्षाका सन्दर्भमा चर्चा गऱ्यौं । शिक्षाको बारेमा भिन्न विचारहरू आए । शिक्षाको सन्दर्भ पनि हामीलाई थाहा छ । अध्ययन पनि गरेका छौं । हामी के भन्छौं भने शिक्षाले मानिसलाई हरेक दुःख कष्टबाट मुक्ति दिनुपर्छ । गरिबी र सामाजिक शोषणबाट मुक्त हुनुपर्छ । हरेक विषयवस्तुबाट मुक्तिको प्राप्ति । त्यसैले हामीले के भन्यौं भने **सा विद्या या विमुक्तये ।** त्यसकारण विद्याले के दिन्छ भन्दा मुक्ति दिन्छ, अमृतत्व प्रदान गर्दछ । संस्कृत विश्वविद्यालयको उद्घोष वाक्य नै **विद्ययाऽमृतमस्नुते** छ । विद्याले अमृत प्रदान गर्दछ । अध्ययनको सन्दर्भमा तुलानात्मक अध्ययन आजको आवश्यकता हो । अहिले के भइरहेको छ भने विचार बाहिरबाट आउँछ, हामीले सोच्ने मस्तिष्क त्यतातिर उन्मुख भइरहेको जस्तो छ । त्यसमा पनि हामीले यहाँ गम्भीर परिचर्चा गऱ्यौं । त्यसपछि हामीले प्राचीन शैक्षिक व्यवस्थादेखि लिएर सञ्चारको भूमिकासम्म विचार-विमर्श, विचार-विनिमय र मन्थन गर्ने प्रयास गऱ्यौं ।

एउटा साक्षरताको कुरा छ । अर्को शिक्षाको कुरा छ । हामी सबैलाई थाहा छ । हाम्रो हजुरआमा, हजुरबुबा धेरै निरक्षर हुनुहुन्छ । पानी तताएर पिउनुपर्छ भन्नुहुन्छ तर उहाँहरूलाई त्यसको विज्ञान त केही पनि थाहा छैन । उहाँ निरक्षर मात्र हुनुहुन्छ तर शिक्षित हुनुहुन्छ । त्यसकारणले साक्षरता र  शिक्षा दुईवटाको भेद गरेर अध्ययन गर्न आवश्यक छ । फेरि पनि हामीले निर्धारण गरेका विषय अनुसार शिक्षा क्षेत्रलाई भने हामीले जसरी समेट्न सक्नु पर्ने थियो शायद त्यसरी समेट्न सकेनौं कि भन्ने विचार आउन सक्छ । जसरी खेल एवं संगीत, विषयलाई समेटेका थियौं । तर समग्रमा त्यो दृष्टिकोण आउन सकेन भन्ने विचार पनि उत्पन्न हुन सक्छ ।

हामीले यहाँ स्वस्थ विमर्श गऱ्यौं, यही यसको शक्ति हो। यसको पूँजी पनि हो। शुरूको हाम्रो कल्पना पनि यही नै थियो। यहाँ हरेक विचारधाराका व्यक्तिहरू आएर योङ्ग स्कलर समिटमा आफ्नो विचार मुक्त रूपमा राख्न पाउनुपर्छ भन्ने नै यस ज्ञान-संगमको उद्देश्य थियो। त्यसकारणले हामी सफलतातिर गयौं जस्तो लाग्छ।

हामीले महिला उत्पीडनका सन्दर्भमा पनि चर्चा गऱ्यौं। अनेक कोणबाट चर्चा गरिनुका साथै अनुभव पनि साटासाट गऱ्यौं। कस्ता कठिनाइ आइरहेका छन् ? घरपरिवारको सन्दर्भमा, स्वास्थ्यको सन्दर्भमा। हाम्रो घरको निर्णय प्रक्रियामा दिदी-बहिनीलाई सहभागी गराउँछौं कि गराउँदैनौं आदि। यहाँबाट सोच्नु आवश्यक छ। मेरो घरको निर्णयको हरेक प्रक्रियामा मेरा चेलीबेटीको भूमिका छ कि छैन ? विषय यहाँबाट शुरू हुन्छ। बाँकी केही प्रकृतिप्रदत्त कुराहरू छन् जुन तपाईं हामी बदल्न सक्दैनौं। केही जीव-विज्ञानका कुराहरू छन्। ती पनि यथावत् रहन्छन्। तर समाजमा आज जुन दृष्टिकोणको आवश्यकता छ। यसमा हामीहरूले त्यो दृष्टिकोण बदल्नुपर्दछ।

भोका मान्छेलाई दर्शन पढाएर केही फाइदा छैन। अर्थ चाहिन्छ, समृद्धि चाहिन्छ। संसारमा मनुष्यका सुख सुविधाका लागि बनेका हरेक चीज प्राप्त गर्नुपर्छ भन्ने युवाले आकांक्षा राख्नु सकारात्मक कुरा हो। मैले प्राप्त गर्दागर्दै अन्य भागमा यो सुबिधा नपाउने जनशक्ति पनि छ। उच्च शिक्षा हासिल गर्न नसक्ने, विश्वविद्यालयमा पुग्न नसक्ने ती हजारौं लाखौं युवाको बारेमा कसले सोच्ने ? मैले त अवसर प्राप्त गरेँ। विश्वविद्यालयमा अध्ययन पनि गरेँ। तर जसले अध्ययन गर्न पाएनन्, शिक्षाको ज्योति प्राप्त गर्न बाट वञ्चित भए, ती युवाहरूको बारेमा कसले सोच्ने ? त्यसैले तिनीहरूको बारेमा अध्ययन गरेर बाहिर निस्केका युवाहरूले सोच्नु पर्दछ र यिनीहरूको जिम्मेवारी तथा परमकर्तव्य पनि हो। त्यसकारण यिनै सन्दर्भलाई जोडेर शायद आयोजक समितिले यो कार्यक्रम गर्ने सोचेको थियो। सामाजिक रूपान्तरणमा युवाहरूको सकारात्मक भूमिका हुनुपर्दछ।

समग्रमा योङ्ग स्कलर समिट अत्यन्त सफलतापूर्वक सम्पन्न भयो । मलाई एउटै सुभाषितको ध्यान आउँछ । संकल्प यदि अत्यन्त पवित्र छ, संकल्पमा आधारित उद्देश्य पनि छ र त्यो उद्देश्य पवित्र छ भने त्यो पूर्ण हुन्छ। कसरीभन्दा श्रीराम अयोध्या फर्किसकेपछि भक्तशिरोमणि हनुमान 'हनुमान नाटक' पुस्तकमा के लेख्छन् भने **विजेतव्या लङ्का**........लंकालाई विजय गर्नु थियो । **चरणतरणीयो जलनिधिः**.......पैदल तर्नुपर्थ्यो त्यो सागरलाई। विपक्षमा को थियो ? **विपक्षःपौलस्त्यो** अर्थात् रावणको सेना विपक्षी थियो । **रणभुवि सहायाश्च कपयः** अर्थात् रणभूमिमा सहयोगीका रूपमा रामलाई सहयोग गर्ने बाँदर तथा भालूमात्र थिए। **तथाप्येको रामःसकलमवधीद्राक्षसकुलम् ।** तर पनि भगवान् श्रीरामले सम्पूर्ण राक्षस कुललाई समाप्त गरे। **क्रियासिद्धिः सत्वे भवति महतां नोपकरणे** अर्थात् कार्यको सिद्धि संकल्पको आधारमा हुन्छ। उपकरणले केही गर्दैन । त्यसकारणले हाम्रो संकल्प दृढ थियो । आज त्यो संकल्प पूर्ण भयो। यसमा यहाँ उपस्थित सबैको योगदान रहेको छ।

तीन दिनको बसाइ अत्यन्त मैत्रीपूर्ण रह्यो। सबैले सबैसँग परिचय गर्ने अवसर प्राप्त गऱ्यौं भन्ने कुरामा म विश्वस्त छु। ६० जना हामीहरू नियमित रूपमा यहाँ उपस्थित थियौं। बाँकी दश-पन्ध्र जनाको प्रवाह रहिरह्यो। विभिन्न विधाका व्यक्तित्वहरू यहाँ उपस्थित भयौं। सबैप्रति पुनः हार्दिक आभार व्यक्त गर्दछु।

सबैका अत्यन्त सिर्जनात्मक विचार आएकाले हामी सबै लाभान्वित भएका छौं। यसको प्रकाशन भएपछि हामी सबैले यसलाई प्राप्त गर्नेछौं। नीति निर्माण गर्ने ठाउँमा हामी सबै मिलेर पुऱ्याउनुपर्छ। हामी सबैको त्यो जिम्मेवारी पनि हो। हामी के कुरामा विश्वास गर्छौं भने मनुष्य अपूर्ण छ। सबै मिलेर पूर्णतातर्फ अगाडि बढ्नु पर्छ। यहाँ हामीले बहस गरेनौं। हाम्रो त्यो उद्देश्य पनि थिएन। युवा ज्ञान-संगम-राष्ट्र प्रथमको उद्देश्य पनि यही थियो।

**दीपक कुमार अधिकारी**
निर्देशक, नेनाप

अनुसूची

# कार्यक्रममा उपस्थित सहभागीहरूको परिचय

(२०७४ **चैत्र अनुसारको परिचय**)

१. दीपक कुमार अधिकारी । निर्देशक, नीति अनुसन्धान प्रतिष्ठान, नेपाल । गौरीघाट, काठमाडौं ।

२. पदम कुमार भट्टराई । कन्ट्री मेनेजर, फाइजर मेडिकल कम्पनी । अध्ययनः एम.बि.ए मार्केटिङ्ग, बसोबासः ओम शान्ति गेट, शान्तिनगर, नयाँ बानेश्वर, काठमाडौं

३. प्रेमराज न्यौपाने । उपप्रध्यापक, नेपाल संस्कृत विश्वविद्यालय । अध्ययनः बौद्ध दर्शनमा विद्यावारिधि, बसोबासः गौरीघाट, काठमाडौं ।

४. सञ्जय अधिकारी । सांस्कृतिक सम्पदाहरूको संरक्षणमा कानुनी रूपमा कार्यरत । अध्ययनः बिए.एल.एल.बि, काठमाडौँ स्कुल अफ ल । बसोबासः इमाडोल, ललितपुर ।

५. विनय मिश्र । उपप्रध्यापक, काठमाडौँ युनिभर्सिटी अन्तर्गत रहेको नेशनल कलेज । अध्ययनः विद्यावारिधि, भारतको आन्ध्र विश्वविद्यालय, विशाखापटनम् । स्थायी बसोबासः सर्लाही ।

६. सुदन कुमार ओली । निर्देशक, युथ पार्लियामेन्ट नेपाल, कमिशन फर गवर्मेन्ट अफेयर । अध्ययनः एम.बि.ए, पोखरा विश्वविद्यालय अन्तर्गतको युनिक क्लब कलेज । स्थायी बसोबासः रोल्पा ।

७. डम्बर बहादुर सुनार । केन्द्रीय अध्यक्षको फोरेन सल्लाहकार, नेपाल विद्यार्थी संघ । अध्ययनः अन्तर्राष्ट्रिय सम्बन्धमा स्नातकोत्तर, एस.ए.यु, नयाँ दिल्ली । सिभिल इन्जिनीयर । विद्यावारिधि, सेन्ट्रल चाइना युनिर्भसिटी । स्थायी बसोबासः अछाम, प्रदेश नं. ७ ।

८. ध्रुवराज अधिकारी । अध्ययनः अन्तर्राष्ट्रिय सम्वन्धमा स्नातकोत्तर एस.ए.यु, नयाँ दिल्ली । विद्यावारिधि, सेन्ट्रल चाइना युनिर्भसिटी । स्थायी बसोबासः कास्की ।

९. राजन पौडेल । न्युज चिफ, ए.बि.सि. टिभि । रिसर्च एण्ड डेभलपमेन्ट अफिसर, पैंचो पसल प्रालि । अध्ययनः स्नातकोत्तर, साइकोलजी सोसियोलोजी टि.यु. । पत्रकारितामा स्नातकोत्तर, पूर्वाञ्चल युनिभर्सिटी । स्थायी बसोबासः बाग्लुङ ।

१०. शेरमान नेपाली । आर्ट कोडिनेटर, वान इफ नेपाल । अध्ययनः स्नातक, म्यानेजमेन्ट, त्रिभुवन विश्वविद्यालय । स्नातक, फाइनान्स, त्रिभुवन विश्वविद्यालय । स्थायी बसोबासः धादिङ ।

११. केशवराज पन्थी । उपप्राध्यापक, कोटेश्वर बहुमुखी क्याम्पस, काठमाडौं । अध्ययनः एम.फिल, केन्द्रीय अर्थशास्त्र विभाग । स्थायी बसोबासः भैरहवा ।

१२. नारायण प्रसाद ढकाल । राष्ट्रिय संगठन सचिव, प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल । अध्ययनः स्नातकोत्तर, त्रिभुवन विश्वविद्यालय । स्थायी बसोबासः गुल्मी ।

१३. ऋषि गुप्ता । अध्ययनः अन्तर्राष्ट्रिय सम्बन्ध, जवहारलाल नेहरू विश्वविद्यालय । स्थायी बसोबासः कानपुर, भारत ।

१४. सरिता नन्दमेहर । अध्ययनः विद्यावारिधि, दिल्ली विश्वविद्यालय । स्थायी बसोबासः दिल्ली ।

१५. निधि भारद्वाज । इन्टर्नसिप, माइती नेपाल । अध्ययनः स्नातकोत्तर, गुरु गोविन्द सिंह विश्वविद्यालय । स्थायी बसोबासः सिनामंगल, काठमाडौं ।

१६. अरूणा घिमिरे । रिसर्च एशोसिएट, एन.आइ.ए.सि, नेपाल । अध्ययनः स्नातकोत्तर, एस.ए.यु, पण्डीचेरी विश्वविद्यालय । स्थायी बसोबासः गौर, रौतहट ।

१७. किशोर विक्रम शाह । रिसर्च एशोसिएट, सोसल साइन्स बहाः । अध्ययनः स्नातकोत्तर, कन्फिल्कट एण्ड डेभलपमेन्ट, त्रिभुवन विश्वविद्यालय । स्नातकोत्तर, एस.ए.यु, पण्डीचेरी विश्वविद्यालय । स्थायी बसोबासः कैलाली ।

१८. विमला धमला । सभापति, अनेरास्ववियु, स्वतन्त्र विद्यार्थी युनियन । अध्ययनः ब्याचलर इन नर्सिङ्ग साइन्स, महाराजगञ्ज नर्सिङ्ग कलेज । एल.एल.बि., त्रिभुवन विश्वविद्यालय । स्थायी बसोबासः ओखलढुङ्गा

१९. बसन्ती अर्याल । उपप्राध्यापक, स्तुपा कलेज । अध्ययनः बि.एस.सि नर्सिङ्ग, अल इन्डिया मेडिकल साइन्स, दिल्ली ।

२०. श्रद्धा श्रेष्ठ । नर्स, टिचिङ हस्पिटल, महाराजगञ्ज । अध्ययनः बि.एस.सि. नर्सिङ्ग, ए.आइ.एम.एस. कलेज । ग्रामीण विकासमा स्नातकोत्तर, त्रिभुवन विश्वविद्यालय । स्थायी बसोबासः विराटनगर ।

२१. दुर्गा सापकोटा । नर्स, टिचिङ हस्पिटल, महाराजगञ्ज । रिसर्च कन्सल्टेन्ट, पि.एस.आइ नेपाल । अध्ययनः बि.एस.सि नर्सिङ्ग, काठमाडौं विश्वविद्यालय । कानून र राजनीति शास्त्रको विद्यार्थी । बसोबास : काठमाडौं ।

२२. नेहा थापा । प्रोग्राम अफिसर, एग्रिकल्चर । अध्ययनः स्नातकोत्तर, ए.आइ.टि. ब्याङ्कक । स्थायी बसोबासः ललितपुर ।

२३. शुभेक्षा श्रेष्ठ । चेयर पर्सन, राइज नेपाल । असिस्टेन्ट प्रोफेसर, हिमालिनी कलेज अफ एग्रिकल्चर साइन्ज एण्ड टेक्नोलोजी । स्थायी बसोबासः कोटेश्वर ।

२४. विजय जयसवाल । शिक्षक एवं एडभोकेट, काठमाडौँ स्कुल अफ ल । अध्ययनः स्नातकोत्तर, क्रिमिनल जस्टिस । स्थायी बसोबासः धादिङ ।

२५. रोशन पोखेल । अध्यापक । अध्ययनः कानूनमा स्नातकोत्तर, पुणे विश्वविद्यालय । स्थायी बसोबासः ललितपुर ।

२६. नरेश रिमाल । सिनियर कन्सल्टेन्ट, (सोसियल इकोलोजिकल) Nepal Environmental Scientific Services । अध्ययनः विद्यावारिधि, University क्वीन्सल्यान । स्थायी बसोबासः झम्सीखेल ।

२७. निल सापकोटा । मन्त्रीको सल्लाहकार, खानेपानी पर्यटन मन्त्रालय। रिर्पोटर्स क्लब नेपालमा आबद्धता। अध्ययनः बि.एल, एल.एल एम. । स्थायी बसोबासः भोजपुर।

२८. दिपेश केसी। अध्यापक, इन्डो-नेपाल क्रश बोर्डर क्राइम र क्रिमिनोलोजी। विभिन्न पत्रिकामा स्तम्भकार। अध्ययनः विद्यावारिधि, जवहारलाल नेहरू विश्वविद्यालय। स्थायी बसोबासः लुभु, ललितपुर।

२९. लाल बहादुर चौधरी । उपप्राध्यापक, क्लासिक कलेज । अध्ययनः एम.फिल, पोखरा विश्वविद्यालय। स्थायी बसोबासः कैलाली।

३०. सीताराम थपलिया। भाइस चेयरपर्सन, नेपाल म्यानेजमेन्ट काउन्सिल। अध्ययनः स्नातकोत्तर, बिजनेस एडमिनिस्ट्रेशन।

३१. गौरी थापा । रिसर्च एसिस्टेन्ट, नेपाल विज्ञान प्रविधि । अध्ययनः स्नातकोत्तर, बायो टेक्नोलोजी, एस.ए.यु । बसोबास : काठमाडौं।

३२. विवेक तिमल्सिना। अध्यापक, नोवेल कलेज, सिनामंगल। साइन्टिफिक मेनेजर, सेन्ट्रल फर हेल्थ एण्ड डिजिज नेपाल। अध्ययनः स्नातकोत्तर, बायो टेक्नोलोजी, एस.ए.यु। बसोबास : काठमाडौं।

३३. विश्व किरण भट्टराई। सफ्टवेयर डेभलपमेन्ट सेक्टरमा कार्यरत । अध्ययनः स्नातकोत्तर, आइ.टी, काठमाडौं विश्वविद्यालय। स्थायी बसोबासः ठिमी, भक्तपुर।

३४. सचिन ताम्राकार । इन्सटिट्यूट अफ चार्टर अकाउन्टेन्ट अफ नेपालमा संलग्न। अध्ययनः चार्टर अकाउन्टेन्ट, इन्स्टिट्यूट अफ चार्टर अकाउन्टेन्ट अफ इन्डिया। स्नातक, दिल्ली। बसोबास : काठमाडौं।

३५. अंकित अर्याल। चार्टर एकाउन्टेट, एन.आइ.सि.सि. बैंक। बसोबास : काठमाडौं।

३६. सुशील सापकोटा । अडिट फर्म, सेयर कार्यमा संलग्न । अध्ययनः चार्टर एकाउन्टेट, स्नातकोत्तर, बिजनेश स्टडीज । स्थायी बसोबासः बालाजु, काठमाडौं ।

३७. अनिल फुयाल । चार्टर एकाउन्टेट । प्रोपाइटर, अनिल फुयाल एसोसियशन । अध्ययनः एल.एल.बि. । स्थायी बसोबासः कागेश्वरी, मनोहरा ।

३८. राजमणि भट्टराई । चार्टर एकाउन्टेट । अध्ययनः स्नातकोत्तर, बिजनेस स्टडिज, त्रिभुवन विश्वविद्यालय । स्थायी बसोबासः कपिलवस्तु ।

३९. अन्जु पाण्डे । उप-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय । कन्सल्टेन्ट, अनमोल भ्यू कम्पनी लिमिटेड । अध्ययनः स्नाकोत्तर, एग्रीकल्चर अफ एनिमल/बनारस हिन्दू विश्वविद्यालय । स्थायी बसोबासः बुटवल ।

४०. राजन पौडेल । उपप्रध्यापक, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको बाली रोग विज्ञानको विभाग, त्रिभुवन विश्वविद्यालय । स्थायी बसोबासः बुटवल ।

४१. विनायक थापा । अध्यापक, आर्टिफिसियल इन्टलिजेन्स, डिग्री अफ कम्प्युटर इन्जिनीयरिङ्ग । अध्ययनः विद्यावारिधि, डेभलप्मेन्ट स्टडी, काठमाडौं विश्वविद्यालय ।

४२. निकेश कुमार लम्साल । परिवर्तनका पाइलाहरूमा आबद्धता । अध्ययनः बि.एल.एल.इ, काठमाडौँ स्कुल अफ ल । स्थायी बसोबासः दाङ ।

४३. बाबुराजा बज्राचार्य । लोन डिर्पाटमेन्ट अफिसर, नेपाल बंगलादेश बैंक । अध्यापक, वाइडर्स कलेज । अध्ययनः स्नातकोत्तर, इन्टरनेशनल ट्रेड, दिल्ली विश्वविद्यालय । स्थायी बसोबासः पाटन, ललितपुर ।

४४. विमल सुवेदी । संस्थापक अध्यक्ष, थिएटर भिलेज अफ नेपाल । प्रोफेसनल आर्ट प्राक्टिसनर, मिडियम थियटर । थिएटर आर्टिस्ट, आर्ट म्यानेजमेन्ट

कोर्स, न्युयोर्क । अध्ययनः स्नातकोत्तर, नेशनल क्लब अफ ड्रामा, नयाँ दिल्ली । स्थायी बसोबासः सर्लाही ।

४५. दीपेन्द्रकुमार भट्ट । व्यवसायी । स्थायी बसोबासः बैतडी ।

४६. योगेश भट्टराई । स्ट्रक्चरल इन्जिनीयर । कन्सल्टेन्ट, फुलवे कन्सल्टेन्सी । अध्ययनः स्ट्रक्चरल इन्जिनीयरिङ् अर्थक्वेक, आइ.आइ.टी रूड्की । स्थायी बसोबासः झापा ।

४७. लोचन रिजाल । म्युजिसिएन । एसिस्टेन्ट प्रोफेसर, डिपार्टमेन्ट काठमाडौं विश्वविद्यालय । स्थायी बसोबासः पाँचथर ।

४८. कैलाशराजमान भण्डारी । निर्देशक, विशाल सिमेन्ट ।

४९. अमित श्रेष्ठ । प्रबन्ध निर्देशक, विशाल सिमेन्ट । अध्ययनः एम.बि.ए. त्रिभुवन विश्वविद्यालय । बसोबास : काठमाडौं ।

५०. आशिष लामिछाने । कन्सल्टेन्ट, कटेज एण्ड स्मल स्किल डेभलेपमेन्ट बोर्ड । अध्ययनः स्नातकोत्तर, वाटर रिसोर्स, आइ.आइ.टी. रूड्की । स्थायी बसोबासः पोखरा ।

५१. पंकज कर्ण । कन्सलटेन्ट अफिसर । अध्ययनः एम.टेक., हाइड्रोलोजी, आइ.आइ.टी रूड्की । स्थायी बसोबासः  विराटनगर ।

५२. रञ्जन भट्टराई । वाटर रिसोर्स इन्जिनीयर, जलविद्युत प्रकोप उत्पन्न व्यवस्थापन क्षेत्र । स्थायी बसोबासः  विराटनगर ।

५३. अजय ठाकुर । प्रोजेक्ट डिजाइनिङ अफिसर, रिभिन्यु एनर्जी । अध्ययनः स्नातकोत्तर, आइ.आइ.टी रूड्की । बसोबास : काठमाडौं ।

५४. सागर श्रेष्ठ । उपप्राध्यापक, काठमाडौं इन्जिनीयरिङ कलेज एवं इन्जिनीयरिङ साइन्स कलेज । अध्ययनः इन्जिनीयरिङ, आइ.आइ.टी रूड्की ।  स्थायी बसोबासः काभ्रे ।

५५. रामचन्द्र शाक्य । व्यवसायी, हिमाल दन्त लजिस्टिक । कच्चा पदार्थ सप्लायर्स, हाइड्रो पावर क्षेत्र तथा विराटनगर जुटमिल । स्थायी बसोबासः दोलखा ।

५६. सन्दीप राना । चेयर पर्सन, अन्तर्राष्ट्रिय विपि चिन्तन प्रतिष्ठान । सल्लाहकार, विराटनगर जुटमिल । राजनीति एवं सामाजिक कार्यमा सक्रिय । अध्ययनः बि.एल.एल.इ, पोलिटिकल साइन्स, दिल्ली विश्वविद्यालय । स्थायी बसोबासः पाल्पा ।

५७. प्रवेश आचार्य । चार्टर एकाउन्टेन्ट । सचिव, नीति अनुसन्धान प्रतिष्ठान, नेपाल । स्थायी बसोबासः अर्घाखाँची ।

५८. विवेक कुमार पण्डित । गोकर्णेश्वर संस्थासँग आबद्धता । अध्ययनः स्नातकोत्तर, हुमन राइटस, आन्ध्र विश्वविद्यालय । एम.फिल, डेभलपमेन्ट स्टडिज, काठमाडौं विश्वविद्यालय । स्थायी बसोबासः लमजुङ ।

५९. खगेन्द्रबहादुर क्षेत्री । पब्लिक हेल्थ सेक्टरमा आइ.एन.जि.ओ.मा कार्यरत । अध्ययनः स्नातकोत्तर, मेनेजमेन्ट, त्रिभुवन विश्वविद्यालय । स्नातकोत्तर, पब्लिक हेल्थ, बंगलादेश । स्थायी बसोबासः रूपन्देही ।

६०. सुभाष थपलिया । सिनियर रिसर्च फेलो, क्राइसिस मेनेजमेन्ट स्टडीज । अध्ययनः एम.बि.ए., पूर्वाञ्चल विश्वविद्यालय । स्नातकोत्तर, क्राइसिस मेनेजमेन्ट, त्रिभुवन विश्वविद्यालय । बसोबास : काठमाडौं ।

६१. प्रतिष्ठा कोइराला । अध्ययनः एम.बि.ए, हैदरावाद । बसोबास : भक्तपुर

६२. चन्द्र विश्वकर्मा । अध्ययनः स्नातकोत्तर, अर्थशास्त्र, आर.आर.कलेज । स्थायी बसोबासः अछाम ।

६३. सृजना बाँस्कोटा । अधिकृत, आर.आर.बि बैंक लि. । अध्ययनः एम.बि.ए., हैदरावाद । बसोबास : काठमाडौं ।

६४. सन्तोष आचार्य । प्रशासन तथा कार्यालय प्रमुख, नीति अनुसन्धान प्रतिष्ठान, नेपाल । अध्ययनः स्नातकोत्तर, समाजशास्त्र र अंग्रेजी, त्रिभुवन विश्वविद्यालय । स्नातक, शिक्षा संकाय, त्रिभुवन विश्वविद्यालय । स्थायी बसोबासः झापा ।

# कार्यक्रमको एक झलक












Youn
PROGRES


Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)
Young Scholars' Summit - Nation First : 2018
Date : 2074 Chaitra, 24 - 26
GOKARNA FOREST
RESORT


Neeti Anu
Young
PROGRES








Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)
Young Scholars' Summit - Nation First : 2018
PROGRES


Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)






nusandhan Pratishthan, Nepal (NeNAP)
Nepal
Shyam Parande
Nalini Gyawali


ndhan Pratishthan, Nepal (NeNAP)
Summit
Shyam Parande
Nalini Gyawali
NeNAP General Secretary


Pratishthan, Nepal (NeNAP)


nthan, Nepal (NeNAP)


Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)
Young
Deepak Kumar Adhikari
Shyam Parande
Nalini Gyawali


Anusandhan
Young




ndhan Pratishthan, Nepal (NeN
Nation First :
- 26
andu - Nepal


Neeti
lars'
Date


Pratishthan, Nepa
Nation First
aitra, 24 - 26
Kathmandu - Nepal


Pratishthan, Nepal (NeNAP)




Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)




Neeti Anusandhan Pratishthan, Nepal
Young Scholars' Summit - Nation First
PROGRES
Date : 2074 Chaitra, 24 -








Young Scholars' Summit - Nation First : 2018
Date : 2074 Chaitra, 24 - 26


Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)
Young Scholars' Summit - Nation First : 2018




Neeti Anusandhan Pratishthan, Nepal (NeNAP)
EXIT